IslamLand

# इस्लाममा नारीको स्थान

## المرأة في ظلال الإسلام

( باللغة النيبالية)

إعداد
فضيلةالدكتور: عبد الرحمن عبد الكريم الشيحة

IslamLand

# इस्लाममा नारीको स्थान

## المرأة في ظلال الإسلام

**( باللغة النيبالية)**

**إعداد**

**فضيلةالدكتور: عبد الرحمن عبد الكريم الشيحة**

लेखक

**अब्दुर्रहमान बिन अबदुल करीम अल शिहः**

**ترجمة**

**الشيخ / عبد الرحيم دسيا راعين**

अनुवादक

अब्दुर्रहीम अबू फहद अल सिराजी

**مراجعة**

**الشيخ / أبوحماد عطاء الرحمن النيبالي**

संशोधक

शैख अबू हम्माद अताउर्रहमान

بسم الله الرحمن الرحيم

**الحمد لله والصلاة والسلام على نبينا محمد وعلى آله وصحبه أجمعين وبعد:**

सम्पूण प्रशंसा अल्लाहको लागि हो र शान्ति होस अल्लाहको नबी मुहम्मद र उहाँका परिवार रसाथीहरूमाथि ।

पवित्र कुर्आनमा अल्लाह तआलाले भन्नुभयोः

[يَا أَيُّهَا النَّاسُ إِنَّا خَلَقْنَاكُم مِّن ذَكَرٍ وَأُنثَى وَجَعَلْنَاكُمْ شُعُوباً وَقَبَائِلَ لِتَعَارَفُوا إِنَّ أَكْرَمَكُمْ عِندَ اللَّهِ أَتْقَاكُمْ إِنَّ اللَّهَ عَلِيمٌ خَبِيرٌ]الحجرات١٣

((हे मानिसहरू!हामीले तिमीहरूलाई एक पुरष तथा एउटी स्त्रीबाट जन्म दिएका छौं र फेरि तिमीहरूलाई जाती तथा वंशहरूमा बाँडिएका छौं, ताकि तिमीहरू एक अर्कालाई पहिचान गरिसकौं । वास्तवमा अल्लाहको दृष्टिमा तिमीहरूमध्ये त्यो मानिस प्रतिष्ठित छ जो अल्लाहबाट अधिकाधिक राख्द छ । निसंदेहः अल्लाह तआलाले सम्पूर्ण कुरालाई जान्ने र थाहाँ पाँउने वाला हुन्)) । **(अल्हुज्रात, श्लोकः १३)**

यो एउटा स्पष्ट गल्ती हो कि जस कुराको इस्लाम धर्मबाट केही सम्बन्ध छैन किन्तु त्यसलाई इस्लामबाट सम्बन्धित कुरा सम्झनु, जस्तो यो कुराको आरोप कि इस्लाम धर्मले महिलालाई केही प्रतिष्ठा र हक हितको अधिकार प्रदान गरेको छैन, जब्कि अल्लाह तआला कुर्आनमा भन्छन्ः

[فَإِن كَرِهْتُمُوهُنَّ فَعَسَى أَن تَكْرَهُوا شَيْئاً وَيَجْعَلَ اللَّهُ فِيهِ خَيْراً كَثِيراً] النساء١٩

((यदि तिमीहरूलाई तिनीहरू प्रिय छैनन् भने हुन सक्छ कि जस वस्तुलाई तिमीहरू अप्रिय गर्दछन् त्यसमा अल्लाह तआलाले धेरै जसो गुणहरू राखेका छन्)) | (अन्निसा, श्लोकः१९)

र कुर्आनको अर्को ठाउँमा अल्लाहको भनाइ छः

[وَمِنْ آيَاتِهِ أَنْ خَلَقَ لَكُم مِّنْ أَنفُسِكُمْ أَزْوَاجاً لِّتَسْكُنُوا إِلَيْهَا وَجَعَلَ بَيْنَكُم مَّوَدَّةً وَرَحْمَةً إِنَّ فِي ذَلِكَ لَآيَاتٍ لِّقَوْمٍ يَتَفَكَّرُونَ] الروم٣٢

((र उनका चिन्हहरूमध्ये यो पनि चिन्ह छ कि उनले स्वंयम तिमीहरूमध्ये तिमीहरूका लागि पत्नीहरू बनाइयो ताकि तिमीहरू तिनीहरूसंग शान्ति प्राप्त गरोस् र तिमीहरूको बिच माँया र दयाँलुता बनाइदिएको छ | निसंदेह, यसमा सोच विचार गर्ने मानिसहरूको लागि धेरै जसो चिन्हहरू छन्)) | (अर्रूम श्लोकः२१)

आज नारी अधिकार, त्यसको स्वतन्त्रता र प्रत्येक मैदानमा पुरुष जस्तै बराबरीको माँग भैरहेको छ, हो यो माँग ती समुदायहरूमा सही छ जस्मा महिलावर्गको लागि न केही अधिकार छ र न केही न्याय बरु रात दिन तिनीहरूमाथि अत्याचार भैरहेको हुन्छ | तर मुस्लिम समुदायमा यस्तो नाराबाजी र हल्ला गर्नु अनुचित छ | किनकि कुर्आन तथा हदसिका सुक्तिहरू प्रमाण छन् कि इस्लाम धर्म आरम्भ भए देखि नै महिला वर्गलाई पूर्ण रूपमा स्वतन्त्रता र अधिकार प्रदान गरेको छ | जसमा अहिले विशेष कुराकानीको आवश्यक्ता छैन अतः यो आश्चर्य र खिन्नतामा पार्ने कुरा हो | हो, मुस्लिम समुदायमा पनि जुन मानिसहरू इस्लामका शिक्षा र नियमहरूलाई पालन गर्दैनन् भने हुन सक्छ कि तिनीहरूले महिला वर्गमाथि अत्यचार गर्दछन् वा तिनका हक र अधिकारलाई अनुचित तरीकाबाट समाप्त गरिदिन्छन् |

*नारी स्वतन्त्रता र त्यसका अधिकारहरू बारे झण्डा उठाउने मानिसहरूका तीन केन्द्रीय मांगहरू छन् जुन यस प्रकार छन्ः*

***१- महिला वर्गको स्वतन्त्रताको माग ।***

***२- महिला र पुरुषमा बराबरी ।***

***३- महिला वर्गका अधिकारहरूको माग ।***

**नारी स्वतन्त्रताको मागः-**

स्वतन्त्रता भनिने शब्द यो चाहन्छ कि त्यहाँ केही वस्तु बधिएको छ जसलाई फुकाल्नुको आवश्यक्ता हो अतः यस शब्दमा धेरै जसो भ्रम र शंका पाइन्छ । किनकि यो आत्मालाई संकेत दिन्छ कि त्यो एउटा दासको बन्धनमा कैद छ जसलाई स्वतन्त्रता दिलाउनु जरुरी छ । स्वतन्त्रता एउटा यस्तो परिभाषिक शब्द हो जस्को स्पष्ट उद्देश्य भने असम्भव छ । अतः मनुष्यको आफ्नो रुचिमा बंदी जस्तो हो । किनभने त्यसको क्षमता र शक्तिहरू सिमित छन् अतः मानवजाति कुनै समाजहरूमा चाहिं त्यो समुन्नत समाजमा रहोस् वा प्रारम्भिक विचार राख्ने समाजमा रहोस् निश्चित रूपले तिनीहरू एउटा नियम, कानून र संबिधानको आधारमा आफ्ना जीवन व्यतित् गर्दछन् त यहाँ प्रश्न यो छ कि के तिनीहरू स्वतन्त्र छैनन्? थाहा हुनु पऱ्यो कि स्वतन्त्रताको लागि एउटा सीमा निश्चित छ यदि तिमीले त्यसलाई उलंघन गर्नु भयो भने निसंदेह जनावरको दर्जामा भैजाने छ जसमा न त केही नियम छ न कुनै प्रकारको संबिधान । **प्रो. हेन्री माकू (एकाड्मिक अमेरकीयन विद्वान र विश्वस्तरीय नारी सम्बन्धमा विशेषज्ञ नायक)** को भनाइ छः ((नारी स्वतन्त्रताको नारा नयाँ विश्व संबिधानमा एक धोका छ, यस्तो कठोर धोका कि अमेरीकन तथा पश्चिमी महिलाहरूलाई बर्बाद गरिदिएको छ)) ।

सत्य कुरा यो हो कि इस्लाम नै त्यो पहिलो धर्म हो जसले नारीलाई त्यो बेला देखि नै समाजमा पूर्ण स्वतन्त्रता प्रदान गरेको छ । त्यस बेलामा तिनीहरूका कुनै कार्य सहायक र बिना उत्तराधिकारी पूर्ण हुंदैनथे । इस्लामले महिलामाथि अंग प्रदर्शन,सँगमिश्रण तथा अश्लीलता जस्तो स्वतन्त्रतालाई बञ्चित गरेको छ र त्यही प्रकारको पाबंदी पुरुष वर्गमाथि पनि छ, इस्लाममा स्वतन्त्रताको अर्थ के छ भने यसलाई नबी मुहम्मद सल्लल्लाहु अलैहे वसल्लमको यो पवित्र हदीस स्पष्ट गर्दछ वहाँले भन्नुभयो:

(( مَثَلُ الْقَائِمِ عَلَى حُدُودِ اللَّهِ وَالْوَاقِعِ فِيهَا كَمَثَلِ قَوْمٍ اسْتَهَمُوا عَلَى سَفِينَةٍ فَأَصَابَ بَعْضُهُمْ أَعْلَاهَا وَبَعْضُهُمْ أَسْفَلَهَا فَكَانَ الَّذِينَ فِي أَسْفَلِهَا إِذَا اسْتَقَوْا مِنْ الْمَاءِ مَرُّوا عَلَى مَنْ فَوْقَهُمْ فَقَالُوا لَوْ أَنَّا خَرَقْنَا فِي نَصِيبِنَا خَرْقًا وَلَمْ نُؤْذِ مَنْ فَوْقَنَا فَإِنْ يَتْرُكُوهُمْ وَمَا أَرَادُوا هَلَكُوا جَمِيعًا وَإِنْ أَخَذُوا عَلَى أَيْدِيهِمْ نَجَوْا وَنَجَوْا جَمِيعًا))

رواه البخاري.

((अल्लाहका नियमहरूलाई पालन् गर्ने र त्यसका उलंघन गर्ने मानिसहरूको उदाहरण त्यो समूह जस्तो छ जुनले डुंगामा चिट्ठा अनुसार आफ्ना अफ्ना ठाँउ प्राप्त गरे अतः एक समूह माथि थर पाए र अर्को समूह तल, अतः तल बस्ने समूह पानी ल्याउनको लागि माथि बारम्बार जाँदाले विचार गर्नु भए कि यदि हामीहरू अफ्नो भागवाला केही ठाँउमा दरार बनाइ दिऔं भने माथि बस्ने मानिसहरूलाई हामीहरूबाट दिक्क पुग्दैन! अतः यदि माथि बस्ने मानिसहरू यिनीहरूलाई यस्तो गर्न दिन्छन् भने डुंगामा बस्ने सबै मानिसहरू घटना ग्रस्त हुनेछन् र यदि यिनीहरूलाई यसबाट मनाही गर्छन् भने संपूर्ण मानिसहरूलाई मुक्ति मिल्ने छ)) । (बुखारी)

## *महिला र पुरुषको बिच बराबरी*

महिला वर्गको लागि पुरुषसँग सम्पूर्ण वस्तुहरूमा पूर्ण बराबरीको माँग राख्नु असम्भव माग छ। किनकि शारीरिक, आत्मिक, बुद्धिमता आदिमा पुरुष र महिलाको बिच प्राकृतिक विभाज स्पष्टछ।

अतः जब एउटै वर्गमा (पुरुष वा नारी वर्ग) आकार-प्रकार हुनको कारण बराबरी असम्भव छ भने वर्ग बेग्लै हुन बेला बराबरीको कुरा बिल्कुलै असंभव हुने छ। अल्लाह तआलाले कुर्आनमा भन्नु भयोः

[وَمِن كُلِّ شَيْءٍ خَلَقْنَا زَوْجَيْنِ لَعَلَّكُمْ تَذَكَّرُونَ] الذاريات٥٩

(र हामीले प्रत्येक वस्तुमा भालेपोथी बनाएका छौं ताकि तिमीहरू यसबाट शिक्षा ग्रहण गरोंस्)। (अज़्-ज़ारियात श्लोक ४९)

((अतः अल्लाह तआलाले जब दुइ वर्गलाई रचना गरे भने ति दुबैमा बेग्लै बेग्लै विवेषता र गुण पनि राखिदिए र ति दुबैलाई एक अर्कोलाई पूर्ण गरिदिनको कारणबश पनि गरिदिए। र जब हामी वर्गमाथि विचार पूर्वक दृष्टि गरौं भने पाउने छौं कि त्यो दुई प्रकारमा बंडिएको छ अतः अनिवार्य हुन्छ कि हामी यो भनौंः कि दुई उद्देश्यको कारणले यो दुई प्रकारमा बंडिएको छ। किनकि यदि उद्देश्य एउटै हुन्थ्यो भने वर्ग पनि एउटै हुन्थ्ये र दुई प्रकारमा बांडनुको आवश्यकता पर्दैनथे। अतः त्यसलाई दुई प्रकारमा बांडनु यो प्रमाणित गर्दछ कि ति दुबैको लागि आफ्नो आफ्नो विशेषता हो र वर्ग ति दुबैलाई एकत्रित गरिदन्छ। यसको उदाहरण यस्तो हो जस्तोः रात र दिन दुई प्रकारका एउटै वर्ग हो र त्यो काल छ र यो प्रकारले चाहेको छ कि रातको उद्देश्य आराम, शान्ति र दिनको उद्देश्य मेह्नत् र प्रयास गर्नु पर्‍यों। पुरुष र महिला यस अनुसार एउटै वर्गका दुई प्रकार हुन्, र त्यो वर्ग मानवजाति हो। अतः

त्यहाँ यस्ता वस्तुहरू हुनु अनिवार्य थियो जुन ति दुबैबाट मानवताको विशेषता चाहन्थे र त्यसपछि मात्र पुरुषबाट शेष विशेषता यसै प्रकार मात्र महिलाबाट शेष विशेषता तसार्थ हामी भन्न सकौं कि ती दुवै एउटै वर्गका दुई किसिम हुन् र वर्ग हुनाले ति दुवै केही उद्देश्यहरूमा सहभागि छन् त प्रकार हुनाले केही उद्देश्यहरूमा विभाजित)) । **(किताब कज़ा व क़दर, लेखकः शैख मुहम्मद मुतवल्ली)** ।

उपरोक्त कुराहरूबाट यो समस्या स्पष्ट भैजान्छ पुरुष तथा महिला वर्गमा ति दुबै बिच प्रत्येक चिजमा बराबरी असम्भव छ र यस बारेमा प्रयास पनि गर्नु व्यर्थ छ किनकि यो प्राकृतिक विशेषतालाई परिवर्तन गरिदिने बारे अनुचित प्रयास छ । यसै प्रकार यसमा महिला वर्गको पनि उलंघन र अपमानिता छ किनभने तिनीलाई अल्लाह तआलाले जो वानी र प्राकृत प्रदान गरेको छ त्योबाट तिनीलाई जबरजस्ति निस्काउन प्रयास छ जस कारण मानव समाजमा के उपद्रव उत्पन्न हुनेछ मानवभाव मानिसहरूको दृष्टिबा लुप्त छैन ।

## *नारी अधिकारहरूको माग*

आम्भदेखि अहिलेसम्म नारी अधिकारहरूको सुरक्षा र तिनीहरूलाई उच्च स्थान दिनको लागि यस्ता कानून वा नियम पाइएको छैन जस प्रकार इस्लाम धर्मले तिनीहरूका अधिकारहरूको घोषणा र सुरक्षा गरेको छ । अतः जस बेला इस्लाम धर्मको सुर्य श्रीमान मुहम्मद सल्लल्लाहु अलैहे वसल्लमको रिसालत (दूतत्व)को एलानबाट उदय भयो र उहाँमाथि ईमान ल्याउने मानिसहरूका आत्मा तथा हृदयहरूमा जो परिवर्तन भयो पुनः तिनीहरू द्वारा सम्पूर्ण मानवजातिमा जो इन्क़ेलाब उत्पन्न भयो मानव इतिहासमा

आश्चर्यनक कुरा थियो । र त्यो परिवर्तन प्रत्येक चिजमा एकदमै तेजीसँग हुन थाल्यो किनकि त्यो मानव प्राकृतिकको ऐनबमोजिम भएको थियो त्यसमा कुनै प्रकारको भ्रष्टता वा गुप्ता र प्राकृतिकको अतिरिक्त थिएन, विशेष गरि महिला वर्गका स्थान तथा अधिकारहरू बारे जुन परिवर्तनहरू संसारमा उत्पन्न भए त्यस बारेमा हामी यहाँ उल्लेख गर्न चाहन्छौं । प्रसिद्ध किताब हज़ारतुल् **(अरब संस्कृत)** का लेखक भन्छन्ः((मात्र यो होइन कि इस्लाम धर्मले नारीको स्थानलाई उच्च गरे बरू यो संसारकोा पहिलो धर्म हो जो यस्तो गरे, यो कुरा हामीहरूलाई सजिलोसँग समझमा आउँछ । जब हामीलाई अन्य धर्महरूको अध्यन गरेपछि थाहा हुन्छ कि इस्लाम बाहेक जति पनि धर्महरू छन् ति सबैले नारी वर्गलाई तिरस्कार तथा अपमान गरेका छन्))।

र उपरोक्त पुस्तकको अर्को ठाउँ पृष्ठ ४९७ मा भनेका छन्ः((पवित्र कुर्आन र त्यसको व्यख्या गर्ने विद्वानहरूले पत्नीका जति अधिाकरहरू उल्लेख गरेका छन् युरेपेली पत्नीहरूका अधकिारहरूबाट कयौं गुन्ना शेष छन्)) ।

महिला वर्गका अधिकारहरूको माग त ति समाजहरूमा अनिवार्य हुन्छ जुनमा महिलाहरूका अधिकारहरू पाइदैनन्, वा पाइन्छन् तर तिनको लागि न केही सिमा छ, र न केही बन्धन तथा नियमहरू । यसैले ति समुदायहरूमा नारी स्वतन्त्रताको  यो नै सारंस छ बिना लाज र बिना रोक टोक मोज मस्ती र इच्छा पूर्ति गर्नु । तर इस्लाम धर्मले नारीसंग न्याय गरेको छ । तथा तिनीहरूका अधिकारहरूको पूर्ण सुरक्षाको जिम्मेवारी लिएको छ । यसो हुनाले तिनीहरू इस्लामको छायामा शान्तिपूर्वक, स्वभाविक र प्राकृतिक जीवन व्यतित गर्न सकिन्छ् ।

## *इस्लाम धर्ममा महिलाहरूका आम अधिकारहरू*

१- पुरुष जस्तै नारीमाथि पनि इस्लामका नियम र संबिधानहरू बिना केही भेद-भाव लागू छन् जस्तोः नमाज़, ज़कात, रोज़ा र हज्ज । तर इस्लामी धर्मशास्त्रले केही विशेष अवस्थामा तिनीहरूको लागि केही छूट पनि दिएको छ जस्तो मासिकधर्म र प्रसूतिको अबधिमा नमाज, रोज़ाको अनिवार्यता भंग भैजानु र पवित्र भएमा छुटिएका रोज़ाहरू पुनः पूरा गर्नु र मासिकधर्म तथा प्रसूतिमा यो छुट तिनीहरूका शारिरीक तथा आत्मिक स्तिथिहरूलाई मद्देनजर गरि राखिएको छ ।

२- पुरुष तथा नारी संसार तथा प्रलोकमा आफ्ना कर्महरूको प्रतिफल पाउनेमा समान छन्, जस्तो कि अल्लाह तआलाले भन्नुभयोः [مَنْ عَمِلَ صَالِحًا مِّن ذَكَرٍ أَوْ أُنثَى وَهُوَ مُؤْمِنٌ فَلَنُحْيِيَنَّهُ حَيَاةً طَيِّبَةً وَلَنَجْزِيَنَّهُمْ أَجْرَهُم بِأَحْسَنِ مَا كَانُواْ يَعْمَلُونَ]النحل٩٨

(( जो पनि मानिस सद्कर्म गर्ने छ, चाहिं त्यो पुरुष हो वा स्त्री, शर्त यो छ कि त्यो अल्लाहमाथि ईमान ल्याएका होस् हामी त्यसलाई संसारमा पवित्र जीवन व्यतित् गराइदिने छौं र प्रलोकमा तिनीहरूको लागि तिनीहरूका सद्कर्महरू अनुसार प्रतिफल प्रदान गर्ने छौं)) । (अन्नहल् श्लोक९७)

३- मानवजाति हुनुमा पुरुष र स्त्री समान छन्, स्त्री पापको स्तंभ छैन र न त ति हज़रत आदम अलैहिस्सलामलाई स्वंगबाट निस्काउनको कारण छिन् र न त पुरुषभन्दा तुच्छ वर्गमा छिन् जस्तो कि साबिक धर्महरूका विद्वानहरूको भनाइ छ ।

महिला तथा पुरुषको बारेमा कुर्आनमा अल्लाह तआलाले भन्नुभयोः

[يَا أَيُّهَا النَّاسُ اتَّقُواْ رَبَّكُمُ الَّذِي خَلَقَكُم مِّن نَّفْسٍ وَاحِدَةٍ وَخَلَقَ مِنْهَا زَوْجَهَا وَبَثَّ مِنْهُمَا رِجَالاً كَثِيراً وَنِسَاء وَاتَّقُواْ اللّهَ الَّذِي تَسَاءلُونَ بِهِ وَالأَرْحَامَ إِنَّ اللّهَ كَانَ عَلَيْكُمْ رَقِيباً] النساء ٢

(( हे मानिसहरू, आफ्नो प्रभुबाट भय गर्नुहोस्,जसले तिमीहरूलाई एक आदमबाट पैदा गर्नु भयो फेरि आदमबाट नै त्यसकी स्वास्नीलाई सृष्टि गऱ्यो र ती दुबैवाट धेरै जसो पुरुष तथा महिलाहरूलाई संसारमा फैंलाइ दिए। तिमीहरू उस अल्लाहबाट भय गरौ जसलाई मध्यता बनाएर तिमीहरू एक अर्काबाट आफ्ना अधिकारहरू माग गर्दछन् र नातागोताका सम्बन्धहरूलाई न बिगार्नु होला, र तिमीहरू विश्वास गर कि अल्लाह तआला तिम्रा निरीक्षक हुन्)) । **(अन्निसा, श्लोक : १)**

उपरोक्त श्लोकमा अल्लाह तआलाले स्पष्ट गरेको छ कि उसले पुरुष र महिलालाई एउटै पदार्थबाट बनाएको छ र ति दुवैमा केही भेद-भाव छैन र योग्यतमा पनि ति दुवै बिच केही विभाद छैन । यस दृष्टिकोण र कार्यबाट इस्लाम धर्मले ति शोसकहरूबाट महिला वर्गहरूलाई मुक्ति दिलाउनु भयो जुनमा महिलाहरूलाई तुच्छ जाति सम्झे र धेरै अत्याचार भैरहेको थिए र समाजमा तिनीहरूका लागि कुनै प्रकारका हक र अधिकारहरू थिएनन् ।

हाम्रा नबी श्रीमान मुहम्मद सल्लल्लाहु अलैहे वसल्लम भन्दछन्: ((إنما النساء شقائق الرجال)) أبوداود ((महिला वर्ग पुरुषहरूको आफ्नी बहिनीहरू जस्ता छिन्)) । **(अबू दाऊद)**

४- सम्मन र प्रतिष्ठालाई सुरक्षित राख्नुमा पुरुष तथा महिला समान छन् अतः इस्लामी धर्मशास्त्रले माहिलामाथि झूठो आरोप लगाउने मानिसमाथि सजाय तोकिएको छ । जस्तो कि अल्लाह तआलाले कुर्आनमा भन्नुभयो:

[وَالَّذِينَ يَرْمُونَ الْمُحْصَنَاتِ ثُمَّ لَمْ يَأْتُوا بِأَرْبَعَةِ شُهَدَاء فَاجْلِدُوهُمْ ثَمَانِينَ جَلْدَةً وَلَا تَقْبَلُوا لَهُمْ شَهَادَةً أَبَداً وَأُوْلَئِكَ هُمُ الْفَاسِقُونَ]النور٥

(( र जुन मानिसहरू सतवन्ती महिलाहरूमाथि व्यभिचारको आरोप लगाउँदछन् यदि चार वटा साक्षकहरूलाई पेश गर्नसकेनन् भने तिनीहरूलाई अस्सी सोंटा हान्नु होस् र तिनीहरूको गवाही कहिल्यै पनि स्वीकार न गर्नु होला, र तिनीहरू फासिक भैसकेका छन्)) | **(अन्नूर, श्लोकः४)**

५- धन सम्पत्तीमा उत्तराधिकारी हुनुमा महिला तथा पुरुष समान छन् | अल्लाह तआको भनाइ छः

[لِّلرِّجَالِ نَصيِبٌ مِّمَّا تَرَكَ الْوَالِدَانِ وَالأَقْرَبُونَ وَلِلنِّسَاء نَصِيبٌ مِّمَّا تَرَكَ الْوَالِدَانِ وَالأَقْرَبُونَ مِمَّا قَلَّ مِنْهُ أَوْ كَثُرَ نَصِيباً مَّفْرُوضاً] النساء٨

(( पुरुषहरूको लागि त्यो धनमा अंश छ जसलाई बुआ, आमा र नातेदारहरूले छोडेका छन्,र महिलाहरूको लागि त्यो धनमा अंश छ जसलाई बुआ-आमा र नातेदारहरूले छोडेका छन्, थोरै होस् वा ज्यादा, अंश अल्लाहको तर्फबाट तोकाइएको छ)) | **(अन्निसा, श्लोकः७)**

अतःइस्लाम धर्मले स्त्री वर्गलाई धन सम्पतिमा उत्तराधिकारी ठहराएको छ जब्कि इस्लामभन्दा अघि तिनीहरू त्योबाट निराश थिइन्,बरू जनावर तथा धनहरू जस्तै तिनीहरू पनि फांट बखा हुँदाथिइन् | अल्लाह तआलाको भनाइ छः

[يَا أَيُّهَا الَّذِينَ آمَنُواْ لاَ يَحِلُّ لَكُمْ أَن تَرِثُواْ النِّسَاء كَرْهاً وَلاَ تَعْضُلُوهُنَّ لِتَذْهَبُواْ بِبَعْضِ مَا آتَيْتُمُوهُنَّ] النساء١٩

(( हे अल्लाहमाथि विश्वास राखेका मानिसहरू! तिमीहरूको लागि यो वैध छैन कि जबरजस्ती तिमीहरू स्त्रीहरूका उत्तराधिकारी भैजाउन् र यो पनि वैध छैन कि तिनीहरूलाई दुःख पुऱ्याएर महरको केही अंशलाई उडाइ लिनको चाहना गर ))| **(अन्निसा,श्लोक :१९)**

हजरत उमर बिन खत्ताब रज़ियल्लाहु अन्हु भन्छन् :

(( وَاللَّهِ إِنْ كُنَّا فِي الْجَاهِلِيَّةِ مَا نَعُدُّ لِلنِّسَاءِ أَمْرًا حَتَّى أَنْزَلَ اللَّهُ تَعَالَى فِيهِنَّ مَا أَنْزَلَ وَقَسَمَ لَهُنَّ مَا قَسَمَ )) رواه مسلم.

(( अल्लाहको कसम, जाहेलीयत कालमा हामीहरू महिलालाई केही अंश दिंदैनथे, यहाँसम्म कि अल्लाह तआलाले तिनीहरूको लागि कुरआनमा श्लोकहरू अवतरण गर्नुभयो तथा तिनीहरूको लागि धन सम्पतिमा अंशहरू उल्लेख गर्नुभयो)) | **(सही मुस्लिम)**

६- इस्लामी नियम र संबिधानको सिमा भित्र बस्दै खरीद बिक्री, खर्च बर्च तथा पूंजी वा मालका अधिकारी हुनेमा महिला तथा पुरुषमा केही भेद-भाव छैन | अल्लाह तआला भन्छन्:

[يَا أَيُّهَا الَّذِينَ آمَنُواْ أَنفِقُواْ مِن طَيِّبَاتِ مَا كَسَبْتُمْ] البقرة٣٧٨

((हे अल्लाहमाथि ईमान ल्याएका मानिसहरू! तिमीहरू जो धन उचित तरीकाले कमाएका छन् त्योबाट केही अंश अल्लाहको मार्गमा खर्चा गरौ)) | **(अल् बक़रा, श्लोक:२६७)**

र कुर्आनको अर्को धाउँमा अल्लाहको भनाइ छः

[وَالْمُتَصَدِّقِينَ وَالْمُتَصَدِّقَاتِ وَالصَّائِمِينَ وَالصَّائِمَاتِ وَالْحَافِظِينَ فُرُوجَهُمْ وَالْحَافِظَاتِ وَالذَّاكِرِينَ اللَّهَ كَثِيراً وَالذَّاكِرَاتِ أَعَدَّ اللَّهُ لَهُم مَّغْفِرَةً وَأَجْراً عَظِيماً] الأحزاب٤٦

(( निसंदेह, जो पुरुष र जो महिला दानी छन्, व्रत बस्ने वाला छन् आफ्ना गुप्तांगहरूलाई सुरक्षित राख्ने वाला छन् र

अल्लाहलाई अधिकाधिक स्मरण गर्ने वाला छन्, अल्लाह तआलाले तिनीहरूको लागि क्षमादान र ठूलो प्रतिफल तयार पारेको छ)) । **(अल् अहज़ाब, श्लोकः३५)**

७- महिलासँग उत्तम व्यवहार गर्ने मानिसलाई इस्लाम धर्मले वेश पूर्ण व्यक्ति मानेको छ । जस्तो कि नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

(( أَكْمَلُ الْمُؤْمِنِينَ إِيمَانًا أَحْسَنُهُمْ خُلُقًا وَخِيَارُكُمْ خِيَارُكُمْ لِنِسَائِهِمْ خُلُقًا)) رواه الترمذي

((पूर्ण ईमान वाला त्यो मानिस हो जसको व्यवहार अति वेश हुन्छ । र तिमीहरूमध्ये त्यो मानिस उत्तम छ जसको व्यवहार आफ्नी स्वास्नीहरूसँग उत्तम होस्)) । **(इब्ने हिब्बान)**

८- इस्लामले महिला वर्गमाथि ज्ञान प्राप्त गर्नु त्यस्तै अनिवार्य गरेको छ जस्तो कि पुरुष वर्गमाथि अनिवार्य गरेको छ । नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नु भयो :

(( طَلَبُ الْعِلْمِ فَرِيضَةٌ عَلَى كُلِّ مُسْلِمٍ )) ابن ماجه

((ज्ञान प्राप्त गर्नु प्रत्येक मुसलमानमाथि अनविार्य छ)) । **(इब्ने माजा)**

र सम्पूर्ण मुस्लिम विद्वानहरू यस कुरामाथि सहमत् छन् कि मुस्लिम शब्द पुरुष तथा स्त्रीलाई सामेल राख्दछ ।

९- बाल बच्चाहरूलाई राम्रैसँग पालन पोषण गर्नु तथा तिनीहरूलाई शिक्षाहरू दिनुमा महिला तथा पुरुष समान छन् अतः ति दुबैलाई अधिकार प्राप्त छ कि आफ्ना सन्तानहरूलाई रेख देख तथा तिनीहरूलाई वेश लाभदायक शिक्षा दियोस बरू इस्लाम धर्मले त यस कार्यलाई स्वर्गमा प्रवेश हुनको कारण बताएको छ, जस्तो कि नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नु भयो :

((مَنْ عَالَ ثَلَاثَ بَنَاتٍ فَأَدَّبَهُنَّ وَزَوَّجَهُنَّ وَأَحْسَنَ إِلَيْهِنَّ فَلَهُ الْجَنَّةُ)) رواه أبو داود

((जसले तीन केटीहरूलाई पालन पोषण गर्नुभयो अतः तिनीहरूलाई वेश शिक्षा पनि दिएर तिनीहरूलाई विवाह गरिदिए अतः त्यसको लागि स्वर्ग छ)) । **(अबूदाउद)**

१0- समाज सुधारको लागि पुरुष जस्तै महिला पनि अनिवार्य रूपले जिम्मेवार छ, जस्तो कि अल्लाह तआलाले कुर्आनमा भन्नुभयो :

[وَالْمُؤْمِنُونَ وَالْمُؤْمِنَاتُ بَعْضُهُمْ أَوْلِيَاء بَعْضٍ يَأْمُرُونَ بِالْمَعْرُوفِ وَيَنْهَوْنَ عَنِ الْمُنكَرِ وَيُقِيمُونَ الصَّلاَةَ وَيُؤْتُونَ الزَّكَاةَ وَيُطِيعُونَ اللّهَ وَرَسُولَهُ أُوْلَـئِكَ سَيَرْحَمُهُمُ اللّهُ إِنَّ اللّهَ عَزِيزٌ حَكِيمٌ]التوبة ٧١

((ईमान वाला पुरुषहरू तथा ईमान वाली महिलाहरू, तिनीहरू सबै एक अर्काका संगी छन्,भलाईको आदेश दिनछन् र बुराईबाट मनाही गर्छन्, नमाज़को आयोजना गर्छन्, ज़कात दिन्छन् र अल्लाह तथा उनका रसूलको आज्ञा पालन गर्छन् यिनीहरू ति खालका मानिसहरू छन् जुनमाथि अल्लाहको दयालुता अवश्य अवतरण हुने छ, निसंदेह अल्लाह तत्वदर्शी र सर्वज्ञ छन्)) । **(अत्तौबा, श्लोकः ७१)**

११- कसैलाई शरण दिनमा महिला तथा परुष समान छन्, जस्तो कि अल्लाह तआलाले भन्नुभयोः

[وَإِنْ أَحَدٌ مِّنَ الْمُشْرِكِينَ اسْتَجَارَكَ فَأَجِرْهُ حَتَّى يَسْمَعَ كَلاَمَ اللّهِ ثُمَّ أَبْلِغْهُ مَأْمَنَهُ ذَلِكَ بِأَنَّهُمْ قَوْمٌ لاَّ يَعْلَمُونَ] التوبة٦

(( र यदि बहुदेववादीहरूमध्ये कोही व्यक्ति शरण मागेर तिमीहरूनिकट आउन चाहन्छ भने तिमी त्यसलाई शरण देऊ ताकि त्यो अल्लाहको वाणी सुनी लिओस् । पुनः तिमी त्यसलाई

सुरक्षित स्थानसम्म पुऱ्याइ देउ । यस्तो यसले गर्नु पर्छ कि तिनीहरूलाई ज्ञान छैन )) । ( अत्तौबः, श्लोकः ६ )

र नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

((...وذِمَّةُ الْمُسْلِمِينَ وَاحِدَةٌ يَسْعَى بِهَا أَدْنَاهُمْ فَمَنْ أَخْفَرَ مُسْلِمًا فَعَلَيْهِ لَعْنَةُ اللَّهِ وَالْمَلَائِكَةِ وَالنَّاسِ أَجْمَعِينَ لَا يُقْبَلُ مِنْهُ صَرْفٌ وَلَا عَدْلٌ...)) رواه البخاري

(( मुसलमानको शरण एउटै छ कोही पनि मुसलमान कसैलाई शरण दिनसक्छ अतः जस्ले मुसलमानको कर्तब्यपालनलाई उल्लंघन गऱ्यो भने त्योमाथि अललाह,उनका देवदूतहरू तथा सम्पूर्ण मुसलमानको तर्फबाट धिक्कार छ र त्योबाट केही अर्थः दण्ड तथा सिफारिस आदि पनि स्वीकार हुने छैन )) । ( बुखारी )

शरण दिनको अधिकार जस्तो पुरुषलाई प्राप्त छ त्यसतै महिलालाई पनि प्राप्त छ यस सम्बन्धमा इस्लामी इतिहासमा धेरै जसो घट्नाहरू सिद्ध छन् तर उदाहरणतःएउटा मनोरञ्जक घट्ना उल्लेख गर्दछु जो यस प्रकार छ ((श्रमती उम्मे हानी बिन्ते अबू तालिब भन्दछिन्ः कि मक्कामाथि बिजय प्राप्तीको साल म नबी सल्लल्लाहु अलैहे वसल्लम तिर जानु भइन् अतः मैले उहाँलाई स्नान गर्दा पाइन् उहाँकी छोरी फातेमा उहाँमाथि लुगाबाट प्रदा हालेका थिइन् अतः मैले उहाँलाई सलाम गरें, अतः उहाँले सोधे त्यो को हो ? मैले भने म उम्मे हानी बिन्ते अबी तालिब छुं, अतः उहाँले उत्तर दिए स्वागत छ उम्मे हानीलाई । उहाँले स्नान गरेपछि एउटै लुगामा लिप्टिए आठ रकात नमाज़ पढनु भए, जब उहाँको नमाज़ सक्यो भने मैले अनुरोध गरें हे अल्लाहका संदेष्टा ! मेरो काकाको छोरा त्यो मानिसलाई हत्या गर्न चाहन्छ जसलाई मैले शरण दिएको छुं, अतः नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नु भ

योः हे उम्मे हानी जसलाई तिमीले शरण दिएका छिन् त्योमाथि मेरो पनि शरण छ )) | (बुखारी)

इस्लाम धर्ममा नारीको के स्थान छ भने योबाट पनि थाहा लगाउन सक्छ कि त्यो पुरुष जस्तै कसैलाई शरण र सहयोग दिन सक्छिन् | नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयो :

((إِنَّ الْمَرْأَةَ لَتَأْخُذُ لِلْقَوْمِ يَعْنِي تُجِيرُ عَلَى الْمُسْلِمِينَ)) رواه الترمذي

((महिलालाई मुस्लिम समुदायमा अन्य समुदायको मानिसलाई शरण दिने अधिकार छ)) | (त्रिमिज़ी)

तर त्यहाँ केही यस्ता कुराहरू पनि छन् जुनमा इस्लाम धर्मले मात्र पुरुषहरूलाई खास राखेको छ र तिनी कुराहरूमा पुरुष तथा महिलाहरू इस्लामको दृष्टिकोणमा समान छैनन् ति कुराहरूलाई यदि अल्लाहले चाँहे अगाडी यो पुस्तकमा यस्को विशेष ठाउँमा उल्लेख गर्न प्रयास गर्नै छु |

र इस्लामभन्दा अघि नारीको स्थान के थियो भने त्यसलाई यहाँ उल्लेख गर्नु सन्तुलित सम्झन्छु ताकि यो कुरा स्पष्ट भैहालोस् कि इस्लाम धर्ममा महिला वर्गको कति ठूलो श्रेणी र स्थान छ |

## *विभिन्न कालमा महिला वर्गका स्तिथिहरू*

### १- माहिलाको स्तिथि जाहेलिय्यत कालमा

इस्लामभन्दा अघि जाहेलिय्यत अर्थात अज्ञनता कालमा महिला बैमानी, उत्पिडन र अत्याचारको शिकार हुँदाथिइन् मानिसहरू त्यसलाई एउटा तुच्छ वस्तु सम्झथे त्यसाका अंश तथा सम्पत्तिहरूलाई उसकी परिवारका मानिसहरू खाइहाल्थे त्यसको लागि सम्पत्तिमा केही पनि अंश निश्चित थिएन किनभने ती मानिसहरूको विचार अनुसार धनमा अंशको अधिकार त्यो

मानिसलाई हुन्थ्यो जो शत्रुहरूबाट युद्ध गर्छ । पतिको मृत्युपछि विधुवा महिला धन सम्पत्ति जस्तै फाँट् बखा हुँदाथिन् यदि त्यसको पतिलाई त्यो बाहेक अन्य स्वास्नीबाट केटाहरू हुन्थे भने उसको ठूलो केटा आफ्नो बुबाकी स्वास्नीमाथि ज्यादै अधिकार राख्दथे र त्यसलाई कुमारी बनाएर राख्दथे तथा त्यो विधुवा मुक्त हुनको सट्टामा विशेष धन दिएर दासनीको जन्जीरबाट मुक्त हुनेसक्थिन् । यसै प्रकार एक वा दुइ तलाक् पाइएकी महिलालाई राज़ी खूशी भइएमा पनि त्यसको पतिकहाँ जानुबाट मनाही गर्दथे । पुरुष आफ्नो इच्छा अनुसार जति पनि महिलासँग विवाह गर्न चाहन्थे विवाह गर्दथे र महिलालाई आफ्नो लागि लोग्ने रोजनको पनि केही अधिकार थिएन र न स्वास्नीलाई लोग्नेमाथि कुनै प्रकारको अधिकार थियो र त्यहाँ केही यस्तो नियम पनि थिएन जो पुरुषलाई महिलामाथि अत्याचार गर्नुबाट रोक्का लगाउन सकोस् । जाहेलिय्यत कालमा अरब वासीहरू केटी जन्मनुलाई स्वागत गर्दा थिएनन् बरू त्योबाट न राम्रो शकुन लिइन्थे र त्योलाई उपद्र तथा आपत्ति सम्झनु हुन्थे र जब कसैको घरमा छोरीको जन्म हुन्थ्यो भने त्योलाई दुःख र शोक हुन्थे । तिनीहरूको दृष्टिमा केटी प्रति भावना यति अप्रिय भैसकेको थियो कि जिवित छोरीलाई गाँडनु तिनीहरूमा आम प्रचलित भैसकेको थियो । केही अरबी बंशहरूमा जिवित छोरीलाई गाडनको कारण परिवारिक समस्या अनुसार विभिन्न थियो अतः केही बंश लज्जाको कारण छोरीलाई जिवित गाडिन्थे त कोही कुनै शारीरिक ऐबको कारणले । अल्लाह तअलाले पवित्र कुरआनमा तिनीहरूका त्यो स्तिथिलाई यस प्रकार उल्लेख गर्नुभएको छ :

[وَإِذَا بُشِّرَ أَحَدُهُمْ بِالأُنْثَى ظَلَّ وَجْهُهُ مُسْوَدّاً وَهُوَ كَظِيمٌ يَتَوَارَى مِنَ الْقَوْمِ مِن سُوءِ مَا بُشِّرَ بِهِ أَيُمْسِكُهُ عَلَى هُونٍ أَمْ يَدُسُّهُ فِي التُّرَابِ أَلاَ سَاء مَا يَحْكُمُونَ]النحل٦٩–٦٩

(( जब तिनीहरूमध्ये कसैलाई केटीको जन्म हुने बारे शुभ सूचना दिइन्थ्यो त्यसको अनुहार कालो र त्यो अति नै क्रोध भैजान्थे । मानिसहरूबाट छोप्नु हुन्थे कि अहिले यस अशुभ सूचनापछि त्यो आफ्नो अनुहार कसैलाई कसरी देखाउन सक्छ । सोच्नु हुन्थे कि वा त अपमानपूर्वक केटीको कारण जिवित रहनु पऱ्यो वा त्यसलाई माटो भित्र जिवित गाड दिनु पऱ्यो ? हेर कस्तो न राम्रो निर्णय अल्लाह प्रति तिनीहरू गरिरहेका छन्)) । **(अन्नहल, श्लोकः५८-५९)**

र केही बंश कंगालीको कारण छोरीला जिवित माटो भित्र छोपाई दिन्थे, कुर्आनमा अल्लाह तआलाको भनाइ छः

[وَلاَ تَقْتُلُواْ أَوْلادَكُمْ خَشْيَةَ إِمْلاقٍ نَّحْنُ نَرْزُقُهُمْ وَإِيَّاكُم إنَّ قَتْلَهُمْ كَانَ خِطْءاً كَبِيراً]

الإسراء٤٢

((आफ्ना सन्तानहरूलाई निर्धन्ताको भयबाट हत्या नगरौ । हामी तिनीहरूलाई र तिमीहरूलाई पनि आहार दिने छौं । वास्तवमा तिनीहरूको हत्या एउटा ठूलो पाप र गल्ती हो)) । **(अल् इस्रा, श्लोकः३१)**

नारी वर्ग प्राकृतिक अधिकारहरूबाट पनि निरास थिए अतः केही खाना मात्र पुरुषको लागि खास थिए र स्त्रीको लागि अवैध । अल्लह तअलाले भन्नु भयोः

[وَقَالُواْ مَا فِي بُطُونِ هَـذِهِ الأَنْعَامِ خَالِصَةٌ لِّذُكُورِنَا وَمُحَرَّمٌ عَلَى أَزْوَاجِنَا وَإِن يَكُن مَّيْتَةً فَهُمْ فِيهِ شُرَكَاء سَيَجْزِيهِمْ وَصْفَهُمْ إِنَّهُ حكِيمٌ عَلِيمٌ] الأنعام٢٤٩

((र भन्दछन् कि हाम्रा जनावरहरूको भुरीमा जो केही छ त्यो हाम्रा पुरुषहरूको लागि खास छ र हाम्री स्त्रीहरूमाथि वर्जित छ)) ।
**(अल् अन्आम, श्लोकः१३९)**

माहिलाको लागि यस्तो केही पनि चिज थिएन जसमाथि गौरव गरिसक्योस् मात्र त्यसको प्रतिष्ठा र सम्मनताको रक्षा पुरुष वर्गमाथिथिए ।

## *नारीको स्तिथि प्राचीन हिन्दु समुदायमा*

वेद जो हिन्दु समुदायको एउटा महत्वपूर्ण पवित्र ग्रन्थ र ब्रह्मण धर्मको मूल स्तंभ हो त्यसमा नारी सम्बन्ध यो उल्लेख छ : ((ब्रह्मण शास्त्र पुरुष र महिला बिच मानव प्रतिष्ठा तथा सम्पूर्ण अधिकारहरूमा विाभाजन गर्दछ, अतः महिलालाई समाजिक क्षमताको विपरित सम्झेको छ र पूरै जिवन त्यसलाई पुरुषको नियन्त्रणमा राखेको छ जस्तो कि त्यसमाथि मानवीय संविधानहरू प्रमाणित छन् अतः त्यो उल्लेख गर्छ कि महिलालाई यो अधिकार छैन कि त्यो आफ्नो जीवनको कुनै श्रेणीमा आफ्नो चाहना अनुसार केही कार्य गरोस् चाँही यहाँ सम्म कि त्यो घर भित्रैको कार्य किन नहोस् । अतः त्यो बचपनाको कालमा आफ्नो बुबाको नियन्त्रण बस्ने छ र युवती कालमा आफ्नो श्रीमानको नियन्त्रणमा र यदि पति मृत्यु भयो भने आफ्ना काकाहरूको नियन्त्रणमा र यदि काकाहरू छैनन् भने शासकको नियन्त्रणमा बस्ने छ किनभने महिलालाई जिवनको कुनै पनि श्रेणीमा स्वतन्त्रताको अधिाकर छैन । हिन्दु समुदायमा महिलाको स्थान दासी जस्तो थियो आफ्नो लोग्नेको नियन्त्रणमा बसि त्यसलाई आफ्नो लागि कुनै अधिकार थिएन बरू कहिलेकहिं त्यसलाई जुवामा हार्नु हुन्थ्यो)) **।(मुस्लिम समुदायलाई दुर्वल भएपछि संसारलाई कति हानी पुग्यो, लेखकः अबूल् हसन नदवी)** ।

पतिको मृत्यु भएपछि विधुवालाई पुनःविवाह गर्नको अधिकार थिएन बरू त्यसलाई पतिको चितामा जलेर कोइला हुनु अनिवार्य थियो । हिन्दुको एउटा धार्मिक पुस्तकमा उल्लेख छ, ((कि यो राम्रै हुने छ कि विधुवा महिला आफ्नो पतिको चितामा स्वयंलाई हालेर जलाइदियोस् अतः परम्परा थियो कि जब तिनीहरू मृतकलाई चितामा हालि दिन्थे भने विधुवा लुगा र श्रिंगार लगाएर अगाडी बढ्थिन् अतः पण्डित त्यसका पूरै जेवर तथा श्रिंगार लिएर विधुवाका नातेदार तथा परिवारहरूमा बांड दिन्थे फेरि त्यसका चोटीहरू फुकाल दिन्थे र पण्डित विधुवालाई आफ्नो दाँया हातमा समाति तीन चोटि चिताको परिक्रमा गराउंथे फेरि त्यो चितामाथि चढिन्थे अतः मृतकका परिवारहरूमध्ये कोही मानिस विधुवाको निधार तिर शंकेत गर्थे र जसको अर्थ यो हुन्थे कि विधुवा आफ्नो मृतक पतिको सामुन्ने आत्मसमपर्ण गरिदिएको छ पुनः घुमेर महिला आफ्नो पतिको टाउकोनिकट बसेर आफ्नो दायाँ हात त्योमाथि राखिन्थे तब  चितामा आगो लगाएर मृतकसँगैजीवित विधुवालाई पनि जलाई दिन्थे र आस्था यो राख्नु हुन्थे कि अब त्यो आकाशमा संचैसंग ३५ मिलयन सालसम्म बस्ने छिन् र त्यसले स्वयमलाई जलाएर आफ्ना बुआ, आमा र पतिका परिवारहरूका पापहरूको क्षमाको माध्यम भइसकिन् र त्यो पवित्र र सत्ती महिला भइसकिन् । हिन्दु समुदायमा यो संस्कार यति महत्व मानिएको थियो कि ईस्वी संबत १८१५ देखि१८२५सम्म यानी दस वर्षको अबधिमा६000महिलाहरूलाई जालइ दिए । सत्रहवीं सताब्दी ईस्वीसम्म यो रीत हिन्दुहरूमा पाइन्थ्यो यहांसम्म कि बुद्धीमान हिन्दुहरूले बिहिष्कार गर्दै त्यो रवाजलाई हिन्दु समाजबाट समाप्त गरिदिए ।

र उस कालमा हिन्दु समुदायमा महिला वर्ग कति अपमानजनक स्तिथिमा थिए त्यसको अनुमान त्यो सुक्तिबाट लगाउन सकिन्छ जो हिन्दु धर्मशास्त्रमा उल्लेख छः कि अभाग्य, तूफान. मृत्यु, नर्क, जहर. सर्प, आगो आदि महिलाभन्दा खराप छैनन् ।

***प्राचीन चिनियाँ समुदायमा महिलाको स्तिथि***

पुरानो चिनियाँ समुदायमा माहिला वर्गको स्तिथि कस्तो थ्यो त्यस बारेमा किस्सतुल् हदारः(संस्कृति कथा)का लेखक भन्दछन्ः महिला वर्ग पुरुषको नियन्त्रणमा उसको आज्ञापालन गरि आफ्नो जिवन बिताउँदाथिन् । र समाजिक तथा आर्थिक अधिकारबाट निराशा थिन् त्यो आफ्नो कुनै कुरा तथा कार्यको केही अधिकार राख्दैनथिन् बरू पुरुष सम्पूर्ण कार्यहरूमा त्यसको रक्षक हुन्थ्यो । यसै प्रकार शिक्षा तथा ज्ञान प्राप्तको पनि महिला वर्गलाई अनुमति प्राप्त थिएन । तिमाथि घरै भित्र कैद भएर बस्नु तथा सिलाई अनि सेवा गर्ने अन्य कार्यहरू सिक्नु अनिवार्य थियो, र पन्ध्र सालको उमेर पुगेमा त्योमाथि आफ्नो कपाललाई कटाउनु अनिवार्य थियो र बिस सालको उमेर भएमा विवाह हुन्थ्यो र दुल्हाको चुनाव दलालको मध्यतामा त्यसको बुबा गर्दथे । **(चीनमा महिलाको स्तिथि, भाग ३ लेखक, w. Durant)** छोरीको जन्म हुनेमा बुरो शकुन लिइन्थ्यो संस्कृति कथाको लेखक w. Durant भन्छन्ः बुबाहरू आफना उपासनाहरूमा छोराहरू पाउन बारे प्रार्थाना गर्दथे । केटाहरू न जन्मिएमा आमाहरूमाथि सदैव अपमान तथा अत्यचार गर्दथे किनभने छोराहरू ज्यादै शक्तिमान छन् छोरीहरूको अतिरिक्त खेति बारी तथा युद्धको मैदानमा र केटीहरू आफना बुबाहरूको लागि एउटा बोझिलो बोझ जस्ता हुन्थिइन् किनभने तिनीहरूको पालन-पोषण गरेपछि लोग्ने मानिसहरूका

घरहरूमा पठाउनु पर्छ । छोरीहरूको हत्या गर्ने बानी पनि पाइन्थे अतः जब अनुमान भन्दा बढी कसैको घरमा छोरीको जन्म भैजान्थे भने त्यसलाई लिएर जंगल वा खेतमा छोड्दिन्थे ताकि जनावर अदि त्यसलाई च्यात देऊ ।

पुरानो चिनियाँ कथा छः कि हे लोग्ने मानिस तिमी आफ्नी स्वास्नीको कुरा सुन तर त्यसलाई साँचो न सम्झ ।

## *प्राचीन रोमन समुदायमा महिला वर्गको स्तिथिः*

संस्कृति कथाको लेखक w. Durant भन्छन्ः रोमन समुदायमा बच्चीलाई जन्मनु अप्रियकुरा सम्झिन्थ्यो बरू प्रचलित चलन थियो कि बुबालाई अनुमति छ यदि त्यसको घरमा अवगुणी बच्चा वा बच्ची जन्म हुओस् भने त्यसलाई हत्या गरिदिनु पर्छ, र तिनीहरू धेरै अभिलाषित रहन्थे कि केटाहरूको जन्म अधिकारीक हुओस् ।

निसंदे रोमन सुमादयमा महिला वर्ग अत्याचारको भुमरीमा जली रहेका थिइन्, तिनीहरू आफना लागि केही अधिकार राख्दैनथे पुरुष जुन दिशा चाहन्थे तिनीलाई घुमाइन्थे, सम्पूर्ण अधिकार तथा शक्ति पुरुषकै हातमा थिए, त्यसलाई परिवारका सबै जनाहरूमाथि अधिकार हुन्थे उसलाई सामर्थ्य प्राप्त थियो त्यो आफ्नी स्वास्नी र बहारीहरूलाई केही शंका वा अरोपमा हत्या गर्न सक्छ । **(संस्कृति कथा भाग ९ पृष्ठ ११८)**

महिलाको काम मात्र सुन्नु र आज्ञापालन गर्नु थियो अवाज्ञा तथा माग राख्नेको अधिकार थिएन, धन सम्पतिमा उत्तराधिकारी हुँदैन्थे किनभने धनको उत्तराधिकारी ठूलो केटा हुन्थ्यो । पुरुषलाई यो पनि सामर्थ्य प्राप्त थियो कि त्यो जसलाई चाहे आफ्नो वंशमा सामेल गरिलिओस् चाहिं त्यो बाहिरको मानिस किन नहोस्, र

जसलाई चाहे बिक्री गरेर आफ्नो वंशबाट खारिज गरि दिओस् । **(मोक़रेनतुल अद्यान, पृष्ठ १८८ लेखक, डा. अहमद शिल्बी)**

## *प्राचीन युनानी समुदायमा महिलाको स्तिथि*

संसारका अन्य समुदायहरू जस्तै युनानी समदायमा पनि महिला वर्गको केही अधिार वा महत्व थिएन, त्यसको अपमानजनक स्तिथि यहाँसम्म पुगेको थियो कि त्यो पैंचोमा पाइन्सक्दथिन्, विद्वान टर्वीलोंगको भनाइ छः बच्चा जन्माउने महिलालाई त्यसको लोग्ने मानिसबाट पैंचोमा लिइन्थे ताकि देशको लागि अर्को पुरुषबाट बच्चाहरू जन्माइ सकोस् । सभ्यता र संसकृतिबाट निराशा तथा अपमानको यति तुच्छ श्रेणीमा पुगेको थिन् कि उनीहरू महिला वर्गलाई अपवित्र शैतानी कामको दर्जा दिएका थिए । **(प्राचीन अरबी समुदायको संस्कृति, पृष्ठ ४०८)**

त्यस्तो केही संबीधान थिएन जो महिलालाई सुरक्षा दिओस्, धन सम्पतिमा त्यसको लागि केही पनि अंशको अधिकार थिएन, र सम्पतिमा खर्चा गर्नको पनि केही सामर्थ्य प्राप्त थिएन स्वतन्त्रता र कार्य गर्नुबाट पनि निराश थिन्  त्यसलाई पूरै जिवन पुरुषको नियन्त्रणमा बस्नु पर्दथे र त्यसको लागि तलाक़ लिनको पनि अधिकार थिएन बरू तलाक़ पुरुषको नै अधिकार हो । **(मोक़ारेनतुल अदयान, पृष्ठ १८६ लेखक, डा. अहमद शिल्बी)**

बरु स्तिथि यति गम्भिर शकल भएको थियो कि केही विद्वानहरूले नारा लगाका थिए कि महिला वर्गलाई घरैभित्र बाँधेर राख्नु पर्छ । **(संस्कृति कथा भाग,७ पृष्ठ ११७)**

युनानीहरूको दृष्टिमा सबै भन्दा तुच्छ श्रेणी बाहेक अरु केही थिएन । अरबी समुदायको संस्कृति नामक पुस्तकको लेख भन्दछन्ः

इग्रीक़ी समुदायहरू महिला वर्गलाई अपमान र तुच्छ प्रणीहरूमध्ये सम्झनु हुन्थे, मात्र बच्चा जन्माउने र घरको कामको लाग हुन् यदि ऐबी बच्चा तुहिन्थे भने महिलालाई हत्या गरिहाल्थे ।

तिनीहरूको एउटा प्रसिद्ध भाषनकर्ता (दिमुस्तीन)ले महिलाको स्तिथिलाई यस प्रकारले बयान गरेको छः रन्डीहरूलाई हामीहरू मात्र इच्छा पुर्तीको लागि राख्छौं र प्रेमीकाहरूलाई आफ्नो शारीरिक स्वास्थको लागि र स्वास्नीहरूलाई धर्मपुत्रहरू जन्माउनको लागि राख्दछौं ।

अनुमान लागाउन सकिन्छ कि जस समुदायमा विद्वानहरूको यस्तो विचार होस् भने उस समुदायमा महिला वर्गलाई के स्थान छ ?!

## *प्राचीन यहूदी समुदायमा महिलाको स्तिथि*

यहूदी समुदायको धार्मिक दृष्टिकोण अनुसार महिला वर्ग पापको जरो अनि स्तम्भ छ जस्तो कि तौरातका सुक्तिहरूमा उल्लेख छ : कि महिला पापको प्रारम्भ हो र त्यसैको कारण सम्पूर्ण मानवजाति पथभ्रष्ट भए । **(सिफर अत्तक्वीन३-१)**

यहूदी समुदायमा महिलाको स्तिथि संचो थिएन, उनीहरूका संबिधानहरूले महिला वर्गलाई अपमान गरे तथा त्यसको श्रेणीलाई घटाइदिए अनि त्यसबाट मानिसहरूलाई डराए जस्तो कि तौरातको स्फ्रिल् जामिआमा उल्लेख छः मैले हार्दिक पूर्ण विचार गरें ताकि मलाई थाहा भैजाओस् र म जिवन व्यितित गरुं र बुद्धिमत्ता तथ समझ्दारी प्राप्त गरुं र जानकारी गरे कि अज्ञानी उवद्र छ । र मुर्खता पागलपनी छ अतः मैले मृत्युभन्दा बढी तिखो महिलालाई पाएं जो झ्याल जस्तो हो त्यसको हृदय पाउलो जस्तो हो र त्यसका दुबै हात कैदखाना जस्तो हो, सदाचारी पनि माहिलाको कारण

अल्लाहकहाँ मुक्ति पाउन सक्दैन र गलत् मानिस महिलाको कारण समातिने छ ।

बुबाको लागि घरका सम्पूर्ण जनाहरू विशेष गरि स्त्रीहरूमाथि खुल्ला सामर्थ्य प्राप्त थियो, अतः त्यो जुनसँग चाहन्थे महिलालाई विवाह गरिदिन्थे वा जसलाई सौगातमा दिन चाहन्थे देदिन्थे र यदि बिक्रि गर्न चाहन्थे जवनार जस्तो बिक्रि गरिहाल्थे जस्तो कि तौरातमा उल्लेख छ ।

संस्कृति कथाको लेखक w. Durantभन्छः बुआलाई परिवार जनाहरूमाथि बिना सिमित अधिकार प्राप्त थियो, अतः जग्गा जमिन उसैको हुन्थ्यो र केटाहरूलाई जीनको अधिार तब हुन्थे जब तिनीहरू आफ्ना बुबाको नियंत्रणमा बसेर त्यसको आज्ञापालन गर्नुहुन्थ्यो,अतः बुआ स्वतन्त्र शासक जस्तो थियो र उसलाई यो पनि अधिकार प्राप्त थियो । आर्थिक क्लेशको कारण आफ्नी नाबालिग सानी छोरीहरूलाई बिक्रि गर्न सक्छ यसै प्रकार त्योलाई अधिकार थियो कि केटीको चाहना बिना जुनसंग चाहें विवाह गरिदियोस् ।

र महिलाको विवाह भएपछि त्यसको जिम्मेवारी बुबाबाट त्यसको पतितर्फ भैजान्थे र आफ्नो पतिका अन्य सम्पति जस्तो घर, नोकर, नोकरनी, तथा धनहरूमध्ये त्यो पनि एउटा सम्पतिको रूप जस्तो हुन्थे, तौरातमा उल्लेख भएका कुराहरू त्योमाथि प्रमाणित छन् ।

यसै प्रकार यहूदी शास्त्रले छोराहरूलाई पाईएमा केटीलाई त्यसको बुबाको धनमा उत्तराधिकारी हुनेबाट निराश गरेको छ । जस्तो कि तौरातमा यो उल्लेख छ : कि जो पनि मानिस मृत्यु भयो् र

त्यसलाई केटा छैन भने अतः त्यसको धनको उत्तराधिकारी केटी हुने छिन् ।

र महिला विधुवा भएपछि झैं आफ्नो पतिको आन्द्रेभाइको अधिकारमा भैइजान्थ्यो चाहे महिलाको चाहना होस् वा नहोस् जस्तो कि बाइबलको पुरानो करारमा उल्लेख छ : जब सबै दाजुहरू संगै बसोबास गर्नु हुन्छन् र तिनीहरूमध्ये कसैको मृत्यु भयो र त्योलाई केटा छैन, अतः विधुवा आफ्नो घरबाहेक अन्य कुनै मानिसंग विवाह गर्नसक्दैन बरू मृतक लोग्नेको भाई त्योसंग सम्भोग गर्ने छ । र त्योलाई आफ्नी स्वास्नी बनाएर आफ्नो मृतक भाई जस्तै त्यसको आवश्यक्ताहरूलाई पूरा गर्ने छ ।

यसै प्रकार जब महिला मासिकधर्ममा हुन्थे तिनीहरू महिलासँग खान,पीन छोडि दिन्थे तथा त्योसँग तबसम्म सुत्नुबाट अलग रहन्थे जबसम्म कि त्यो पवित्र न भइहाल्थ्ये । यस समस्यामा तिनीहरूका संबिधानहरूमा उल्लेख छ : महिला त्यो दिनददेखि अपवित्र छिन् जब त्यो बुद्धिको श्रेणीमा पुग्दछिन् किनकि त्यसको मासिक धर्म समय हुनाले समय आइ पुगेको छ यधापि त्यसको लक्षण प्रकट् नहोस् । र लोग्नेमानिसमाथि अनिवार्य हुन्छ कि त्यो आफ्नी स्वास्नीलाई औंला वा कुनै वस्तुबाट स्पष्ट न गरोस् यताति त्यो वस्तु लामो खालको किन नहोस् र न त्यसको हात वा त्योबाट फ्याँकेको वस्तुलाई लिओस् न त्योलाई आफ्नो हातबाट वा फ्याँकेर केही वस्तु दिओस् । र न त्योसँग एउटै दस्तर्खानमा खाना खाओस् बरू एक्लै एक्लै खानु पर्छ, र न त्योबाट बचाइएको प्यालाबाट पिनु पर्छ र न एकै ओछ्यानमाथि रात बिताउनु पर्छ र न एउटै सवारीमाथि वस्नु पर्छ र एउटै ठाउँमा काम गर्नुमा केही आपत्ति छैन तर शर्त यो छ कि दुवैमा स्पष्ट नहोस् । र जब लोग्नेमानिस

बिराम भैजान्छ र त्यसको सेवा गर्ने र रेख देख गर्नेवाला कोही पनि छैन भने त्यो बेला स्वास्नीलाई पतिको सेवा गर्ने अनुमति छ तर शर्त छ कि बिना केही चीजको माध्यता आफ्नो पतिलाई स्पर्ष नगरोस् । र यदि स्वास्नी रोगी भैइजान्छिन् भने लोग्नेमानिसलाई कदापि अनुमति छैन कि त्यो आफ्नी स्वास्नीको सेवा गरोस् । र जो महिला छोरालाई जन्माउछ अतः त्यो सात दिनसम्म अपवित्र रहने छिन् र यदि छोरीलाई जन्म दियो चौध दिनसम्म अपवित्र बस्ने छिन् । र केटा जन्माएपछि चालीस दिन पूरा गरेपछि नुहाउन सक्छिन् अनि केटी जन्मिएपछि असी दिन पूरा गरेपछि नुहाउन सक्छिन् ।

## *प्राचीन ईसाई समुदायमा महिलाको स्तिथि*

मानव इतिहासका मध्यकालहरूमा चर्चका बाबाहरूले कट्टर्वादको मार्ग अपनाउँदै महिला वर्गलाई गल्तीको स्तम्भ, पापहरूको स्तम्भ र सम्पूर्ण मानवमा फैलिएका उपद्रवहरूको मूल कारण बताउनु भए । यसो हुनाले पुरुष र महिला बीचको सम्बन्ध अपवित्र भैसक्यो अनिवार्य छ कि महिलाबाट बच्नु पर्यो चाहिँ विवाह र उचित सम्बंध किन नहोस् । किद्दीस टर्टुलियनको भनाइ छः महिला मानिस भित्र शैतानको प्रवेश हुनको वेश ढोका हो र त्यहीले नै आदमलाई स्वर्गमा अल्लाह तर्फबाट मनही भैइएको रुखको फल खाने बारे उत्तेजित गरेको थिन् र अल्लाहको करारलाई उल्लंघन गरी पुरुषलाई उपद्रवमा फसाइ दिएको थिन् ।

डेन्मार्की विद्वान Wieth Knudesen मध्य कालमा महिलाको स्तिथिलाई उल्लेख गर्दै भन्छ : त्यो बेला महिला प्रति मेहरबानीको भावना नहुनको बाराबर थियो काथोलिक ईसाइ धर्मको दृष्ट्रिकोण अनुसार जसले महिला वर्गलाई दोस्रो दर्जाको प्राणी भनेको छ ।

पावलको भनाइ छः तिमीहरूले यो बुझ भन्ने म चाहन्छु, कि हरेक मानिसको शिर खीष्ट हुनुहुन्छ, स्त्रीको शिर तिनको पति हो, अनि खीष्टको शिर प्रमेश्वर हुनुहुन्छ ... अतः पुरुषले आफ्नो शिर ढाक्नुहुँदैन, किनभने उ प्रमेश्वरको प्रतिरूप र गौरव हो, तर स्त्रीचाहिँ पुरुषको गौरब हो । किनकि स्त्रीबाट पुरुष बनिएको होइन, तर स्त्रीचाहिँ पुरुषबाट बनिएको हो । स्त्रीको निम्ति पुरुष सृष्टि भएको होइन, तर स्त्री पुरुषको निम्ति हो । यसैकारण र स्वर्गदूतहरूका खातिर स्त्रीले आफ्नो शिर आफ्नो घुम्टोले ढाकेको हुनुपर्छ । **(बाइबल नयाँ करार पावलको पत्र कोरिन्थीहरूको नाम)**

खीष्टियान शिक्षाहरू महिलालाई पुरुष सामुख्व बिना कुनै शर्त आत्मसम्पर्ण गरिदिन अनिवार्य बताएका छन् जस्तो कि पावलको भ नाइ छः पत्नी हो, प्रभुको अधीनमा रहे जस्तै आ-आफ्ना पतिको अधीनमा बस । किनकि पति पत्नीको शिर हो, जसरी खीष्ट मण्डलीको शिर हुनुहुन्छ । **(बाइबल, नयाँ करार पावलको पत्र एफिसीहरूको नाम)**

विद्वान बनार्ड शोको भनाइ छ : अंग्रेजी कानून अनुसार महिलालाई विवाह पश्चात त्सका सम्पूर्ण सम्पतिहरू त्यसको पतिको नाममा भइजान्छ ।

खीष्टियन धर्म र संबिधान अनुसार वैवाहिक सम्बंध सदैवको लागि हुनुपर्छ, अथवा पति र पत्नी बीच झगडा अवि विवाद आपत्तिजनक समस्याहरू किन न भैजाउन् तर ति दुबैमा तलाक् वा छुट्काराचाहिँ हुने सक्दैन बरू मात्र शारीरिक जुदाई हुने छ । अतः त्यसको प्राकृतिक फलस्वरूप पुरुष र महिलाले आफ्न आफ्ना प्रेमी र प्रेमिका बनाउन थाले ।

यसै प्रकार पति पत्नीमध्ये कसैको मृत्युपछि अर्को दोस्रो जिवित रहनेलाई दोस्रो पटक् विवाह गर्नको अनुमति थिएन, अतःजसको फल स्वरूप महिलाको स्थान घट्यो र त्यसको कार्यक्षमतालाई उपेक्षित पारिदियो जसको प्रतिक्रिया पश्चिमी समुदायमा त्यहाँका विचारधारक विद्वानहरूले आवाज उठाउनु भए कि समाजमा बस्ने प्रत्येक व्यतिलाई अधिकार दिनुपर्छ चाहिँ त्यो पुरुष होस् वा स्त्री तिनीलाई बिना कुनै शर्तले खुल्ला स्वतंत्रता र अधिकारहरू हुनु पर्छन् । अतः निर्लज्जपूर्ण स्वतंत्राको दुश प्रतिक्रिया पश्चिमी समुदायहरूमा यो भयो कि स्वभाव र शुद्ध प्राकृतिक व्यवहारको विपरित जनावर र शैतानका व्यवहारहरूले सिक्का जमाइ लिए खीष्टियन मण्डलीहरूका अन्यायपूर्ण संबिधानहरूको कारणले ।

## *इस्लाम धर्ममा महिलाका अधिकारहरू*

इस्लामभन्दा अघि मानवजातिमा माहिला वर्गको स्थानलाई संक्षिप्त कुरामा जानकारी गरेपछि यो वेश हुन्छ कि अब हामी जानकारी गरौं कि इस्लामले महिलालाई के स्थान र अनिवार्य रूपले कति अधिकारहरू प्रदान गरेको छ । निसंदेह, इस्लाम धर्मले महिला वर्गलाई तिनको जन्मदेखि मृत्युहुनेसम्म प्रत्येक मैदानमा उचित अधिकार दिने घोषणा गरेको छ । महिलाको लागि मात्र एउटै श्रेणी तोकिएको छैन बरू तिनलाई छोरी हुने अधिकार, अतः स्वास्नी अनि आमा र तिनका हरेक श्रेणीमा विशेष अधिकारहरू प्रदाण गरेको छ । र अन्ततः तिनलाई मुस्लिम महिलाहरूमध्ये शुमार गरेको छ । र बिषयलाई लामो न गर्दै हामी यहाँ संक्षिप्तमा तिनका अधिकारहरूको बारेमा उल्लेख गर्न चाहन्छौं र जसलाई विशेष जानकारीको चाहना छ भने त्यो कुर्आन, हदीस र फिक़्ह

जस्ता किताहरूलाई पढन सक्छ किनकि ती कताबहरूमा यस बिषयमा तफ्सीलसंग उल्लेख भइएको छ ।

## *१- इस्लाम धर्ममा केटीका अधिकारहरू*

***(क) जीवनीय अधिकारः-*** अतः अल्लाह तआलाले बुबा र आमामाथि अनिवार्य गरेको छ कि ती आफ्ना सन्तानहरूको जिवनलाई पूर्ण सुरक्षित राख्न् अथवा तिनीहरू लिंग हुन् वा स्त्री, र कुनै तरीकाबाट तिनीहरूको हत्या गर्नलाई ठूलो अप्राध बताएको छ । अल्लाह तआलाले कुर्आंमा भन्नुभयोः

[وَلاَ تَقْتُلُواْ أَوْلادَكُمْ خَشْيَةَ إِمْلاقٍ نَّحْنُ نَرْزُقُهُمْ وَإِيَّاكُم إنَّ قَتْلَهُمْ كَانَ خِطْءاً كَبِيرا]

الإسراء٤٢

((तिमीहरू आफ्ना सन्तानहरूलाई निर्धन्ताको भयबाट हत्या नगरौ । हामी तिनीहरूलाई र तिमीहरूलाई पनि आहार दिने छौं । वास्तवमा तिनीहरूको हत्या एउटा ठूलो पाप र गल्ती हो)) । **(अल् इस्रा, श्लोकः३१)**

र बच्चाहरू चाहिं तिनीहरू लिंग हुन् वा स्त्री अनि आमाको पेट्मा भ्रुणदेखि नै पालन पोषण, शिक्षा अदिको जिम्मेवारी बुबा र आमामाथि अनिवार्य गरेको छ । अल्लाह तआलाको भनाइ छः

[وَإِن كُنَّ أُولَاتِ حَمْلٍ فَأَنفِقُوا عَلَيْهِنَّ حَتَّى يَضَعْنَ حَمْلَهُنَّ] الطلاق٧

((र यदि तलाक़ पाएकी महिलाहरू गर्भवती छन् भने गर्भ तुहिनेसम्म तिमी तिनीहरूमाथि खर्चा गर्दै रहौ)) । **(अत्तलाक़, श्लोकः ६)**

***ख- दूध पिउने अधिकारः-*** निसंदेह अल्लाह तआलाले अनविार्य गरेको छ बच्चाहरूलाई रेख देख तथा तिनीहरूमाथि कृपा र

तिनीहरूका आवश्यक्ताहरू अनि तिनीहरूका उचित मागहरूलाई पूरा गर्नु र जिवन गुजार्नको लागि सरसामग्रिलाई पूरा गर्नु बुबा र आमामाथि बच्चाहरूको अधिकार इस्लाम धर्मले बताएको छ । अल्लाह तआलाले कुर्आनमा भन्नुभयो :

[وَالْوَالِدَاتُ يُرْضِعْنَ أَوْلاَدَهُنَّ حَوْلَيْنِ كَامِلَيْنِ لِمَنْ أَرَادَ أَن يُتِمَّ الرَّضَاعَةَ وَعلَى الْمَوْلُودِ لَهُ رِزْقُهُنَّ وَكِسْوَتُهُنَّ بِالْمَعْرُوفِ] البقرة٢٤٤

((जो बुबा चाहन्छ कि त्यसका बच्चाहरू दुध पिउन पुरै अवधिसम्म दूध पिउन् भने अतःआईमाइहरू आफ्ना बच्चाहरूलाई पुरै दुइ वर्षसम्म दुध पिउन् । र यस स्तिथिमा बुबालाई सामान्य रूपसँग आइमाइहरूको खाना लुगा आदि दिनु पर्छ)) । **(अल् बक्रा, श्लोक :२३३)**

***ग- गोद र पालन-पोषण पाउने अधिकारः-***

इस्लाम धर्मले बच्चाहरू चाहिं भाले हुन् वा पोथी बुबा र आमामाथि तिनीहरूको शारीरिक, बुद्धिमत्ता र धार्मिक सिधान्तको प्रकाशमा पालन-पोषण गर्नु अनिवार्य गरेको छ । अल्लाहका संदेष्टा मुहम्म्द सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयो :

((كفى بالمرء إثما أن يضيع من يقوت)) صحيح ابن حبان

((मानिसलाई पापी हुने योही प्रयाप्त छ कि त्यो आफ्ना बच्चाहरूलाई नासिनु पारिदिओस्)) । **(सही इब्ने हिब्बना)**

र अर्को हदीसमा उहाँले भन्नुभयो :

((كُلُّكُمْ رَاعٍ وَكُلُّكُمْ مَسْئُولٌ عَنْ رَعِيَّتِهِ الرَّجُلُ رَاعٍ فِي أَهْلِهِ وَهُوَ مَسْئُولٌ عَنْ رَعِيَّتِهِ وَالْمَرْأَةُ رَاعِيَةٌ فِي بَيْتِ زَوْجِهَا وَمَسْئُولَةٌ عَنْ رَعِيَّتِهَا وَالْخَادِمُ رَاعٍ فِي مَالِ سَيِّدِهِ وَمَسْئُولٌ عَنْ رَعِيَّتِهِ)) صحيح البخاري

((तिमीहरू सबै संरक्षक र आफ्नो प्रजाको उत्तरदायी हो, शासक जनताको संरक्षक त त्यसको उत्तरदायी छ, पुरुष आफ्नो परिवारको संरक्षक र त्यसको उत्तरदायी छ. महिला आफ्नो पतिको घरकी संरक्षक र त्यसकी उत्तरदायी छिन्, कमार आफ्नो मालिकको धनको संरक्षक र त्यसको उत्तरदायी छ)) | (सहीह बुखारी) यसै प्रकार बच्चाहरूको राम्रा राम्रा नामहरू राख्नु वेश मानिएको छ, र पति पत्नीमा विवाद उत्पन्न भएको बेलामा आमा बच्चाहरूलाई गोद लिने अधिकार राख्छिन् इस्लामले चाहिं यो अधिकार आमालाई यस्ले दिएको छ कि ती दाया,कृपा र माया गर्नुमा बुबाभन्दा धेरै अगडी छिन् | जस्तो कि एउटा हदीसमा उल्लेख छ कि एउटी महिलाले नबी सल्लल्लाहु अलैहे वसल्लसित अनुरोध गर्नु भइन्: कि हे अललाहका संदेष्टा! मेरो यो केटा हो,र मेरो भुँडी यसको लागि थैलो थियो र मेरो स्तन यसको लागि पिउनको लागि र मेरो कोख यसको लागि ओछ्यान थियो र अहिल्ये यसको बुबाले मलाई छोड्दिनु भएको छ र उ यसलाई मबाट छिन्नु चाहन्छ ! अतः रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभएः कि तिमी यसको तब सम्म अधिकारी हुन् जबसम्म कि विवाह नगरौला | (अबूदाउद)

## *कोमल,दया र ममता पाउने अधिकारः-*

खानपिन आदि आवश्यक्ताहरू जस्तै बच्चाहरू आफ्नो बुबा र आमाबाट कोमल,दया र ममता पाउने अधिकार राख्छन् किनकि आत्मा तथा व्यवहारमाथि त्यसको वेश प्रभाव हुन्छ | र इस्लाम त प्रत्येक मानिससंग शान्ति, दया र मायाको भावना स्थापित गर्ने वाला धर्म हो, अतः आफन्तमा कस्तो व्यवहार हुनु पर्‍यो भने त्यस

बारेमा त कोही प्रश्नको आवश्यकता छैन । हज़रत अबू हुरैरह रज़िअल्लाहु अन्हु भन्छन् कि एक पटक् रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लमले आफ्नो नाति हसनलाई चुम्बन लिनु भयो र त्यहाँ अक्रअ् बिन हाबिस् नामी व्यक्ति बसेको थिए, अतः त्यो व्यक्तिले भन्यो : कि मेरा दस वटा छोराहरू छन् तर मैले तिनीहरूमध्ये कसैलाई अहिलेसम्म चुम्बन लिएनं!!! रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लम त्योलाई आश्चर्यनक दृष्टिबाट हेर्नु भए पुनः भन्नुभए:

((مَنْ لَا يَرْحَمُ لَا يُرْحَمُ)) البخاري

((जो अर्कोमाथि दया गर्दैन त्योमाथि पनि दयाँ हुनेछैन)) । **(सहहि बुखारी)**

## *शिक्षा पाउने अधिकारः-*

इस्लाम धर्मले प्रत्येक मुसलमान पुरुष र महिलामाथि शिक्षा प्राप्त गर्नुलाई अनिवार्य घोषित गरेको छ । नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

((طَلَبُ الْعِلْمِ فَرِيضَةٌ عَلَى كُلِّ مُسْلِمٍ)) سنن ابن ماجة

((शिक्षा प्राप्त गर्नु प्रत्येक मुसलमानमाथि अनिवार्य छ)) । **(इब्ने माजा)**

र केटीहरूलाई शिक्षा दिलाउनलाई पुण्य कार्यमा बिधिको कारण बताएको छ जस्तो कि नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

(( أَيُّمَا رَجُلٍ كَانَتْ عِنْدَهُ وَلِيدَةٌ فَعَلَّمَهَا فَأَحْسَنَ تَعْلِيمَهَا وَأَدَّبَهَا فَأَحْسَنَ تَأْدِيبَهَا ثُمَّ أَعْتَقَهَا وَتَزَوَّجَهَا فَلَهُ أَجْرَانِ )) صحيح البخاري

((जुन कुनै पनि मानिसकहाँ कमारी छिन् अतः उसले त्यसलाई राम्रै र वेश शिक्षा तथा श्रेष्ठ साहित्य दिनु भयो र त्यसलाई मुक्ति प्रदान गरेर त्योसँग विवाह गर्नु भयो भने त्यो मानिसको लागि दुई वेश प्रतिफल छन्)) | **(सहीह बुखारी)**

## *समानता पाउने अधिकारः-*

इस्लामी संविधानले सन्तानहरू बिच समनता र न्याय गर्नलाई अनिवार्य गरेको छ बुबा र आमाको ममता र दयाँ पाउनेमा केटा र केटीको बिच बिना केही मत-भेद सबै सन्तानहरू समान रूपमा अधिकार राख्दछन् | कुर्आनमा अल्लाह तआलाले भन्नुभयो :

[إِنَّ اللهَ يَأْمُرُ بِالْعَدْلِ وَالإِحْسَانِ وَإِيتَاءِ ذِي الْقُرْبَى وَيَنْهَى عَنِ الْفَحْشَاءِ وَالْمُنكَرِ وَالْبَغْيِ يَعِظُكُمْ لَعَلَّكُمْ تَذَكَّرُونَ] النحل ٩١

((अल्लाह तआला न्याय र कल्याण तथा नातेदारहरूका अधिकारहरू दिनको आदेश दिन्छ, र बुराइ, अश्लीलता र अत्याचार तथा ज्यादतीबाट मनाही गर्दछ | उ तिमीहरूलाई सद उपदेश दिन्छ ताकि तिमीहरू शिक्षा लियोस्)) | **(अन्नहल, श्लोकः९0)**

कुर्आन तथा हदीसका सुक्तिहरूको प्रकाशमा यदि न्याय र समानता अनिवार्य हुन्थ्येन भने नारीको अधिकार पुरुषभन्दा वेश हुन्थ्यो जस्तो कि नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

(( ساووا بين أولادكم في العطية فلو كنت مفضلا أحدا لفضلت النساء)) سنن البيهقي الكبرى

((तिमीहरू सौगात आदि दिनुमा आफ्ना बच्चाहरू बीच न्याय गरौ, यदि म कसैलाई श्रेष्ठता दिन्थे भने अवश्य महिलालाई प्रधानता दिन्थे)) | **(बयहक़ी)**
यस हदीसको प्रकाशमा तिनीहरू कता छन् जुन भन्दछन कि इस्लाम धर्मले महिलाको अधिकारलाई समाप्त पारेको छ ?

## *पति चुन्नमा अधिकारः-*

इस्लाम धर्मले पतिलाई चुन्नमा केटीको विचारलाई पूर्ण आदर गरेको छ र यसलाइ विवाहको सही हुनमा शर्त मानेको छ अतः केटीलाई स्वतन्त्रपूर्ण अधिकार प्राप्त छ कि जो मानिस त्योसँग विवाह गर्न चाहन्छ त्योलाई स्विकृत गरोस् वा ठोक्राइ दिओस् | नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

(( لَا تُنْكَحُ الْأَيِّمُ حَتَّى تُسْتَأْمَرَ وَلَا تُنْكَحُ الْبِكْرُ حَتَّى تُسْتَأْذَنَ قَالُوا يَا رَسُولَ اللَّهِ وَكَيْفَ إِذْنُهَا قَالَ أَنْ تَسْكُتَ)) صحيح البخاري

((द्वितीया महिलाको विवाह तासम्म हुन सक्दैन जबसम्म कि त्योबाट सल्लाह नलिइयोस् र कुमारी महिलाको विवाह तासम्म हुन सक्दैन जबसम्म कि त्यसको अनुमति नलिइयोस, सहाबाले सोध्नु भए कि त्यसको अनुमति बारेमा कसरी थाहा हुनु सक्छ? उहाँले भन्नु भयोः त्यसको चुप रहनु त्यसको अनुमति नै हो)) | **(सहीह बुखारी)**

जस मानिससँग विवाह गर्ने इच्छुक छैन बुबा वा कुनै नातेदारलाई अधिकार छैन कि महिलाको बिना सहमति त्योसँग जबरजस्ति विवाह गरिदिओस्,जस्तो कि हज़रत आइशा रज़िअललाहु अनहा भन्दछिन् कि एक महिला रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लमकहाँ आएर अनुरोध गर्नु भइनः हे अल्लाहका संदेष्टा

! मेरो बुबाले मलाई मेरो काकाको छोरासँग विवाह गरिदियो र त्यो मसँग घट्या व्यवहार गर्दछ, अतः उहाँले महिलामाथि निर्णयको निर्भर छोडिदिए । ति महिलाले भनिन् कि मेरो बुबाले मसँग जो गेरेको छ म त्योबाट सहमत छुं तर तपाईकहाँ समस्या राख्नको मेरो उद्देश्य मात्र यो थियो कि महिलाहरूलाई थाहा भैइजायोस् कि तिनका बुआहरूलाई यस बारेमा केही अधिकार छैन । **(मुस्नद् अहमद्)**

नबी सल्लल्लाहु अलैहे वसल्लम आफ्ना निर्देष तथा आदेशहरूमा केटीहरूसँग वेश अनि आदरपूर्ण व्यवहार र तिनीहरूका आवश्यक्ताहरूलाई पूरा गर्नेमाथि बल दिनुहुन्थे । जस्तो कि उहाँको भनाइ छः

(( من كان له ثلاث بنات أو ثلاث أخوات أو ابنتان أو أختان فأحسن صحبتهن واتقى الله فيهن دخل الجنة)) صحيح ابن حبان

(( जसलाई तीन वटा छोरी वा तीन वटा बहिनीहरू वा दुई वटा छोरी वा दुई वटा बहिनीहरू छन् अतः उसले तिनीहरूसँग राम्रै व्यवहार गरे अनि अल्लाहबाट भय गर्दै तिनीहरूका अधिकारहरू पनि दिनु भए भने त्यो अवश्य स्वर्गमा प्रवेश हुने छ)) । **(सहीह इब्ने हिब्बान)**

इस्लाम धर्मले छोरीहरूको जिनवन व्यवस्था तुल्याउने र तिनीहरूसँ कृपा तथा स्वभाव गर्नलाई स्वर्गमा प्रवेश हुने कारण बताएको छ, ताकि बुबा र आमाहरू आफ्नी छोरीहरूका पूर्ण अधिकार दिएर त्यसको प्रतिफल अल्लाहकहाँ पाउने आशा राखुन् । हजरत आइशा रज़िअललाहु अन्हा भन्दछिन्ः कि एक दिन मेरोकहाँ एउटी भिखमङ्गी आइन् र त्योसँग उसकी दुई सानी सानी छोरी पनि थिइन् अतः मैले उसलाई तीन वटा खजूर दिएं, उसले एक एक

खजूर आफ्नी दुवै छोरीलाई दिएर एक खजूर स्वयम खानको उददेश्यले आफ्नो मुखमा हाल्न चाहिन्, तर उसकी छोरीले त्यो खजूरलाई पनि खाने इच्छुक भइन् अतः उस महिलाले जस खजूरलाई स्वयम खान चाहेथिन् त्यसलाई दुई भाग गरेर आफ्नी दुवै छोरी बिच बांड्दिइन् । त्यो कुरा हेरेर मलाई आश्चर्य लाग्यो अतः जो मैले हेरें नबी सल्लल्लाहु अलैहे वसल्लमलाई सूचित गरें. अतः नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

((إِنَّ اللَّهَ قَدْ أَوْجَبَ لَهَا بِهَا الْجَنَّةَ أَوْ أَعْتَقَهَا بِهَا مِنَ النَّارِ)) صحيح مسلم

((कि अल्लाह तआला यस कारण त्योलाई स्वर्गमा ठेगाना दिने छ, वा त्योलाई नर्कबाट मुक्ति दिने छ)) । **(सहीह मुस्लिम)**

यसै प्रकार इस्लाम धर्मले सम्पूर्ण सन्तानहरू स्त्री-लिङ्गमा बिना कुनै भेद-भाव गर्दै तिनीहरू बिच प्रत्येक चिज अनि कुराहरूमा न्याय र समानता गर्ने अनिवार्य गरेको छ । यसैले सम्पति वा सौगात आदि दिनुमा स्त्री र लिङ्गमा अस्वाभाविक भेदभाव गर्नु वैध छैन । हजरत नुअ्मान बिन बशीर भन्दछन् कि मेरो बुबाले मलाई केही वेश सम्पति दानमा दिनु भए अतः मेरी आमाले मेरो बुबालाई भनिन् कि म यस बारेमा तासम्म सहमत हुँदैनन जबसम्म कि तिमी यसमाथि साक्षी बनाइ नदिउँ अतः मेरो बुबा रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लमकहाँ मेरो दानमाथि उहाँलाई साक्षी बनाउन उद्देश्य जानु भए । रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लमले मेरो बुबाको कुरा सुनेपछि भन्नुभयो :

(( أَفَعَلْتَ هَذَا بِوَلَدِكَ كُلِّهِمْ قَالَ لَا قَالَ اتَّقُوا اللَّهَ وَاعْدِلُوا فِي أَوْلَادِكُمْ فَرَجَعَ أَبِي فَرَدَّ تِلْكَ الصَّدَقَةَ )). صحيح مسلم.

((के तिमिले आफ्ना सम्पूर्ण सन्तानहरूलाई त्यसै प्रकार दान दिनु भए? मेरो बुबाले भन्यो होइन, अतः उहाँले भन्नुभए : तिमी

अल्लाहबाट भय गरौ र आफ्ना सन्तानहरू बिच न्याय गरौ । यो सुनेर मेरो बुबा घर आएर त्यो दानलाई पुनः फर्काइ लिए)) । **(सहीह मुस्लिम)**

सन्तानहरू बिच धन सन्पतिमा मात्र समानता होइन बरू चुम्बन लिनुमा पनि इस्लाम धर्मले समानतालाई ध्यानमा राख्ने आदेश दिएको छ । हजरत अनस रज़िअललाहु अन्हो भन्दछन् कि एक व्यक्ति नबी सल्लल्लाहु अलैहे वसल्लमकहाँ थिए अतः त्यसको छोरा आए त उसलाई चुम्बन लिएर आफ्नो तिघ्रामाथि बसाइ लियो, केही छिन्पछि उसकी छोरी आई अतः त्यसलाई चुम्बन लिए बिना भुइंमाथि बसाइ दियो यो हेरे र नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

(( **ألا سوّيت بينهما** )) رواه البزار, حديث ضعيف. ((ती दुवै बीच तिमीले न्याय गर्नु चाहिये थियो)) । **(बज़्ज़ार, दुर्वल हदीस)**

***सन्तानहरूसँग इस्लामको दृष्टिकोण तथा व्यवहारकै संदर्भमा वेश हुने छ कि हामी यहाँ संक्षिप्तमा टुहुरासँग इस्लामी दृष्ट्रिकोणलाई उल्लेख गरि दियौं किनकि टुहुरापनको प्रभाव बच्चाको आत्मामाथि यस्तो भयकंर हुन्छ जो उसलाई अवहेलनाको मार्गतिर लैजान्छ खास गरि त्यो समाजमा जसमा टुहुराका अधिकार तथा आवश्यक्ताहरू पुरा हुँदैनन् र न कोही त्योलाई दया र ममताको दृष्टिबाट हेर्नेवाला हुन्छ ।***

इस्लाम धर्मले अनाथ बच्चाहरू स्त्री र लिङ्मा बिना कुनै भेदभाव गरि नातेदार वा सरकारमाथि तिनीहरूको रेख देख अनविार्य गरिदिएको छ । अतः अल्लाह तआलाले त्यो मानिसलाई सख्त यात्नाको हप्की दिएको छ जो टुहुराको धन र अंशहरूलाई अवैध तरीकाबाट खानु हुन्छ । अल्लाह तआलाले कुर्आनमा भन्नुभयो :

[إِنَّ الَّذِينَ يَأْكُلُونَ أَمْوَالَ الْيَتَامَى ظُلْماً إِنَّمَا يَأْكُلُونَ فِي بُطُونِهِمْ نَاراً وَسَيَصْلَوْنَ سَعِيراً]

النساء١٠

((जुन मानिसहरू अन्यायसंग अनाथहरूका मालहरू खान्छन् वास्तवमा तिनीहरू आफ्ना भुँडिहरूमा आगो हाल्दछन् र तिनीहरू अवश्य नर्कको आगोमा हाल्ने छन्)) । (अन्निसा, श्लोकः१०)

र नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नु भयोः

(( إِنِّي أُحَرِّجُ حَقَّ الضَّعِيفَيْنِ الْيَتِيمِ وَالْمَرْأَةِ )) المستدرك على الصحيحين.

((म दुई दुर्वल अर्थात टुहुरा अनि महिलामाथि अत्याचार गर्ने र तिनीलाई दुःख पुऱ्याउने मासि्लाई यातना तथा पापको सूचना दिन्छुं)) । (मुस्तद्रक)

र अनाथलाई डाँट्नु तथा त्योसँग निष्ठूर हुनु पनि अवैध छ । अल्लाह तआलाको भनाइ छः

[فَأَمَّا الْيَتِيمَ فَلَا تَقْهَرْ ] الضحى ٩

((अतः अनाथसँग निष्ठूरताको व्यवहार न गर)) । (अज़्ज़ुहा, श्लोकः ९)

कुर्आन र हदीसमा अनाथको रेख देख र तिमाथि कृपा र दया गर्ने बारमो धेरै जसो सुक्तिहरू छन्, जस्तो कि नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

((أَنَا وَكَافِلُ الْيَتِيمِ كَهَاتَيْنِ فِي الْجَنَّةِ وَأَشَارَ بِالسَّبَّابَةِ وَالْوُسْطَى وفرج بَيْنَهُمَا شيئا)) صحيح البخاري

((म र टुहुरालाई पालनपोषण गर्ने मानिस स्वर्गमा यस प्रकार बस्नेछौं र उहाँले चोर र बिच वाला औंलालाई मिलाए र ती दुबै बिच केही अंतर गरि शंकेत गर्नु भए)) । (सहीह बुखारी)

यसै प्रकार तीसँग ममता र दया गर्न बारे उत्तेजित गर्दै उहाँले भन्नुभयोः

((مَنْ مَسَحَ رَأْسَ يَتِيمٍ أَوْ يَتِيمَةٍ لَمْ يَمْسَحْهُ إِلَّا لِلَّهِ كَانَ لَهُ بِكُلِّ شَعْرَةٍ مَرَّتْ عَلَيْهَا يَدُهُ حَسَنَاتٌ وَمَنْ أَحْسَنَ إِلَى يَتِيمَةٍ أَوْ يَتِيمٍ عِنْدَهُ كُنْتُ أَنَا وَهُوَ فِي الْجَنَّةِ كَهَاتَيْنِ وَقَرَنَ بَيْنَ أُصْبُعَيْهِ)) مسند أحمد

((जसले अल्लाहको प्रसन्नता प्राप्त गर्ने उद्देश्य अनाथको शिरलाई स्पर्ष गर्‍यो भने त्यसको प्रत्येक कपाल जहाँसम्म हात पुगे उसलाई पुण्य मिल्ने छ र जसले आफ्नो कहाँ टुहुरा वा टुहुरीलाई पालन पोषण गर्‍यो निसंदेह म र त्यो मानिस स्वर्गमा यस्तो निकट भएर बस्नेछौं जस्तो कि ति दुवै औंला बिच फरक छ, र उहाँले आफ्ना चोर औंला अनि बिच वाला औंला बिच केही अंतर गरे र बताउनु भए)) । **(मुस्नद अह्मद)**

यसै प्रकार इस्लाम धर्मले बेवारिस बच्चा वा बच्चीलाई अनाथ जस्तै संरक्षण दिने बल दिएको छ, अतः ति प्रकारका बच्चाहरूलाई मुस्लिम समाज र सरकारमाथि अधिकार बन्छ कि तिनीहरूको देख भाल र सुविधा अनि शिक्षा आदिको व्यवस्था गरियोस् । नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

(( فِي كُلِّ ذَاتِ كَبِدٍ رَطْبَةٍ أَجْرٌ )) صحيح البخاري

((प्रत्येक जिवजन्तुमाथि कृपा गर्नुमा पुण्य छ)) । **(सहीह बुखारी)**

हामीले यस्तो संरक्षण दिएमा समाजको लागि दुई प्रकारको सदाचारी सदस्य पेश गरि दिऔं जुन समाजमा मानव अधिकार पाएर अन्य मानिसहरू जस्तै जिवन यापन गरि रहेका हुन्छन् ।

## *२-इस्लाममा नारीलाई स्वासनी हुनाले त्यसका अधिकारहरूः-*

अल्लाह तआलाले कुर्आनमा भन्नुभयोः ((र उसका चिन्हहरूमध्ये यो पनि चिन्ह छ कि उसले स्वंय तिमीहरूमध्ये तिमीहरूका लागि

पत्नीहरू बनायो ताकि तिमीहरू तिनीहरूसंग शान्ति प्राप्त गरिसकोस् र तिमीहरूको बिच माया र दयालुता बनाइदएको छ)) । **(अर्रूम श्लोकः२१)**

अतः उसको ईश्वरत्वका चिन्हहरूमध्ये एउटा विशाल चिन्ह यो पनि छ कि उसले मनुष्यबाट नै उसको शान्तिको लागि स्वास्नीलाई सृष्टि गर्नुभयो ताकि तिनीहरू आफन्तमा एक अर्कोसँग बस्दै आत्मिक तथा शारीरिक आनन्द पाउन् ।

***अतः स्वासनी इस्लामको दृष्टिमा समाजको त्यो मूल स्तंभ हो जसमाथि इस्लामी सुसाइटीको जगको स्थापना हुने निर्भर हुन्छ । यसो हुनाले इस्लामले स्वासनीका अधिकारहरू र यसको सट्टमा तीमाथि पनी जिम्मेवारी तथा अधिकारहरू निश्चित गरेको छ, ति अधिकारहरूमध्ये निम्नलिखित छनन् ।***

## *१- मह्रमा अधिकारः-*

यो अनिवार्य दान र अधिकार छ जसलाई इस्लामले पुरुषमाथि महिलालाई दिनु अनिवार्य गरेको छ, र महिलाको कुनै नातेदार वा सम्बन्धितलाई मह्रबाट केही अंश बिना महिलाको राजी र सहमति लिनु अवैध छ । र बिना मह्र निश्चित गरि विवाह हुनु सक्दैन र मह्रमा महिलाको पूर्णअधिकार हुनको यो एउटा स्पष्ट प्रमाण छ । र यो अधिकार कुनै पनि बेला भंग हुने छैन तर निकाह भैपछि महिलालाई मह्र वाला धनमा खर्चा गर्ने पूर्ण स्वतन्त्रता प्राप्त छ । अल्लाह तआलाले कुर्आनमा भन्नुभयोः

[وَآتُواْ النَّسَاء صَدُقَاتِهِنَّ نِحْلَةً فَإِن طِبْنَ لَكُمْ عَن شَيْءٍ مِّنْهُ نَفْساً فَكُلُوهُ هَنِيئاً مَّرِيئاً] النساء٥

र महिलाहरूका मह्रहरु अनिवार्य रूपले खुशीबाट दिनुहोस् । आं, यदि तिनीहरू स्वयम आफ्नो खुशीबाट मह्रको केही अंश तिम्रो लागि छोड्दिन्छन् भने तिमी त्योलाई रुचिपूर्वक खान सक्छौ । **(अन्निसा, श्लोकः ४)**

महर् स्वासनीको त्यो खास सम्पति छ कि लोग्ने मानिस आफ्नी स्वास्नीलाई तलाक् देउँ भने त्यो बेला पनि त्योबाट केही पनि अंश लिनु उचित छैन । अल्लाह तआलाले यस सम्बन्धमा कुर्आनमा भनेको छः

[وَإِنْ أَرَدتُّمُ اسْتِبْدَالَ زَوْجٍ مَّكَانَ زَوْجٍ وَآتَيْتُمْ إِحْدَاهُنَّ قِنطَاراً فَلاَ تَأْخُذُواْ مِنْهُ شَيْئاً أَتَأْخُذُونَهُ بُهْتَاناً وَإِثْماً مُّبِيناً وَكَيْفَ تَأْخُذُونَهُ وَقَدْ أَفْضَى بَعْضُكُمْ إِلَى بَعْضٍ وَأَخَذْنَ مِنكُم مِّيثَاقاً غَلِيظاً]النساء٣١-٣٢

((र एक पत्नीको ठाउँमा दोस्रो पत्नी ल्याउने यदि तिम्रोविचार निश्चित भैसकेको छ भने चाहिं तिमीले त्योलाई धेरै ज्यादा माल किन न दिएको हुन्छ, त्योबाट केही पनि वापस न लेउ । के तिमी त्योलाई झुठो आरोप लगाए र खुल्ला अत्यचार गरेर लिन चाहन्छ? र तिमी कसरी लिन चाहन्छ कि जब तिमी एक अर्कोबाट आनन्द लेइसकेको छ र त्यो तिमीसँग दृढ प्रतिज्ञा पनि लैसकेकी छिन्)) । **(अन्निसा, श्लोकः २०-२१)**

र कुर्आनको अर्को ठाउँमा अल्लाहको यो पनि भनाइ छः

[يَا أَيُّهَا الَّذِينَ آمَنُواْ لاَ يَحِلُّ لَكُمْ أَن تَرِثُواْ النِّسَاء كَرْهاً وَلاَ تَعْضُلُوهُنَّ لِتَذْهَبُواْ بِبَعْضِ مَا آتَيْتُمُوهُنَّ إِلاَّ أَن يَأْتِينَ بِفَاحِشَةٍ مُّبَيِّنَةٍ وَعَاشِرُوهُنَّ بِالْمَعْرُوفِ فَإِن كَرِهْتُمُوهُنَّ فَعَسَى أَن تَكْرَهُواْ شَيْئاً وَيَجْعَلَ اللّهُ فِيهِ خَيْراً كَثِيراً] النساء١٩

((हे अल्लाहमाथि विश्वास राखेका मानिसहरू! तिमीहरूको लागि यो वैध छैन कि जबरजस्ती तिमीहरू स्त्रीहरूका उत्तराधिकारी भैजाउन् र यो पनि वैध छैन कि तिनीहरूलाई दुःख पुऱ्याएर महर्को केही अंशलाई उडाइ लिनको चाहना गर, आँ यदि त्यो केही खुल्ला अशलील कर्म गरिलेउन् भने अवश्य

तिमीलाले त्योलाई दिक्क पुऱ्याउने अधिकार छ तर पनि त्योसँग तिमी राम्रै व्यवहार रहन सहन गर । यदि ति तिमीलाई अप्रिय छन् भने हुनुसक्छ कि जो चिज तिम्रो लागि अप्रिय छ तर अल्लाह तआलाले त्यसमा धेरै जसो गुणहरू राखको हुन्छ)) । (अन्निसा, श्लोकः१९)

***उपरोक्त श्लोकमा स्वसनीका हकहरूको वचन दिइएको छ जुन निम्नलिखित छन् ।***

१-बलपूर्वक महिलालाई संपति बनाइलिनु हराम छ, जस्तो कि हामीले इतिहासको पृष्ठहरू हेरे र थाहा पाएकाछौं कि इस्लामभन्दा अघिको कालमा लोग्ने मानिसको मृत्युपछि त्यसको परिवारका निकट्तम मानिसहरू उसकी बिधुवालाई आफ्नो सम्पति बनाइहाल्थे यदि तिनीहरूमध्ये कोही त्यसँग विवाह गर्नचाहन्थे भने विवाह गरिलिन्थे वा कुनै अन्य मानिससँग गरिदिन्थे वा यदि बिना विवाह त्यसलाई घरमा राख्न चाहन्थे भने राख्नुहुन्थे अर्थात तिनीहरू बिधुवाका माइति परिवारहरूभन्दा बढी अधिकार राख्दथे विधुवाचाहिँ सम्पतिको एक प्रकार जस्तो हुन्थिन् जो मृतकका परिवारहरूको अंशमा आउँदथिन् ।

२-र अल्लाह तआलाले लोग्ने मानिसमाथि वर्जित गरेको छ कि त्यो आफ्नी स्वास्नीलाई रोकेर दुःख र दिक्क पुऱ्याओस् जस्तोः त्योलाई गाली गर्नु, वा कुट्नु वा त्यसको धनलाई अनुचित तरीकाले खानु वा त्यसलाई घरबाट बाहिर नजानेदिनु इत्यादि आपत्तिहरू यो उद्देश्यले कि केही धनको सट्टामा नै महिलालाई छोड्ने छ ।

३- इस्लामी शास्त्रले पुरुषलाई त्यो बेला महिलालाई दिक्क पुऱ्याउने अनुमति दिएको छ जब महिला खुल्ला बलात्कारीको

अप्राध गर्दछिन् तासम्म कि पुरुष महर् वाला धन त्योबाट प्राप्त न गरिलिओस् पुनः त्यसपछि तलाक् दिएर महिलालाई छोड् दिनु पर्छ । ४- अल्लाह तआलाले पुरुषलाई आदेश दिनु भयो कि त्यो आफ्नी स्वास्नीसँग उत्तम स्वभावबाट जिवन व्यतित गरोस् र त्योसँग यस्तो कुराकानी गरोस् जसबाट स्वास्नीलाई शान्ति र खुशी प्राप्त हुओस् ।

## *न्याय र समानता पाउनेमा उसको हकः-*

यो त्यो बेला हुने छ जब पुरुषकहाँ एक भन्दा बढ़ी स्वास्नी पाइयोस् अतः अनिवार्य हुन्छ कि तिनीहरू बिच खान, पिन, लुगा, घर. रात बिताउनु इत्यादि चिजहरूमा न्याय गरोस् । नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

((من كانت له امرأتان فمال إحداهما على الأ خرى جاء يوم القيامة و أحد شقيه ساقط))

صحيح ابن حبان

((जुन मानिसकहाँ दुईवाटा स्वासनी हुन् अतः त्यो एकलाई उपेक्षित गर्दै अर्को तर्फ आकर्षित थियो भने महाप्रलयको दिन ऊ यस्तो स्तिथिमा उपस्थित हुने छ कि उसको एक पाखुरा खसेको हुन्छ)) । **(सही इब्ने हिब्बान)**

## *खर्चा पाउनेमा उसको हकः-*

लोग्ने मानिसमाथि अनिवार्य छ कि त्यो आफ्नी स्वास्नीको सम्पूर्ण आवश्यकतालाई पुरा गरोस् स्वास्नीका खानपान, लत्ताकपडा घर इत्यादि आवश्यकताहरू पुरुषले नै पुरा गर्नु पर्छ चाहिँ महिला धनी किन नहोस् । नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

((...فَاتَّقُوا اللَّهَ فِي النِّسَاءِ فَإِنَّكُمْ أَخَذْتُمُوهُنَّ بِأَمَانِ اللَّهِ وَاسْتَحْلَلْتُمْ فُرُوجَهُنَّ بِكَلِمَةِ اللَّهِ وَلَكُمْ عَلَيْهِنَّ أَنْ لَا يُوطِئْنَ فُرُشَكُمْ أَحَدًا تَكْرَهُونَهُ فَإِنْ فَعَلْنَ ذَلِكَ فَاضْرِبُوهُنَّ ضَرْبًا غَيْرَ مُبَرِّحٍ وَلَهُنَّ عَلَيْكُمْ رِزْقُهُنَّ وَكِسْوَتُهُنَّ بِالْمَعْرُوفِ...)) صحيح مسلم.

((तिमीहरू महिलाको बारेमा अल्लाहबाट भय गरौ, किनकि तिमीहरूले अल्लाहको शरणको नामले तिनीहरूलाई लिएका छन् र अल्लाको कुराबाट तिनीहरूका गुप्तांगहरूलाई वैध गरेका छन् । अतः तिनीहरूमाथि तिम्रो हक बन्छ कि तिम्रो ओछ्यानमाथि त्यो मानिसलाई नबसाउँ जसलाई तिमी चाहदैनौ र यदि त्यो यस्तो गर्दछिन् भने तिनीलाई बिना कष्ट र क्लेश पुऱ्याएर कुटौ, र तिनीहरूका खानपान तथा लत्ताकपडा व्यवहारिक तरीकाले दिनुहोस्)) । **(सही मुस्लिम)**

र लोग्ने मानिस आफ्नी स्वास्नीलाई आफ्नो समृद्धिअनुसार धन-माल देउँ । अल्लाह तआलाको भनाइ छः

[لِيُنفِقْ ذُو سَعَةٍ مِّن سَعَتِهِ وَمَن قُدِرَ عَلَيْهِ رِزْقُهُ فَلْيُنفِقْ مِمَّا آتَاهُ اللهُ لَا يُكَلِّفُ اللهُ نَفْساً إِلَّا مَا آتَاهَا سَيَجْعَلُ اللهُ بَعْدَ عُسْرٍ يُسْراً] الطلاق٨

((सम्पन्न व्यक्ति आफ्नो भरिपूर्णता अनुसार खर्चा देउ, र निर्धन मानिस आफ्नो त्यही धनबाट खर्चा गोस् जो अल्लाहले त्योलाई प्रदान गरेको छ । अल्लाह तआलाले जसलाई जे जति जिविका दिएको छ उसमाथि त्योभन्दा अधिक जिम्मेवारीको बोझ हाल्दैन । यो कुरा टाढा छैन कि अल्लाह कसैको तन्नमतापछि उसलाई सम्पन्नता गिरिदिने छ)) । **(अत्तलाक्, श्लोकः७)**

त्यो लोग्ने मानिस जसलाई सम्पन्नता प्राप्त छ तर त्यो आफ्नो स्वास्नीलाई खर्च दिनमा कन्जुसी गर्छ भने स्वास्नीलाई अधिकार छ कि त्यो आफ्नो प्रयाप्त खर्चको लागि पतिको धनबाट उसको बिना

अनुमति लिन सक्छिन्, जस्तो कि हिन्द बिन्ते उत्बा भन्दछिन् कि मैले रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लमसित अनुरोध गरें:

(( يَا رَسُولَ اللَّهِ إِنَّ أَبَا سُفْيَانَ رَجُلٌ شَحِيحٌ وَلَيْسَ يُعْطِينِي مَا يَكْفِينِي وَوَلَدِي إِلَّا مَا أَخَذْتُ مِنْهُ وَهُوَ لَا يَعْلَمُ فَقَالَ خُذِي مَا يَكْفِيكِ وَوَلَدَكِ بِالْمَعْرُوفِ)) صحيح البخاري.

((हे अल्लाहका संदेष्टा! मेरो पति अबू सुफ्यान कन्जुस मानिस छ र त्यो मलाई जति खर्च दिंदैन जो म र मेरो केटाको लागि प्रयाप्त भैइजायोस् उस मालको बाहेक जो म उसबाट चोरेर लिन्छुं, अतः उहाँले भन्नु भएः तिमी स्वभाविक रूपले आफ्नो र आफ्नो केटाको लागि प्रयाप्त माल लिनुस्)) | **(सही बुखारी)**

जब लोग्ने मानिस तन्नमताको शिकार भए आफ्नी स्वास्नीलाई खर्च दिन सक्दैन,वा आफ्नी स्वास्नीबाट अलग भएर त्यस कारण स्त्रीलाई खर्च पाउनेमा क्लेश भयो र तापनि त्यो उपस्थित भएन र खर्चाबर्चा दिएन भने स्वास्नी यदि चाहन्छिन् भने त्यो पुरुषबाट विवाह भंग गरिलिने उसलाई अधिकार प्राप्त छ | जस्तो कि अबू ज़न्नाद भन्छः ((कि मैले सईद बिन मुससैयिबबाट यो प्रश्न गरें कि जो मानिस आफ्नी स्वास्नीलाई खर्च दिन सक्दैन ? अतः उहाँले उत्तर दिनुभयोः कि दुवै विच जुदाई गराउनु पर्छ | अबु ज़न्नाद भन्छः मैले सोधें कि के यस्तो गर्नु राम्रो हुन्छ ? उहाँले उत्तर दिनुभयोः अ, राम्रो(सुन्नत) छ | इमाम शाफेईको भनाइ छ कि सईद बिन मुसैयिबको सुन्नत भनिने उद्देश्य रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लमको सुन्नत हो)) | **(अल् बैहकी)**

## *४-रात बिताउने र संभोगमा पउनेमा हक़ः-*

यो महत्वपूर्ण हकहरूमध्ये एउटा हक हो जस बारेमा इस्लाम धर्मले लोग्ने मानिसबाट स्वभाविक रूपले अदा गर्ने माँग गरेको छ

ताकि स्वास्नी महिला अप्रिर्य कार्यको अपराधिक कामबाट टाढा रहोस् । महिला स्वास्नी के चाहिन्छिन् भने एउटा यस्तो हृदय जसमा त्यो बारे ममता र माया होस् र एउटा यस्तो पुरुष जो त्योलाई खेलायोस् र त्योसँग माँया गरोस् र त्यसको इच्छालाई पूर्ति गरोस् । र इस्लाम धर्मले लोग्ने मानिसलाई आफ्नी स्वास्नीका आवश्यक्ताहरूलाई पूर्ति गरे बिना उपासनाहरूमा व्यस्त रहनुबाट मनाही गरेको छ । जस्तो कि हजरत सल्मान फासरसी रज़िअल्लाहु अन्हुबाट उल्लेख छ : कि म एक दिन हजरत अबू दर्दा रज़िअल्लाहु अन्हुलाई दर्शन गर्ने उद्देश्य उसको घर गएं अतः उसकी स्वासनीलाई अस्तव्यस्त स्तिथिमा पाएं, मैले भनें तिमी यस्तो स्तिथिमा किन हुन्? उसले भन्यो : तिम्रो दाय अबू दर्दालाई संसारबाट केही पनि सन्बन्ध छैन, ऊ पुरै रात नमाज़ पढछ र पुरै दिन ब्रत बस्छ!!केही छन्पछि अबू दर्दा आउनु भए र पाहुँनालाई स्वागत गर्दै खाना पेश गर्‍यो । हजरत सल्मानले अबू दर्दालाई भन्योः तिमी पनि म सँग खानुस्, अतः उसले उत्तर दियोः कि म ब्रत बसेको छुं, हजरत सल्मानले भन्योः मैले कसम खाएको छुं कि तिमी अवश्य ब्रत भंग गरिदेउ, अतः उसले ऊसँग खाना खाए । हजरत सल्मान ऊकहाँ रात बिताउन उद्देश्य बसे, अतः जब रात भयो भने अबू दर्दा उठेर नमाज़ पढन चाहे, अतः हजरत सल्मानले उसलाई मनाही गर्दै भन्नुभयोः कि तिमीमाथि तिम्रो शरीरको पनि हक छ,र तिम्रो पालनकर्ताको पनि हक छ, र तिम्रो परिवारको पनि हक छ । तिमी ब्रत बस र खानपान पनि गर,नमाज़ पढ र स्वासनीकहाँ पनि आउनुस् र प्रत्येक हक्दारको हक पनि देउ । जब प्रातःकातल भयो भने हजरत सल्मानले अबू दर्दालाई भन्यो कि तिमी अब उठ, अतः दुवै जनाले वजू गरे र दुई रकात सुन्नत पढेर

नमाज़ पढनको लागि मस्जिदतिर आउनु भयो । नमाज़ पढेपछि नबी सल्लल्लाहु अलैहे वसल्लमकहाँ आउनु भयो र उहाँलाई उपरोक्त घट्नाको बारेमा बताउनु भए, अतः नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयो : सल्मानले साँचो गऱ्यो । **(सही बुखारी)**

इमाम इब्ने हज्मको भनाइ छः लोग्ने मानिसमाथि अनिवार्य छ कि ऊ आफ्नी स्वास्नीसँग संभोग गरोस् कम्तिमा महिनामा एक पटक् यदि क्षमता राख्छ भने यस्तो न गर्नाले त्यो अवज्ञाकारी छ … यसको प्रमानमा अल्लाहको यो भनाइ प्रयाप्त छः

[فَإِذَا تَطَهَّرْنَ فَأْتُوهُنَّ مِنْ حَيْثُ أَمَرَكُمُ اللهُ]البقرة٢٢٣

((जब तिनीहरू स्वच्च भैइजाउन् भने तिमी तिनीकहाँ त्यो प्रकार आउनुस् जस्तो कि अल्लाह तआलाले तिमीहरूलाई आदेश दिनु भएको छ)) । **(अल्बक्रा, श्लोकः२२२)**

र स्वास्नीको आफ्नो पतिमाथि हक बन्छ कि जब त्यो घरबाट बाहिर जाओस् भने ६ महीना भन्दा बढी बाहिर नबसोस् तर जब महिला धर्य गर्दछिन् र आफ्नो केही हकबाट अवनति हुँदाछिन् भने तब केही खाँचो छैन-अर्थात त्यसको सहवास शक्ति दुर्वल भैसकेको हुन्छ-तर जब यदि यस्तो स्तिथि छैन र पत्नी आफ्नो पतिलाई बोलाउँदछिन् तब केही ढिलो गर्दै अनिवार्य रूपले त्योलाई बिना फर्कनु पर्छ । यसको प्रमाण त्यो इतिहासिक घट्ना छ जो हजरत उमर बिन खत्ताब रज़िअल्लाह प्रतिनिधित्व कालमा घट्यो, उहाँ एक पटक रातको बेलामा गस्ती गरे रहेका थिए कि एक महिलाबाट यो कुरा सुन्नुभयो जो भनिरहेको थिइन्:

**تطاول هذا الليل واسود جانبه و أرقني إذلا حبيب ألاعبه**

यो रात अति लामो भयो र चारौ तर्फ अन्ध्यारो छायो । म व्याकुल छुं किनभने मेरो श्रीमान छैन जो सँग म मस्ती गरौं ।

فلولا الذي فوق السماوات عرشه    لزعزع من هذاالسرير جوانبه

यदि त्यो जातिको भय मलाई हुन्थ्येन जसको सिंहाशन सातौं आकाशमाथि छ,अवश्य मेरो पुरै खाट मचमचाइ जान्थे ।

जब बिहान भयो भने हजरत उमरले ती महिलालाई बुलाएर सोधे कि के तिमीले यस्तो उस्तो कुरा भनेको छौ ? उसले उत्तर दिए हो,हजरत उमरले भन्यो किन? उसले भनिन्: तपाईले मेरो पतिलाई फलानों ठाउँ युद्धमा पठाउनु भएको छ । हजरत उमरले आफ्नी केटी हफ्साबाट यो कुरा सोध्नु भए कि महिला आफ्नो पतिबाट कति दिनसम्म धर्य गर्नसक्छिन्? उसले भनिन्:६महिनासम्म, अतः त्योपछि हजरत उमर सैनिकलाई मात्र ६महिनाको लागि युद्धको मैदानमा पठाउदथें ।

त्यसको भेद र ऐबलाई अनिवार्य रूपले छोपाई राख्नु र पति-पत्नीका कुराहरूलाई आफ्ना साथीहरूलाई कहिल्यै पनि न बताउनु । नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

(( إِنَّ مِنْ أَشَرِّ النَّاسِ عِنْدَ اللَّهِ مَنْزِلَةً يَوْمَ الْقِيَامَةِ الرَّجُلَ يُفْضِي إِلَى امْرَأَتِهِ وَتُفْضِي إِلَيْهِ ثُمَّ يَنْشُرُ أحدهما سِرَّ صاحبه )) صحيح مسلم.

((महा प्रलयको पदिन मानिसहरूमध्ये सबै भन्दा तुच्छ श्रेणीको मानिस त्यो हुने छ जो पुरुष आफ्नी स्वास्नीसँग संभोग गर्छ र स्वास्नी आफ्नो श्रीमानसँग पुनः ती दुवैमध्ये कोही आफ्नो सँगीको गुप्त कुरालाई बाहिर बताइ दिन्छ)) । **(सही मुस्लिम)**

### *५-उत्तम जीवन र वेश व्यवहार पाउने हकः-*

**(क)-** स्वासनीलाई आफ्नो पतिबाट कुनै पनि बेला उत्तम व्यवहार र प्रतिष्ठा चाहियो चाहे पुरुष आफ्नी स्वास्नी भित्र केही अप्रिय कुरा किन पायोस् । कुर्आनमा अल्लाह तआलाको भनाइ छः

[ وَعَاشِرُوهُنَّ بِالْمَعْرُوفِ فَإِن كَرِهْتُمُوهُنَّ فَعَسَى أَن تَكْرَهُواْ شَيْئاً وَيَجْعَلَ اللهُ فِيهِ خَيْراً كَثِيراً]

النساء ١٩

((तीसँग तिमी राम्रै व्यवहारबाट रहन सहन गर । यदि त्यो तिमीलाई अप्रिय छन् भने हुनुसक्छ कि जो चिज तिम्रो लागि अप्रिय छ तर अल्लाह तआलाले त्यसमा धेरै जसो गुणहरू राखेको छन)) | **(अन्निसा, श्लोकः१९)**

अप्रिय कुरा हेर्ने बेलामा पनि महिलालाई अपमान गर्नु अनुचित छ बरू त्योसँग ममता कोमलता र दया पूर्ण व्यवहार गर्नु पर्छ वा उत्तम तरीकाले तलाक् दिनु पर्छ | अल्लाह तआलाले भन्नुभयो :

[الطَّلاَقُ مَرَّتَانِ فَإِمْسَاكٌ بِمَعْرُوفٍ أَوْ تَسْرِيحٌ بِإِحْسَانٍ]البقرة ٢٢٩

((तलाक दुइ पटक् छ,अथवा राम्रैसँग पत्नीलाई रोकिजाइयोस् वा वेश तरीकाले विदा गरिदिइयोस्)) | **(अल् बक्रा, श्लोकः२२९)**

यो कुरालाई ध्यानमा राख्दै कि महिलामा पूर्णता असम्भव छ,जस्तो कि नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

(( اسْتَوْصُوا بِالنِّسَاءِ فَإِنَّ الْمَرْأَةَ خُلِقَتْ مِنْ ضِلَعٍ وَإِنَّ أَعْوَجَ شَيْءٍ فِي الضِّلَعِ أَعْلَاهُ فَإِنْ ذَهَبْتَ تُقِيمُهُ كَسَرْتَهُ وَإِنْ تَرَكْتَهُ لَمْ يَزَلْ أَعْوَجَ فَاسْتَوْصُوا بِالنِّسَاءِ )) صحيح البخاري

((महिला सम्बन्ध वसीयत(महत्वपूर्ण आदेश)लाई ध्यानमा राख्नुहोस् किनभने महिलाको सृष्टि कोखको हाडोबाट भएको छ र कोखको माथिल्लो भागको हाड अति नै बाँक्लो हुन्छ, यदि तिमी उसलाई सिधा गर्न चाहन्छ भने त्यो टुट्ने छ र यदि उसलाई छोडीदिन्छ भने त्यो बाँक्लो नै रहने छ, यसो हुनाले तिमी मेरो आदेशलाई ध्यानमा राख्नु होला)) | **(सही बुखारी)** वैवाहिक जिवनमा कुनै पनि बेला त्रुटी उत्पन्न हुनु स्वभाविक कुरा हो यसो हुनाले पतिलाई आदेश दिइएको छ कि त्यो आफ्नी स्वास्नीमा केही त्रुटी

हेर्न बोला धर्य्यता र गम्भिरताको बानीलाई अपनायोस् ताकि दुवै बिचको सम्बन्धमा केही आपत्तिजनक स्तिथि प्रकट नहोस् । नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

((لَا يَفْرَكْ مُؤْمِنٌ مُؤْمِنَةً إِنْ كَرِهَ مِنْهَا خُلُقًا رَضِيَ مِنْهَا آخَرَ)) صحيح مسلم

((मोमिन मानिस मोमिन महिलाबाट क्रोधित नहोस् यदि त्यो उसको व्यवहारबाट अप्रसन्न छ भने अर्को मानिस त्योबाट प्रसन्न हुने छ)) । **(सही मुस्लिम)**

**(ख)**- पत्नीलाई हँसाउनु, खेलाउनु र त्योसँग माया गर्नु अति नै बेश हो । हजरत आइशा रज़िअल्लाहु अन्हा भन्दछिन्ः

(( سابقني النبي صلى الله عليه وسلم فسبقه فلبثنا حتى إذا أرهقني اللحم سابقني فسبقني فقال النبي صلى الله عليه وسلم هذه بتلك)) صحيح ابن حبان.

(( मसँग नबी सल्लल्लाहु अलैहे वसल्लमले दौड़ प्रतियोगिता गर्नुभयो अतः म उहाँबाट अगाडी बढें फेरि म मोटी भैसके र नबी सल्लल्लाहु अलैहे वसल्लम पुनः मसँग दौड़नुमा प्रतियोगिता गर्नुभयो अतः यो पटक् उहाँले मबाट अगाडी बढी सके, र भन्नुभयोः यो त्यसको सट्टामा छ)) । **(सही इब्ने हिब्बान)**

बरु इस्लामले यस्तो गर्नलाई हक बताएको छ, नबी सल्लल्लाहु अलैहे वसल्लम भन्दछन्ः

((... وكل شيء يلهو به الرجل باطل إلا رمي الرجل بقوسه أو تأديبه فرسه أو ملاعبته إمرأته فإنهن من الحق...)) سنن البيهقي.

((त्यो प्रत्येक चिज जसबाट मानिस खेले र व्यस्त भैजान्छ व्यर्थ हो तर तीर चलाएर निशाना बनाउनु वा
आफ्नो घोडालाई शिष्टताको शिक्षा दिनु वा आफ्नी स्वास्नीसँग खेल्नु ती कुराहरू हक र बेश छन्)) **(बैहक़ी)**

***(ग)-*** त्यसको खास धनलाई रक्षा गर्नु अतः पुरुषलाई आफ्नी स्वास्नीको धनबाट बिना अनुमति, सहमति र जानकारी खर्च गर्नु अनुचित मानिएको छ,जस्तो कि अल्लाह तआलाले कुरआनमा भन्नुभयोः

[وَلَا تَأْكُلُوٓاْ أَمْوَٰلَكُم بَيْنَكُم بِٱلْبَٰطِلِ]البقرة١٨٨

((तिमीहरू आफन्तमा एक अर्काको धनलाई अवैध रूपले नखाऔ)) । **(अल्‌बक्रा,श्लोकः१८८)**

***(घ)-*** घरेलु समस्याहरूमा स्वास्नीबाट बिचार र सल्लाह गर्नुलाई वेश मानिएको छ । घरेलु सिद्धान्तको विपरित कुरा छ कि मानिस आफ्नी स्वास्नीको सल्लाहलाई उपेक्षित गर्दै मात्र आफ्नो विचारलाई मान्यता दियोस् । जब कि अल्लाह तआलाको भनाइ छः

[وَأَمْرُهُمْ شُورَىٰ بَيْنَهُمْ] الشورى٤٩

((तिनीहरू आफ्ना समस्याहरू आफन्तमा सल्लाह गरे र समाधान गर्छन्)) । **(अश्शुरा, श्लोकः३८)**

***(ङ)-*** बिना केही खाँचो सम्झदै घरेलु कार्यमा स्वास्नीलाई सहायता पुऱ्याउनु । नबी सल्लल्लाहु अलैहे वसल्लम आफ्नो लुगालाई स्वयम सिउनुहुन्थ्यो र आफ्नो जुत्तामा स्वयम टाँकाले गाँस्दथे र घरेलु कार्यहरूमा पत्नीलाई सहायता गर्दथे । श्रीमति आइशा रज़िअल्लाहु अन्हाको भनाइ छ : ((कि नबी सल्लल्लाहु अलैहे वसल्लम आफ्नी स्वास्नीसँग घरेलु कार्यमा व्यस्त हुन्थे र जब नमाज़को समय हुन्थ्यो भने उहाँ मस्जिदमा गएर र नमाज़ पढ्थे)) ।(सही बुखारी)निसंदेह हाम्रो लागि रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लमको जीवनमा आदर्श छ ।

***(च)-*** स्वास्नीमाथि शंका आदि गर्नुबाट बच्नु । नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

((إِذَا أَطَالَ أَحَدُكُمْ الْغَيْبَةَ فَلَا يَطْرُقْ أَهْلَهُ لَيْلًا)) صحيح البخاري

((जब तिमीहरूमध्ये कोही व्यक्ति आफ्नो घरबाट लामो समयसम्म अनुपस्थित थियो भने उसले चाहियो कि पूर्व सूचनाविनै रातमा आफ्नो घरमा प्रवेश नगरोस्)) । **(सही बुखारी)** यात्राबाट अचानक फर्के र घरमा आउनुमा हुनसक्छ कि मानिस आफ्नी स्वास्नीलाई अप्रिय स्तिथिमा हेरेर क्रोधित हुनेसक्छ जसको प्रमाण लुकेको छैन ।

***(छ)-*** स्वास्नीलाई यो अधिकार प्राप्त छ कि आफ्नो पतिमा अप्रिय कुरा पाइएमा त्योबाट तलाक़ माँग्ने सक्छिन् तर शर्त छ । कि यदि महरको धन पुरुष माँग गर्छ भने स्त्रीलाई त्यो धन फर्काउनु पर्छ । हदीसमा यो घट्ना उल्लेख छ कि हबीबा बिन्ते सहल हजरत साबित बिन कैस बिन शम्मासकी स्वास्नी थिइन् र त्यो एउटा असुन्दर व्यक्ति थियो, ती महिलाले नबी सल्लल्लाहु अलैहे वसल्लमसित आफ्नो समस्या राख्दै भनिन्:

((يَا رَسُولَ اللَّهِ وَاللَّهِ لَوْلَا مَخَافَةُ اللَّهِ إِذَا دَخَلَ عَلَيَّ لَبَصَقْتُ فِي وَجْهِهِ فَقَالَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ أَتَرُدِّينَ عَلَيْهِ حَدِيقَتَهُ قَالَتْ نَعَمْ فَرَدَّتْ عَلَيْهِ حَدِيقَتَهُ قَالَ فَفَرَّقَ بَيْنَهُمَا رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ)) سنن ابن ماجة.

((हे अल्लाहका संदेष्टा! अल्लाहको कसम यदि मलाई अल्लाहको भय हुन्थ्यन भने मकहाँ प्रवेश हुँदा बेला अवश्य म उसको अनुहारमाथि थुक हालि दिन्थे । अतः रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लमले भन्नु भयोः के तिमी उसको बगैंचालाई फर्काउने छ ? उसले भनिन्: हो, र उसले बगैंचालाई फर्काइ देउन्, तब रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लमले ती दुवैलाई एक अर्कोबाट अलग गरिदिए)) । **(इब्ने माजा)**

*(ज)-* स्वास्नीलाई दिक्क पुऱ्याउनु र गाली गोफ्ता गर्नु मनाही छ । एक व्यक्तिले नबी सल्लल्लाहु अलैहे वसल्लमसित सोधेँ कि स्वास्नीको हक पतिमाथि के छ? अतः उहाँले उत्तर दिनु भयोः जब तिमी खाना खाओस् भने उसलाई पनि खुआउ र जब तिमी लुगा पहिरोस् भने उसलाई पनि पहिराउ र उसको अनुहारमाथि थप्पड़ नहान र उसलाई गाली नगर र उसलाई घरबाट बाहिर नछोड । (अबूदाउद)

*(झ)-* स्वास्नीलाई निरीक्षण गर्नु ताकि उसको प्रतिष्ठा र महानतालाई अपमानित हुनेबाट बचाइरहोस् । नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

(( ثلاثة لا يدخلون الجنة العاق بوالديه والديوث ورجلة النساء)) المستدرك

((तीन प्रकारका मानिस स्वर्गमा प्रवेश हुने सक्दैनन्, आफ्नो बुबा र आमाको अवज्ञाकारी, नकच्चो मानिस र पुरुषको सदृष अपनाउने महिला)) । **(मुस्तद्‌रक)**

*(ञ)-* स्वास्नीप्रति स्वाभिमान हुनु र उसलाई उपद्रवका स्थानहरूबाट टाँढा राख्नु अनि खेलकुद र दुश स्थलहरूतिर नलैजानु । नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

((إِنَّ اللَّهَ يَغَارُ وَإِنَّ الْمُؤْمِنَ يَغَارُ وَغَيْرَةُ اللَّهِ أَنْ يَأْتِيَ الْمُؤْمِنُ مَا حَرَّمَ عَلَيْهِ)) صحيح مسلم.

((निसंदेह अल्लाह तआला स्वाभिमानी छ र मोमिन मानिस पनि स्वाभिमानी छ, र अल्लाह तआलाको स्वाभिमान त्यो बेला अति नै हुन्छ । जब मोमिन मानिस वर्जित कार्य गर्नथाल्छ)) । **(सही मुस्लिम)**

तर स्वाभिमान गर्नुमा माध्यमिक स्तिथिलाई अपनाउनु अनिवार्य हुन्छ । नबी सल्लल्लाहु अलैह्हे वसल्लमको भनाइ छः

((مِنْ الْغَيْرَةِ مَا يُحِبُّ اللَّهُ وَمِنْهَا مَا يَكْرَهُ اللَّهُ فَأَمَّا مَا يُحِبُّ فَالْغَيْرَةُ فِي الرِّيبَةِ وَأَمَّا مَا يَكْرَهُ فَالْغَيْرَةُ فِي غَيْرِ رِيبَةٍ)) سنن ابن ماجة.

((स्वाभिमानमध्ये एक यस्तो पनि छ। कि जसलाई अल्लाह तआला प्रिय गर्छ र अर्को यस्तो पनि छ जसलाई अल्लाह तआला अप्रिय गर्छ, अतः त्यो स्वाभिमान जसलाई अल्लाह तआला प्रिय गर्छ पाप हेर्दाखेरि स्वाभिमान हो, र जसलाई अल्लाह तआला अप्रिय गर्छ बिना पाप हेरे स्वाभिमान गर्नु हो))। **(इब्ने माजा)**

## *३- इस्लाम धर्ममा आमाका हकहरू:-*

इस्लाम धर्मले बुबा र आमाको महत्व र ति दुवैका हकहरू सम्बन्धमा कुर्आन र हदीसका धेरै जसो ठाउँमा उल्लेख गरेको छ, जस्तो कि कुर्आनमा अल्लाह तआलाले भन्नभयो :

[وَقَضَى رَبُّكَ أَلاَّ تَعْبُدُواْ إِلاَّ إِيَّاهُ وَبِالْوَالِدَيْنِ إِحْسَاناً إِمَّا يَبْلُغَنَّ عِندَكَ الْكِبَرَ أَحَدُهُمَا أَوْ كِلاَهُمَا فَلاَ تَقُل لَّهُمَا أُفٍّ وَلاَ تَنْهَرْهُمَا وَقُل لَّهُمَا قَوْلاً كَرِيماً وَاخْفِضْ لَهُمَا جَنَاحَ الذُّلِّ مِنَ الرَّحْمَةِ وَقُل رَّبِّ ارْحَمْهُمَا كَمَا رَبَّيَانِي صَغِيراً] الإسراء:٣٤-٣٥

((तिम्रो प्रभुले निर्णय गरिदिएको छः कि तिमीहरू अल्लाहको विपरित कसैलाई पुजा नगर। र बुबा र आमासँग उत्तम व्यवहार गर, यदि ति दुवैमध्ये कोही बुढ़ो भैइजान्छ भने उसलाई उहुसम्म पनि नभन, र उसलाई झपार्ने र उत्तर पनि नदेउ, बरू त्योसँग आदरपूर्ण कुरा गर। र नम्रता तथा दयालुतासँग तीसँग बस, र प्रार्थना गर्दै गर कि हे पालनकर्ता ति दुवैमाथि दयाँ गर जस प्रकार तिनीहरूले दयालुता र करुणासँग मलाई बाल्यकालमा पालनपोषण गरेका थिए))। **(अल् इस्रा, श्लोकः२३-२४)**

***(क)-*** बुबा र आमासँग स्वभाविक व्यवहार गर्नु र ति दुवैलाई सेवा गर्नु स्वर्गमा प्रवेश हुने कारण बताएको छ। एक व्यक्ति नबी सल्लल्लाहु अलैहे वसल्लमकहाँ आए र उहाँसित प्रश्न गरे कि हे

अल्लाहका संदेष्टा म जेहाद गर्ने विचार निशिचित गरेको छु र यस सम्बन्धमा तपाईसँग सल्लाह गर्न चाहन्छु । अतः नबी सल्लल्लाहु अलैहे वसल्लमले उ मानिसबाट प्रश्न गर्नु भयो कि के तिम्रो आमा जिवित हुन् उसले उत्तर दियो । अतः उहाँले उस व्यक्तिलाई आदेश दिनु भयो कि तिमी आफ्नो घरमा बस र आमालाई सेवा गर किनभने स्वर्ग आमाको खुट्टा तल छ । **(मुस्तद्रक)**

किनभने समाजमा महिला वर्ग पुरुषको अतिरिक्त दुर्वल पाइएको छ र सम्भव छ कि त्यसका हकहरूलाई उपेक्षित पारिदियोस्, यसो हुनाले इस्लाम धर्मले आमासँग दयाँ, करुणा, सेवा र स्वभावपूर्ण व्यवहार गर्नलाई बुबाभन्दा विशेष निर्देष र महत्व दिएको छ । हजरत अबू हुरैरह रज़िअल्लाहु अन्हुबाट रिवायत छ कि एक व्यक्ति नबी सल्लल्लाहु अलैहे वसल्लमकहाँ आएर उहाँसित सोध्नु भयो । कि हे अल्लाहका संदेष्टा! मेरो स्वभाव पाउने अधिकार मानिसहरूमध्ये सबैभन्दा बढी को राख्छ ? उहाँले भन्नुभयोः तिम्रो आमा । पुनः उसले सोध्नु भयो फेरि को ? उहाँले उत्तर दिनु भयोः तिम्रो आमा । पुनः उसले सोध्यो फेरि को ? ऊहाँले भन्नु भयो तिम्रो बुबा । **(सहीबुखारी)**

उपरोक्त हदीसको तात्पर्य बिलकुल स्पष्ट छ कि सेवा र स्वभाव आदि पाउनेमा आमाको अधिकार बुबा भन्दा तीन गुना बढी छ र त्यो यस कारणले कि आमा गर्भ,जन्माउने र दुध पिलाउने कष्टहरूलाई बर्दाश्त गर्दछिन् र यि तीन कुराहरूमा आमा एक्लै हुँदाछिन् पुनः बुबा पनि पालनपोषण गर्नेमा सहभागी हुन्छन । त हे दाजु ! आमा तिमीलाई आफ्नो भुँडिमा नौ महीनासम्म बोकेकी थिइन् र तिमी उसको खानपान र स्वास्थको हिसाबमा

भुँडि भित्र जिवन बिताए, त्यसपछि दुई सालसम्म उसका दुध खाँयौं । त्यो कुरातिर शंकेत गर्दै अल्लाह तआलाले कुर्आनमा भन्नुभयो :

[وَوَصَّيْنَا الْإِنسَانَ بِوَالِدَيْهِ حَمَلَتْهُ أُمُّهُ وَهْناً عَلَى وَهْنٍ وَفِصَالُهُ فِي عَامَيْنِ أَنِ اشْكُرْ لِي وَلِوَالِدَيْكَ إِلَيَّ الْمَصِيرُ] لقمان١٥

((निसंदेह, हामीले मनुष्यलाई उसको बुबा र आमाका अधिकारहरू पहिचान गर्ने स्वयम शक्ति प्रदान गर्‍यो । उसकी आमाले दुःखपछि दुःख झेले र उसलाई आफ्नो भुँडिमा बसाइन् र दुई वर्ष उसको दुध छूट्नेसम्म । यसो हुनेले तिमी मेरो प्रति कृतज्ञता गर र आफ्नो बुबा र आमाको पनि कृतज्ञता गर, र सबैलाई मेरै तर्फ फर्कनु पर्छ)) । **(लुक़्मान, श्लोकः १४)**

र ति दुवैको अवज्ञाकारी हुने र अधिकारहरू नदिनेलाई अवैध र महा पाप बताएको छ । नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नु भयोः

((إِنَّ اللَّهَ حَرَّمَ عَلَيْكُمْ عُقُوقَ الْأُمَّهَاتِ وَوَأْدَ الْبَنَاتِ وَمَنَعَ وَهَاتِ وَكَرِهَ لَكُمْ قِيلَ وَقَالَ وَكَثْرَةَ السُّؤَالِ وَإِضَاعَةَ الْمَالِ)) البخاري

((अल्लाह तआलाले तिमीहरूमाथि अवैध गरेको छ । आमाको अवज्ञ हुनेबाट, र अरूबाट लिनु तथा कसैलाई नदिनुबाट, छोरीहरूलाई जिवित गाँडिदिनुबाट, धेरै कुराकानी गर्नुबाट, धेरै प्रश्न गर्नु र धनलाई बरबाद गर्नुबाट)) । **(सही बुखारी)**

बुबा र आमाका आदेशको आज्ञापालन गर्नु अनिवार्य छ । जबसम्म कि अल्लाहको अवज्ञाकारी हुनेको ति दुवै आदेश नदेउँ किनकिन अल्लाहको प्रसन्नतालाई बुबा र आमाको प्रसन्नतामाथि प्रधानता प्राप्त छ र अल्लाहको आदेशको आज्ञापालन गर्नुलाई बुबा र आमाको आदेशमाथि प्रधानता प्राप्त छ । र त्यसको यो अर्थ छैन

कि ति दुवैसँग अस्वभाविक व्यवहार गरियोस् बरू नम्रता, दया तथा स्वभावपूर्ण व्यवहार गर्नु कुनै पनि स्तिथिमा अनविार्य छ । जस्तो कि अल्लाह तआलाले यस सम्बन्धमा कुर्आनमा भनेको छः

[وَإِن جَاهَدَاكَ عَلى أَن تُشْرِكَ بِي مَا لَيْسَ لَكَ بِهِ عِلْمٌ فَلَا تُطِعْهُمَا وَصَاحِبْهُمَا فِي الدُّنْيَا مَعْرُوفاً وَاتَّبِعْ سَبِيلَ مَنْ أَنَابَ إِلَيَّ ثُمَّ إِلَيَّ مَرْجِعُكُمْ فَأُنَبِّئُكُم بِمَا كُنتُمْ تَعْمَلُونَ] لقمان٢٦

((किन्तु यदि ति दुवै तिमीमाथि दबाव होस् कि मसँग त कसैलाई सहभागी गर जस बारेमा तलाई जानकारी छैन भने त उसको आदेशलाई कहिल्यै नमान । संसार ति दुवैसँग स्वभाविक उत्तम व्यवहार गर्दै गर, तर हिँड त्यो मानिसको मार्गमाथि जो म तर्फ पल्टेको छ)) । **(लुक़्मान. श्लोकः १५)**

र अल्लाह तआलाले बुबा र आमाको अधिकारको महत्व बताउने उद्देश्य हो,यो कुरा स्पष्ट गरेको छ । कि उसको प्रसन्नता बुबा र आमाको प्रसन्नताबाट प्राप्त हुने छ । र उसको अप्रसन्नता बुबा र आमाको अप्रसन्नतामा छ । यस्तो अल्लाह तआलाले गर्नु भयो ताकि केटाहरू आफ्ना बुबा र आमाहरूसँग स्वभाविक व्यवहार गर्दै तिनीहरूको जिवनलाई शान्ति र सन्तुष्टपूर्ण बनाउने प्रयास गरुन् । नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयो :

(( رضاء الله في رضاء الوالد وسخط الله في سخط الوالد)) سنن ابن حبان.

((अल्लाहको प्रसन्न्ता बुबाको प्रसन्नतामा छ । र अल्लाहको अप्रसन्नता बुबाको अप्रसन्नता छ)) । **(इब्ने हिब्बान)**

अतः ति दुवैको प्रसन्नता र ति दुवैसँग राम्रो व्यवहार गर्नमा स्वर्ग प्राप्त हुने छ र ति दुवैको अप्रसन्नता र ति दुवैलाई दुःख पुर्‍याउनमा नर्कमा जाने कारण मानिएको छ । जस्तो कि नबी सल्लल्लाहु अलैहे वसल्लमले कयौं हदीसमा स्पष्ट गरेका छन् ।

हजरत अबू उमामाबाट उल्लेख छ कि एक व्यक्तिले नबी सल्लल्लाहु अलैहे वसल्लमसित सोधेँः

(( مَا حَقُّ الْوَالِدَيْنِ عَلَى وَلَدِهِمَا قَالَ هُمَا جَنَّتُكَ وَنَارُكَ)) سنن ابن ماجة.

((हे अल्लाहका संदेष्टा बुबा र आमाको केटामाथि के अधिकार छ ? उहाँले भन्नुभयोः तिम्रो लागि ति दुवै स्वर्ग र नर्कमा प्रेश हुने कारण छन्)) । **(इब्ने माजा)**

इस्लामले आमा र बुवाको सेवा गर्नलाई ऐच्छिक उपासना इत्यादिमाथि पनि बढ़ी तरिकाले दिएको छ :

عَنْ أَبِي هُرَيْرَةَعَنْ النَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَالَ لَمْ يَتَكَلَّمْ فِي الْمَهْدِ إِلَّا ثَلَاثَةٌ : عِيسَى بن مريم عليه السلام وَكَانَ فِي بَنِي إِسْرَائِيلَ رَجُلٌ يُقَالُ لَهُ جُرَيْجٌ وَكَانَ رَجُلًا عَابِدًا فَاتَّخَذَ صَوْمَعَةً فَكَانَ فِيهَا، فَأَتَتْهُ أُمُّهُ وَهُوَ يُصَلِّي فَقَالَتْ يَا جُرَيْجُ فَقَالَ يَا رَبِّ أُمِّي وَصَلَاتِي فَأَقْبَلَ عَلَى صَلَاتِهِ فَانْصَرَفَتْ فَلَمَّا كَانَ مِنْ الْغَدِ أَتَتْهُ وَهُوَ يُصَلِّي فَقَالَتْ يَا جُرَيْجُ فَقَالَ يَا رَبِّ أُمِّي وَصَلَاتِي فَأَقْبَلَ عَلَى صَلَاتِهِ فَانْصَرَفَتْ فَلَمَّا كَانَ مِنْ الْغَدِ أَتَتْهُ وَهُوَ يُصَلِّي فَقَالَتْ يَا جُرَيْجُ فَقَالَ أَيْ رَبِّ أُمِّي وَصَلَاتِي فَأَقْبَلَ عَلَى صَلَاتِهِ فَقَالَتْ اللَّهُمَّ لَا تُمِتْهُ حَتَّى يَنْظُرَ إِلَى وُجُوهِ الْمُومِسَاتِ فَتَذَاكَرَ بَنُو إِسْرَائِيلَ جُرَيْجًا وَعِبَادَتَهُ وَكَانَتْ امْرَأَةٌ بَغِيٌّ يُتَمَثَّلُ بِحُسْنِهَا فَقَالَتْ إِنْ شِئْتُمْ لَأَفْتِنَنَّهُ لَكُمْ قَالَ فَتَعَرَّضَتْ لَهُ فَلَمْ يَلْتَفِتْ إِلَيْهَا فَأَتَتْ رَاعِيًا كَانَ يَأْوِي إِلَى صَوْمَعَتِهِ فَأَمْكَنَتْهُ مِنْ نَفْسِهَا فَوَقَعَ عَلَيْهَا فَحَمَلَتْ فَلَمَّا وَلَدَتْ قَالَتْ هُوَ مِنْ جُرَيْجٍ فَأَتَوْهُ فَاسْتَنْزَلُوهُ وَهَدَمُوا صَوْمَعَتَهُ وَجَعَلُوا يَضْرِبُونَهُ فَقَالَ مَا شَأْنُكُمْ قَالُوا زَنَيْتَ بِهَذِهِ الْبَغِيِّ فَوَلَدَتْ مِنْكَ فَقَالَ أَيْنَ الصَّبِيُّ فَجَاءُوا بِهِ فَقَالَ دَعُونِي حَتَّى أُصَلِّيَ فَصَلَّى فَلَمَّا انْصَرَفَ أَتَى الصَّبِيَّ فَطَعَنَ فِي بَطْنِهِ وَقَالَ يَا غُلَامُ مَنْ أَبُوكَ قَالَ فُلَانٌ الرَّاعِي قَالَ فَأَقْبَلُوا عَلَى جُرَيْجٍ يُقَبِّلُونَهُ وَيَتَمَسَّحُونَ بِهِ وَقَالُوا نَبْنِي لَكَ صَوْمَعَتَكَ مِنْ ذَهَبٍ قَالَ لَا أَعِيدُوهَا مِنْ طِينٍ كَمَا كَانَتْ فَفَعَلُوا ، ألخ " متفق عليه

हज़्रत अबू हुरैर: रज़ीअल्लाहु अन्हुले भन्नु हुन्छ कि अल्लाहका नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः ((तीन जना बाहेक कसैले बालक अवस्थामा कुरा गर्न भएको छैन् एक ईसा

अलैहिस्सलाम र दोस्रो बनू ईसराईल का एक जना जसको नाम जुरैज थियो वहाँले एउटा पाठशाला बनाई त्यहीं बस्नु हुन्थ्यो | एक पटक वहाँको आमा वहाँसँग भेट गर्नको लागि वहाँसँग पुग्नुभयो र जुरैज भन्दै गुहार लगायो तर वहाँ त्यस बेला नमाज़(सलात)पढदै हुनु हुन्थ्यो | आफ्नै मनमा पालनकर्तासंग भन्यो मेरो आमा र उपासना! के गरुं वहाँले केही उत्तर नदिई नामज़(उपासना) को लागी बस्नु भयो | पुनःवहाँको आमा केही उत्तर नसुनी फर्कनु भयो | दोस्रो र तेस्रो दिन पनि यस्तै भयो अनि आमाले रिसाएर भन्नुभयो हे अल्लाह जुरैजलाई त्यो बेलासम्म मृत्यु न दियोस् जब सम्म उ रन्डीहरूका अनुहारहरूलाई हेरे र अपमान नभयोस । इस्राईलको बंशमा वहाँको सदाचार र वहाँको उपासनाको बारेमा धेरै चर्चा थियो र त्यहीं एउटी बेश्या स्त्री अति नै सुन्दर थिईन् र उनी हरूसँग भनिन् यदि तिमीहरुको इच्छा भयो भने म उसलाई फकाउछु फेरी वहाँलाई छेडछाड गर्नुभयो तर वहाँ उसको तर्फ केही ध्यान दिनु भएन फेरी ति स्त्रीले बाखो चराउने व्यक्तिसंग गलत सम्पर्क गर्नु भएछ र उस संग गर्भ वति पनि भइन् जब बच्चा जन्मेपछि उसले भनिन् यो वच्चा जुरैजको हो । यति सुनी गाउँलेहरू वहाँकहाँ पुगे र वहाँलाई तल झाडी वहाँको झोपडीलाई खसाइ दिए र वहाँलाई कुट पिट गर्न थाले । वहाँले भन्नुभयो तपाईहरू किन यस्तो गरी राखेको ? त उनी हरूले भन्यो तिमीले यि वेश्यासंग बलतकार गरेको र यसले तिम्रो यो बच्चा पैदा गरेको हो । त जुरैजले भन्नुभयो बच्चा कता छ? जब उनीहरूले बच्चा लाउनु भए त वहाँले भन्नुभयो: मलाई नमाज़ पढन दिनु फेरी नमाज़ पढेरपछि बच्चाको निकट आएर उसको भोडीमा हाथ मारी त्योसँग प्रश्न गर्नुभयो हे केटा तिम्रो पिता को हो? त उसले

भन्यो फलानो गठालो । त मानिस हरूले जुरैजलाई चुमन चाटी गर्न थाल्यो र वहाँसंग भन्नु भयो तपाईको लागि हामीहरू सुनको कोठा बनाई दिने छौं तर वहाँले भन्नु भयो होइन बरू पहिलो जस्तै नै माटोको बनाइ देऊ त उनी हरूले बनाइ दिए)) । **(बुखारी, मुस्लिम)**

वरू आमा र बुबासंग पुण्य गर्नलाई अल्लाहको मार्गमा जेहाद भन्दा बढ़ीतरिकाले दिएको छ । जस्तो कि हज़्रत अबदुल्लाह बिन अमर बिन अल्आस रज़ीअल्लाहु अन्हुमाबाट प्रमाणीत छ

**عن عَبْدَ اللَّهِ بْنَ عَمْرِو بْنِ الْعَاصِ قَالَ أَقْبَلَ رَجُلٌ إِلَى نَبِيِّ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَقَالَ أُبَايِعُكَ عَلَى الْهِجْرَةِ وَالْجِهَادِ أَبْتَغِي الْأَجْرَ مِنَ اللَّهِ قَالَ فَهَلْ مِنْ وَالِدَيْكَ أَحَدٌ حَيٌّ قَالَ نَعَمْ بَلْ كِلَاهُمَا قَالَ فَتَبْتَغِي الْأَجْرَ مِنْ اللَّهِ قَالَ نَعَمْ قَالَ فَارْجِعْ إِلَى وَالِدَيْكَ فَأَحْسِنْ صُحْبَتَهُمَا " (البخاري)**

कि एक जना अल्लाहका रसूल सल्लल्लाहु अलैहे वसल्लमकहाँ आउनु भयो र वहाँलाई भन्नु भयो हे अल्लाहका नबी सल्लल्लाहु अलैहे वसल्लम म पुण्यको लागि अल्लाहको मार्गटोमा जेहाद र हिजरत बारे तपाईसंग प्रतिज्ञा गर्न चाहन्छु । अतः रसुलुल्लाह सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः के तिम्रो आमा र बुवामध्ये कोही जिवित छ ? अतः उसले भन्योः हाँ बरू दुवै जिवित छन् त वहाँ सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः यदि तिमी अल्लाहसित पुण्य चाहन्छ भन्ने तँ आफ्ना बुवा र आमा तर्फ फर्केर जा अनि तिनीलाई सेवा संस्कार गर । ***(बुखारी)***

✷ किनकि इस्लाम आफन्तमा नातागोता जोड़नेमाथि बल दिन्छ र मानिसहरु बिच सम्बन्धलाई वलियो पार्छ र त्यसलाई विच्छद गर्दैन, यसै कारणले प्रत्येक अवस्थामा आमा र बुवासंग मायाँ र राम्रो व्यव्हार तथा आदर पूर्वक कुराकानीलाई इस्लामले अनिवार्य गरेको छ चाहेँ उनीहरू कुनै अरू धर्म मान्ने किन न होस् ।

عَنْ أَسْمَاءَ بِنْتِ أَبِي بَكْرٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَتْ قَدِمَتْ عَلَيَّ أُمِّي وَهِيَ مُشْرِكَةٌ فِي عَهْدِ رَسُولِ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فَاسْتَفْتَيْتُ رَسُولَ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قُلْتُ وَهِيَ رَاغِبَةٌ أَفَأَصِلُ أُمِّي قَالَ نَعَمْ صِلِي أُمَّكِ. (صحيح البخاري)

अस्मा रज़ीअल्लाहु अन्हा भन्छे म आफनो आमा कहाँ गइन् र त्यो मुशरिक थिइन् र म रसूल सल्लल्लाहु अलैहे वसल्लमबाट यस बारेमा जान्न खोजिन् मैले भनें हे अललाहका रसूल म आफ्नो आमा कहाँ गइन् तर म वहाँलाई चाहिदैन के म वहाँ संग सम्बन्ध राखौं ? त अल्लाहका संदेष्टाले भन्नुभयोः हाँ वहाँ संग नाता जोड़ी राख्नुस् । (बुखारी)

✸ इस्लाम बुवा र आमाको महत्वमाथि जोड़ दिएको छ, अल्लाहका रसूल सल्लल्लाहु अलैहे वसल्लमले उनी दुवैको सेवालाई मानिसहरुको अल्लाहसंग दुआ (प्रार्थाना) स्विकार हुनको कारण बताउनु भएका छन् वहाँको भनाइ छः

يقُولُ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ انطَلَقَ ثَلَاثَةُ رَهْطٍ مِمَّنْ كَانَ قَبْلَكُمْ حَتَّى أَوَوْا الْمَبِيتَ إِلَى غَارٍ فَدَخَلُوهُ فَانْحَدَرَتْ صَخْرَةٌ مِنْ الْجَبَلِ فَسَدَّتْ عَلَيْهِمْ الْغَارَ فَقَالُوا إِنَّهُ لَا يُنْجِيكُمْ مِنْ هَذِهِ الصَّخْرَةِ إِلَّا أَنْ تَدْعُوا اللَّهَ بِصَالِحِ أَعْمَالِكُمْ فَقَالَ رَجُلٌ مِنْهُمْ اللَّهُمَّ كَانَ لِي أَبَوَانِ شَيْخَانِ كَبِيرَانِ وَكُنْتُ لَا أَغْبِقُ قَبْلَهُمَا أَهْلًا وَلَا مَالًا فَنَأَى بِي فِي طَلَبِ شَيْءٍ يَوْمًا فَلَمْ أُرِحْ عَلَيْهِمَا حَتَّى نَامَا فَحَلَبْتُ لَهُمَا غَبُوقَهُمَا فَوَجَدْتُهُمَا نَائِمَيْنِ وَكَرِهْتُ أَنْ أَغْبِقَ قَبْلَهُمَا أَهْلًا أَوْ مَالًا فَلَبِثْتُ وَالْقَدَحُ عَلَى يَدَيَّ أَنْتَظِرُ اسْتِيقَاظَهُمَا حَتَّى بَرَقَ الْفَجْرُ فَاسْتَيْقَظَا فَشَرِبَا غَبُوقَهُمَا اللَّهُمَّ إِنْ كُنْتُ فَعَلْتُ ذَلِكَ ابْتِغَاءَ وَجْهِكَ فَفَرِّجْ عَنَّا مَا نَحْنُ فِيهِ مِنْ هَذِهِ الصَّخْرَةِ فَانْفَرَجَتْ شَيْئًا لَا يَسْتَطِيعُونَ الْخُرُوجَ قَالَ النَّبِيُّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ وَقَالَ الْآخَرُ اللَّهُمَّ كَانَتْ لِي بِنْتُ عَمٍّ كَانَتْ أَحَبَّ النَّاسِ إِلَيَّ فَأَرَدْتُهَا عَنْ نَفْسِهَا فَامْتَنَعَتْ مِنِّي حَتَّى أَلَمَّتْ بِهَا سَنَةٌ مِنْ السِّنِينَ فَجَاءَتْنِي فَأَعْطَيْتُهَا عِشْرِينَ وَمِائَةَ دِينَارٍ عَلَى أَنْ تُخَلِّيَ بَيْنِي وَبَيْنَ نَفْسِهَا فَفَعَلَتْ حَتَّى إِذَا قَدَرْتُ عَلَيْهَا قَالَتْ لَا أُحِلُّ لَكَ أَنْ تَفُضَّ الْخَاتَمَ إِلَّا بِحَقِّهِ فَتَحَرَّجْتُ مِنْ الْوُقُوعِ عَلَيْهَا فَانْصَرَفْتُ عَنْهَا وَهِيَ أَحَبُّ النَّاسِ إِلَيَّ وَتَرَكْتُ الذَّهَبَ الَّذِي

أَعْطَيْتُهَا اللَّهُمَّ إِنْ كُنْتُ فَعَلْتُ ابْتِغَاءَ وَجْهِكَ فَافْرُجْ عَنَّا مَا نَحْنُ فِيهِ فَانْفَرَجَتْ الصَّخْرَةُ غَيْرَ أَنَّهُمْ لَا يَسْتَطِيعُونَ الْخُرُوجَ مِنْهَا قَالَ النَّبِيُّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ وَقَالَ الثَّالِثُ اللَّهُمَّ إِنِّي اسْتَأْجَرْتُ أُجَرَاءَ فَأَعْطَيْتُهُمْ أَجْرَهُمْ غَيْرَ رَجُلٍ وَاحِدٍ تَرَكَ الَّذِي لَهُ وَذَهَبَ فَثَمَّرْتُ أَجْرَهُ حَتَّى كَثُرَتْ مِنْهُ الْأَمْوَالُ فَجَاءَنِي بَعْدَ حِينٍ فَقَالَ يَا عَبْدَ اللَّهِ أَدِّ إِلَيَّ أَجْرِي فَقُلْتُ لَهُ كُلُّ مَا تَرَى مِنْ أَجْرِكَ مِنْ الْإِبِلِ وَالْبَقَرِ وَالْغَنَمِ وَالرَّقِيقِ فَقَالَ يَا عَبْدَ اللَّهِ لَا تَسْتَهْزِئُ بِي فَقُلْتُ إِنِّي لَا أَسْتَهْزِئُ بِكَ فَأَخَذَهُ كُلَّهُ فَاسْتَاقَهُ فَلَمْ يَتْرُكْ مِنْهُ شَيْئًا اللَّهُمَّ فَإِنْ كُنْتُ فَعَلْتُ ذَلِكَ ابْتِغَاءَ وَجْهِكَ فَافْرُجْ عَنَّا مَا نَحْنُ فِيهِ فَانْفَرَجَتْ الصَّخْرَةُ فَخَرَجُوا يَمْشُونَ " (صحيح البخاري)

((तिमीहरु भन्दा अघि समुदायका तीन जनाको एउटा समूह कहीं जान थाल्यो राति कुनै गुफामा शरण लिए जब उनीहरुले गुफामा प्रवेश गरे । अतः ढुंगाको एउटा ठूलो ढिस्को पहाड़बाट गुफामाथि खस्यो जसले गर्दा गुफाको मुहान बन्द भयो । अब तीन जनाले भने हामीहरुलाई गुफाबाट अल्लाह बाहेक कसैले बचाउन सक्दैन । हामीहरु अल्लाहलाई आफ्नो पुण्य कार्य जुन हामीहरुले आफ्नो जिवनमा यदि पहिले गरेकाछौं भने त्यसको वास्ता दिइ अल्लाहसंग प्रार्थाना गरौं । अतः एक जनाले अल्लाहसित यस प्रकार गुहार राख्नु भयोः हे अल्लाह मेरा आमा बुवा बुढ़ो भएका थिए म आफ्नो घर परिवार भन्दा अघि उनीहरुलाई दुध पिलाउँदै थियो एक दिन कुनै कारण म घर आउनमा ढिलो भयो यहाँ सम्म उनीहरु सुती हाल्यो दुध दुही उनीहरु बिच पुग्यो तर उनीहरु सुती हाल्नु भयो । र यो कुरा मलाई अप्रिय लाग्यो कि उनीहरु भन्दा पहिलो आफ्नो परिवारलाई दुध पिलाउं म वहाँहरुको प्रतिक्षा गर्न थाले यहाँसम्म कि विहान भयो । फेरी जब जाग्नु भयो भन्ने पिउन थाल्यो हे अल्लाह यो कार्य मैले मात्र तिम्रै खुशी र प्रसन्नताको लागि गरेको छु । मलाई यस आपत्तिबाट छुटकारा दिनुहोस् । तब

अल्लाहले त्यो ढिस्कोलाई अलिकति खसकाइ दिनुभयो तर पूर्ण रुपले निस्कन बाटो भएन । नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयो कि दोस्रो मानिसले यस्तो प्रार्थाना गर्नु भयोः हे अल्लाह मेरो चाचाको छोरी थिइन् म त्यसलाई सबभन्दा बढ़ी मायाँ गर्थ्ये । एक दिन म त्योसँग बलात्कार गर्न विचार गरें तर उसले तयार भ एन केही  समय सुख्खाबाट प्रभावित भइ आवश्यकताले मेरो पास आउने भईन् र मैले एक सय बिस दिनार व्यभिचारीको प्रतिज्ञा लिएर दिएं म जब तिसंग बलात्कारीको इच्छा गरे त उसले भनिन् जुन तालालाई अल्लाहले लगाएको छ त्यसलाई अनुचित तरीकाबाट नखोल तब मैले त्यसलाई छाड़ी दिएं र उसको पैसालाई पनि माफ गरी दिएं हे अल्लाह त्यो कार्य मैले मात्र तिम्रो खुशी र प्रसंशाको लागि गरेको छु । मलाई यस आपत्तिबाट छुटकारा दिनुहोस् । तब अल्लाहले त्यो ढिस्कोलाई अलि खसाइ दिनुभयो । तर पूर्णरुपले निस्कन बाटो भएन । तेस्रो व्यक्तिले भन्योः हे अल्लाह म मज़दुर हरुलाई काममा लगाए एक जना आफ्नो मज़दुरी छाड़ेर जानुभयो । मैले उसको मज़दुरीलाई व्यापारमा लगाईदिए र उस मज़दुरीबाट धेरै माल,सम्पति बढ़यो उ मज़दुर एक दिन लामो समयपछि आयो र म संग आफ्नो मज़दुरी माग्नु भयो मैले भनें यो बाखो, गोरु,ऊँट तथा कमारहरु तिम्रो मजदुरीले यति नै भएको छ । उसले भन्यो मसंग मजाक नगर्नुस् मैले भनें यो मजाकको कुरा होइन वास्तवमा तिम्रो हो । तब उसले पुरै लिएर जानु भयो केहि पनि छाड़नु भएन । हे अल्लाह यो कार्य मैले मात्र तिम्रै खुशी र प्रसंशाको लागि गरेको छु मलाई यस आपत्तिबाट छुटकारा दिनुहोस् । तब अल्लाह ले ढिस्कोलाई पूर्णरुपले खसाइ दिनुभयो अनि उनिहरु त्यस गुफाबाट निस्कनु भयो । **(बुखारी)**

✹ इस्लामले आमा बुवाको सेवा र उनीहरुसंग राम्रो व्यहारलाई पापको प्राइस्चीत हुनको कारण बताउनु भएको छ ।

عن ابن عمر ، قال : أتى رسول الله صلى الله عليه وسلم ، رجل ، فقال : يا رسول الله ، إني أذنبت ذنبا كبيرا ، فهل لي من توبة ؟ ، فقال له رسول الله صلى الله عليه وسلم : « ألك والدان ؟ » ، قال : لا ، قال : « فلك خالة » ؟ ، قال : نعم ، قال : « فبرها إذا » صحيح ابن حبان

अब्दुल्लाह बिन उमर रज़ीअल्लाहु अन्हमुले भन्नु भएको छ । एक जना अल्लाहका रसूल सल्लल्लाहु अलैहे वसल्लमको समक्ष आएर भन्योः हे अल्लाहका रसूल सल्लल्लाहु अलैहे वसल्लम मैले ठूलो पाप गरेको छु के क्षमा गर्नको लागि केही अवसर छ ? अतः अल्लाहका रसूल सल्लल्लाहु अलैहे वसल्लमले त्योलाई सोध्नुभयोः के तिम्रा बुवा र आमा छन् त उसले भन्यो छैन तब वहाँले भन्नु भयो के तिम्रो सानीमा छ भन्यो हाँ तब वहाँले भन्नु भयोः तिमी तिसँग राम्रो व्यवहार गर ।

किनकी सानीमा इस्लाम धर्ममा आमाको दर्जामा हुन्छन् अल्लाहका रसूल सल्लल्लाहु अलैहे वसल्लमको भनाइ अनुसार ((الْخَالَةُ بِمَنْزِلَةِ الأُمِّ)) सानीमा आमाको दर्जामा हो । ( **बुख़ारी** )

***२- महिलाको अंश पुरुष जस्तै बराबर वा अलिकति कम ।***

***३- महिलाको अंश पुरुषको आधा बराबर र मीरासको समस्यामा एही नै अधिकांश हुन्छ ।***

यस बिषयमा जो व्यक्तिलाई तपसिली जानकारीको चाहना छ भने त्योलाई मीरासका पुस्तकहरूलाई पढनु वेश छ किनकि ति किताबहरूमा यो सम्बन्धमा तपसिलसँग उल्लेख छ । यो निर्नय

गर्नुभन्दा पहिले कि के इस्लामले महिलाको अंशलाई खाइ लिएको छ वा छैन हामी निम्नलिखित उदाहरणलाई आफ्नो समक्ष राख्दै विचार गरौं कि महिलाको अंश पुरुषको उपेक्षा आधो किन गरिएको छ ।

**उदाहरणतः** एक मानिस मृत्यु भयो र त्यो आफ्नो पछाडी एक केटा र एक केटीलाई छोडे र केही धन पनि छोडे र उदाहरणतः साठी हजार रुपैयाँ छ अतः बाँड्ने बेला चालीस हजार केटालाई र बीस हजार केटीलाई मिल्ने छ ।

अब हामी त्यसपछि यस माल बारे  पुरुष र महिलाको स्तिथिलाई हेरौं कि पुरुष जस धनलाई आफ्नो अंशमा पाउनुभयो त्यो केही समयपछि निचिश्त रूपले घट्न थाल्नेछ किनकि त्यो विवाह गर्दा खेरि आफ्नी स्वासनीलाई महूरको रकम दिने र घरको व्यवस्था गर्ने छ र घरका आवश्यक्ताहरू र परिवारका सदस्यहरूको दवा दारु तथा उपचार अनि स्वासनी र बच्चाहरूको खर्चबर्चलाई पूरा गर्ने छ । र स्वासनीमाथि घरका आवश्यक्ताहरूलाई पूरा गर्ने कुनै पनि जिम्मेवारी छैन चाहे ती धनी परिवारकी किन न हुन् । यसै प्रकार पुरुष आफ्ना बुआ-आमा, दाजुहरू, नतेदारहरू यदि निर्धन वा दुर्वल छन् भने तिनीहरूका आवश्यक्ताहरूलाई पनि पूरा गर्ने छ ।

तर महिलालाई पतिको तर्फबाट माया दया र ममता चाहियो र त्यो घरको खर्चबर्च यहाँसम्म कि आफ्नोमाथि पनि खर्चको उत्तरदायी छैन, अतः जो धन उसको अंशमा आएको छ त्यो घट्ने छैन बरू बढने छ किनकि त्यो विवाहमा आफ्नो पतिबाट महूरको रकम पाउनेछिन्, यहाँसम्मकि तलाक़ पाएपछि पनि पुरुष नै आफ्ना बच्चाहरूमाथि खर्चा गर्ने र तिनीहरूका

आवश्यक्ताहरूलाई अनिवार्य रूपले पूरा गर्ने छ । र महिलाको लागि आफ्नो धनलाई वेवसाय आदिमा लगाएर उन्नती गर्ने अवसर प्रत्येक बेला खुल्ला छ ।

उपरोक्त उदारणबाट यो कुरा हाम्रो लागि स्पष्ट भैसक्यो कि महिलाले संपत्तिमा जो अंश पायो त्यो कुनै पनि बेला जम्मा बाँकि रहने छ जबकि पुरुषको अंश धेरैजसो कारणले निसंदेह घट्ने र समाप्त हुने छ ।

इस्लाम बाहेक विश्वका अन्य सिद्धान्तहरू जुनमा यो सिद्ध छ कि बुआ आफ्नी छोरी जब त्यो बालगि भैजाउँ भने उसको उत्तरदायी छैन र छोरी नै आफ्ना खर्चा र जीवनीय आवश्यक्तहरू लाई चाहिँ जस प्रकार वा तरीका होस् पूरा गर्ने छिन् । इस्ली सिद्धान्त ती सिद्धान्तहरूको बिरुध छ, अतः इस्लाम धर्ममा छोरीको पालणपोषण तथा विवाह हुने बेलासम्म बुआ नै जिम्मार छ र विवाह भैपछि उसको पति नै उसका सबै आवश्यक्ताहरू पूरा नै गर्ने छ र उसपछि केटाहरूमाथि नै आमाको रेखदेख तथा तिनका आवश्यक्ताहरूलाई पूरा गर्ने जिम्मवारी युकत हुन्छ ।

ति नियमहरू जुन महिला र पुरुष बीच संपत्तिमा बराबरी गरेकाछन् ती आर्थिक समस्याको बोझको पनि जिम्मेवारी ठह्राएको छन् । तर यो माँग कि महिलालाई पनि संपत्तिमा पुरुष जस्तै बराबर अंश हुनु चाहियो र ती बारे पुरुष जस्तै हुबहु आर्थिक जिम्मेवारीको माँग नगर्नु अतः यो न्याय र इन्साफबाट हटेको कुरा छ किनकि यसमा पुरुषमाथि अत्याचार छ जसलाई इस्लामी शास्त्रले कहिल्यै पनि अनुमति दिएको छैन ।

अतः सम्पतिमा पुरुषलाई महिलाभन्दा ज्यादै अंश दिनुमा इन्साफ र न्याय तब हुने छ जब महिलामाथि कुनै पनि बेला

आर्थिक जिम्मेवारीको बोझ नहालि जाइयोस्, बरु हामी त हेर्छौं कि इस्लामले नारीलाई सम्मानिता दिँदै तिमाथि कुनै पनि आर्थिक बोझ हालेको छैन बरु पुरुषमाथि हालेको छ तर यसको बावजूद पनि नारीलाई संपत्तिमा अंश पाउनेबाट निराश गरेको छैन बरु तिनलाई पुरुषको आधा अंश दिएको छ त के यो नारीसँग इस्लामले न्याय र इन्साफ गरेको छैन?

ध्यान राख्ने कुरा हो कि प्रत्येक व्यक्ति चाहे त्यो पुरुष हुन् वा महिला ती सबैको लागि संपत्तिमा निश्चित अंश तोकिए छ कोही पनि उसलाई निराशा गर्न सक्दैन यसो हुनाले इस्लाममा धनबाट मात्र तेहाई भाग वसीय्यत गर्नको अनुमति छ ताकि उत्तराधिकारी र हक्दारहरूलाई केही खाँचो नपुगोस् । हज़रत आमिर बिन साअ्द बिन अबू वक़्क़ास आफ्नो बुबाबाट यो हदीस उल्लेख गरेको छ कि रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लम हज्जतुल्विदाअ् (उहाँको अन्तिम हज्ज)को साल मलाई इयादत् (रोगीको हालसमाचार सोध्ने र उसलाई तसल्ली दिन उद्देश्य उकहाँ जानु) गर्न आउनु भए, अतः मैले उहाँसित सोधें कि मेरो पिडा र रोग बढी सकेको छ र म धनी मानिस छु र मेरी केटी बाहेक अरू कोही पनि मेरो सम्पतिको उत्तराधकारी छैन त के म आफ्नो धनको तेहाइ भाग दान गर्न सक्छु ? उहाँले उत्तर दिनुभएन पुनः मैले सोंधे आधो भाग? उहाँले उत्तर दिनुभए होइन, फेरि उहाँले भन्नुभए तेहाइ भाग दान गर्न सक्छ तर तेहाइ भाग विशाल र वा धेरै हो, तिमी यदि आफ्नो उत्तराधिकारी धनि छोड त्यो वेश छ कि तिमी उसलाई निर्धन छोड मानिसहरू समक्ष भीकको लागि हात फैंजाउन् र तिमी जो पनि खर्च अल्लाहको प्रसन्नतानिम्ति गर्दछ उसको पुण्य अल्लाहकहाँ तँलाई भेंट्ने छ

यहाँसम्म कि तँ आफ्नी पत्नीलाई खाना दिन्छ उसको पनि पुण्य अल्लाहकहाँ पाउने छस् । **(सही बुखारी)**

अतः नबी सल्लल्लाहु अलैहे सल्लमले आफ्नो शुभ निर्देश तथा आदेशहरूमा महिलाका अंश तथा अधिकारहरूलाई सुरक्षा पारेका छन् ताकि महिलाको जीवन स्वभाग्यपूर्णसँग व्यतति हुनसकोस् ।

यसै प्रकार केही हत्याकाण्डमा दियत वा आर्थिक बोझ पुरुषमाथि नै छ यसबाट महिला स्वतन्त्र हुन् ।

***दियतः- (इस्लामी कानुन अनुसार हत्याको सट्टामा हत्याराबाट प्राणदंडको सट्टामा रक़म लिएर हत्यारालाई मुक्त गरिदिनु) ।***

इस्लामी शरीअत्(शास्त्र)मा महिलाको दियत पुरुषको अतिरिक्त आधो तोकाइएको छ र त्यो पनि एउटै स्तिथि गल्तीबाट हत्याको स्तिथिमा जसमा दियत दिनु पर्छ र हत्याको बद्ला हत्या हुनु पर्दैन, तर सुविचारित हत्या जसमा हत्यरालाई हत्यको बद्ला हत्या हुनु पर्छ जब हत्या भइएका परिवारहरू दियत लिन चाहदैनन् अतःयसमा पुरुष र महिलाको बारेबमा एउटै आदेश छ अथवा हत्यारा पुरुष होस् वा महिला वा हत्या भइएको मानिस पुरुष होस् वा महिला किनभने ती दुवै मानवताको दृष्टिमा समान छन् ।

तर गल्तीबाट हत्याको स्तिथिमा जसमा दियत नै अनिवार्य छ र महिलाको दियत पुरुषको उपेक्षा आधो यसले गरिएको छ कि संभवतः त्यो उस क्षतिको मात्राको मध्येनजर जो परिवारलाई पुरुष वा महिलाको हत्या भैपछि पुगेको छ ।

अतः त्यो परिवार जसको बुबा गल्तीमा हत्या भएको छ उसले आफ्नो त्यो मूल जिम्मेवारलाई गुमाए जो तिनीहरूमाथि खर्च गर्दथे

र तिनीहरूका आवश्यकता तथा माँगहरूलाई पुरा गर्दथे अतः त्यो परिवार एउटा ठूलो आर्थिक जिम्मेवारबाट निराश भए तथा उसै बेला हार्दिक आपत्तिबाट पनि ग्रस्त भए अर्थात त्यो मायाँ र ममता जो बुबाबाट मिल्दथे अहिले उसलाई मिल्दैन तर आमाको ममता र उसको मायाँबाट थोरै नै छ ।

र त्यो परिवार जसको आमा गल्तीमा हत्यको शिकार भएको छिन् अतः त्यो मात्र हार्दिक क्लेशबाट ग्रस्त भएको छ अर्थात त्यो ममता तथा माया जो आमाबाट मिल्दथे अहिले उसलाई मिल्ने छैन र यो हार्दिक क्लेश नै हो र यस्तो क्षति छ जसलाई ठूलो संख्यामा रुपैंया पनि पुर्ति गर्न सक्दैन ।

## *महिलाको कामः-*

अल्लाह तआलाले मानवजातिमा भाले-पोथि सृष्टि गरे र ति दुवै विच मायाँ, ममता र दयाँ राखिदिए ताकि यसबाट संसारको निर्माणमा सहयोग होस् । अतः जस प्रकार अल्लाह तआलाले पुरुष वर्गलाई शक्ति तथा कमाउने क्षमता प्रदान गरेको छ त्यसै प्रकार अल्लाह तआलाले महिला वर्गलाई गर्भहुने जन्माउने दुध पियाउने र बच्चालाई गोदमा बसाउने क्षमता तथा ममता दयाँ र कोमलताको विशेषताबाट खास गरेको छ । अतः प्रकृतिक क्षमता र विशेषताको आधारमा पुरुषको काम घरबाट बाहिर नै हुनु पर्छ र महिलाको काम घर भित्र नै हुनु पर्छ ।

इस्लाम धर्म नारीलाई काम गर्नुबाट मनाही गर्दैन बरू उसलाई वेबसाय गर्न, खरीद बिक्री गर्न र उचित तरीकाबाट धन-मालमा उन्नती गर्नेअनुमति दिएको छ र यस सम्बन्धमा कसैलाई हस्तक्षेप गर्नको अनुमति छैन । तर महिलाको लागि

विशेष नियम, सिधान्त र सिमा निश्चित गरिएको छ तसर्थ जब ति नियम र शर्तहरूमध्ये कुनैको उलंघण हुने बेला वैधको अनुमति समाप्त भई अवैध भैइजान्छ अतः ति नियमहरूमध्ये निम्नलिखित छन् ।

१- यो अनिवार्य छ कि महिलाको बाहिरी कामबाट घरको काममा केही वाधाँ नपरोस् अर्थात तिनको कामको कारणले तिमाथि पति र सन्तानहरूका हकहरूलाई पूर्ति गर्नमा उसलाई खाँचो लागोस्, र यसै प्रकार ति घरको जिम्मेवारीबाट बिलकुलै स्वतन्त्र न भैजायोस् । जस्तो कि उपरोक्त उल्लेखनीयमा यो कुरा बयान भएको छ कि इस्लामको दृष्टिमा पत्नीमाथि पतिको अधिकार र पतिमाथि पत्नीका अधिकाहरू छन् यसै प्रकार आमामाथि बच्चाहरूका पनि अधिकारहरू छन् । नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

((....والمرأة راعية في بيت زوجها ومسؤلة عن رعيتها....)) صحيح البخاري

(महिला आफ्नो पतिको घरकी संरक्षक र त्यसकी उत्तरदायी छिन्)) । **(बुखारी)**

२- महिलाको काम उसैको वर्गसंग हुनु पर्छ पुरुषहरूको भीर-भार र मिलापको ठाउँबाट टाढँा ताकि तिनको सुरक्षा होस् र तिनलाई कुनै पनि उपद्रमा पर्नेबाट बचाइयोस् र तिनको प्रतिष्ठालाई कुकर्मी मानिसहरूको आक्रमणबाट सुरक्षित राखियोस् । नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

(( ولا يخلون أحدكم بامرأة فإن الشيطان ثالثهما)) صحيح ابن حبان.

((तिमीहरूमध्ये कोही मानिस महिलासंग एकान्तमा कहिल्यै पनि नबस किनभने शैतान तिमी दुवैको बिच तेस्रो हुन्छ)) । **(सही इब्ने हिब्बान)**

अंग्रेज महिला विद्वान (लेडी कोक) पत्रिका इकोमा भन्दछिन्ः ((महिलासँग मिलाप पुरुषलाई धेरै मन पर्छ, यसो हुनाले महिला आफ्नो प्राकृतिक सिद्धान्तको विपरित इच्छा गर्दछिन्, र पुरुष तथा महिला बिच धेरै मिश्रण हुनाले अवैध बच्चाहरू पनि जन्मिरहेका छन् र यो अति नै उपद्र हो)) । **(नारीको कार्य छेत्र, लेखकः डा. अब्दुल्लाह बिन वकील शैख)**

सैयिद कुत्ब रहेमहुल्लाह भन्दछन्ः पुरुषहरूको अधिकार र त्यसै प्रकार महिलाहरूको अधिकार निश्चित छ कि ति दुवै आफ्नो जिवनसाथीसंग संतुष्टि प्राप्त गरुन् र कसैबाट उसलाई धोखा नभयोस । जो उसको मायाँ आफ्नो जिवनसाथी प्रति परिवर्तन भैईजाने सम्भव छ । यदि यो उसलाई बिगार्ने अनि कुकर्म गर्नेतिर नहिँडोस् तापनि ति दुवै बिच विश्वास नरहने र पवित्र सम्बन्ध भंग भैईजाने सम्भव हुने छ । मायाँमा यो बिगार र बद्लाउ कति भयंकर रूप धारण गरिसकेको छ उसको अनुमान ति समुदायहरूमा लगाउन सकिन्छ जुनमा नारी र पुरुष बिच खुल्ला मिलापको अनुमति छ र महिला खुलम खुल्ला बनाई श्रिंगार गरेर घुम्न फिर्न गर्दछिन् तथा मनुष्यको रूपमा शैतानहरू महिलाहरूको प्रतिष्ठामाथि विभिन्न प्रकारको आक्रमण गरिरहेका छन् । यता उता रण्डा र रण्डी जस्तो विचार राख्ने मानिसहरूको व्यर्थ कुरा कि स्त्री र पुरुष बिच मिश्रणबाट समझदारी उच्च हुन्छ, गुप्त शक्तिमा जाग्रण हुन्छ, स्त्री-लिंग सम्बन्ध तुल्याउने र कुरा गर्ने आदर प्राप्त हुन्छ, र यस्तो अनुभव पनि हुन्छ जो कुमार्गबाट टाँढा राख्छ र -एक अर्कोसँग बस्ने- अनि -एक अर्कोलाई आफ्नो मनकामनाको आधारमा अपनाउने- चाहिँ पाप र गल्ती गरेर किन नहोस्- त्यो जमानती छ कि ति दुवै आफ्नो आफ्नो संगीलाई थामि राखोस्

किनकि उसले लामो अनुभव र आफ्नो कामनाले एक अर्कोलाई प्रिय गरेर अपनाएको छ ।

म भन्न चाहन्छु कि यो व्यर्थ र बक्वास् कुरा हो । वास्तविक्ताको विरुध हो किनभने त्यो विचारको कारणले उस समाजमा प्रत्येक बेला बिगार तथा स्वभावमा परिवर्तन भैरहेको छ र अधिकांश घर तथा परिवार तलाक़ वा बिना तलाक ध्वस्त भैरहेका छन् र लोग्ने-स्वास्नी सम्बन्धमा अनुचित धोखाबाजी चलिरहेको छ । अतः नारी-पुरुष बिच स्वतन्त्रापूर्वक सम्बन्ध र मिलापको प्रतिफललाई हेर्न चाहन्छ भने तिमी अमेरीकामा मेडिल् स्कुलका छात्राहरूलाई हेर कि त्यहाँको एउटा मेडिल स्कूलमा ४८% छात्राहरू अवैध रूपमा गर्भवति भएछन् । र अधिकांश घरमा विवाहको सम्बन्ध पूर्ण भएपछि पनि अमेरीकामा पति पत्नीमा नाता भंग भैईरहेको छ, र मिश्रणमा जति जति वृधि हुन्छ त्यति त्यति नै पश्चिमी देशहरूमा नारी पतिष्ठाको हत्या भैईरहेको छ ।

३- महिलाको काम उचित हुनु पर्यो जो उसको लागि योग्य हो अतः महिलालाई उस काममा लगाउनु अनचित छ जो उसको योग्य र क्षमताको विरुध हो, जस्तोः उधोगमा आप्ठेयारो काम, सदैव भिरंत र युधको काम, यसै प्रकार त्यो काम जसमा नारी प्रतिष्ठाको अपमानित हुन्छ । जस्तो सडक आदिलाई झारु लगाएर सफा गर्नु, ध्यान राख्नुहोस् इस्लाम धर्मले नारी वर्गलाई यस्ता कामहरूमा लगाउनु मनाही गरेको छ ।

***यहाँ हामिमाथि प्रश्न उठ्छ कि महिलालाई काम गर्ने किन आश्यकता हुन्छ ?***

यदि त्यो आफ्नो जिवनयापन र आफुमाथि खर्च गर्नको उद्देश्यले काम गर्न चाहन्छ । भने इस्लामले त उसको यो अधिकारलाई सुरक्षा गरेको छ किनभने इस्लाम धर्ममा महिलाको खर्च र पूर्ण आवश्यकताको पूर्ती जबसम्म उसको विवाह भैईनजायोस् तबसम्म उसको बुबामाथि अनिवार्य गरेको छ । अतःविवाहभएपछि उसको र उसका बच्चाहरूको खर्च पतिमाथि अनिवार्य छ र जब उसको पतिको निधनपछि उसको बुबालाई विधुवाको खर्चको बोझ सहनु पर्छ । यदि बुबा छैन भने उसका केटाहरूलाई सहनु पर्छ र यदि केटाहरू साना साना छन् भने उसका दाय तथा दाजुहरूलाई सहनु पर्छ यदि तिनीहरू पनि छैनन् भने उसका नातागोताका मानिसहरूलाई विधुवाको खर्च पूर्ती गर्नु पर्छ । अर्थात नारीलाई जन्मदेखि मृत्यु हुनेसम्म उसको खर्च र आवश्यकताको पुरुष वर्गमाथि नै अनिवार्य छ अतः महिलालाई खर्च पूर्तीको लागि काम गर्ने आवश्यकता कहिल्यै पनि छैन र उसलाई कामबाट स्वतन्त्रता यसले प्राप्त छ कि ति उच्च उद्देश्यको निम्ति आफ्नो घरमा बसी घरको रेखदेख तथा आफ्ना बच्चाहरूलाई पालनपोषण गरि तिनीहरूलाई उत्तम र वेश ज्ञान र शिक्षाको लागि तैयार पारोस् र निसंदेह नारीमाथि त्यो एक ठूलो जिम्मेवारी युक्त हुन्छ जसको लागि शान्ति पूर्ण स्तिथि र वेश समय उसलाई चाहियो ।

***अंग्रेज विद्वान सामुयल समायलस जो अंग्रेजी जाग्रणको मुख्य सदस्य हो उसको भनाइ छः***

निसंदेह त्यो नियम जो नारीलाई उधोग आदिमा काम गराउने निर्नय गर्दछ चाहिँ त्योबाट मुलुकको आर्थमा वृधि र उन्नतीलाई

नकार्न सक्दैन तर उसको प्रतिफल जिवनको स्तम्भलाई ध्वस्त पारि दिन्छ । किनकि उसले घरमाथि आक्रमण गरेको छ, र परीवारिक स्तम्भलाई हिलाइ दिएको छ, र सामुहिक सम्बन्धहरूलाई तोड़ फोड़ गरिदिएको छ । अतः उसले स्वास्नीलाई लोग्नेबाट छिनिएको छ, र आमालाई बच्चाहरूबाट टाँढा गरिदिएको छ, र एक विशेष प्रकारको भएको छ । जसको प्रतिफल मात्र नारीको व्यवहार बिग्री रहेको छ । निसंदेह नारीको वास्तविक काम घरेलु काम काज नै हो जस्तोः आफ्नो घरलाई सफा राख्नु, आफ्ना बच्चाहरूलाई उत्तम पालनपोषण गर्नु र घरेलु खर्च बचाएर गर्नु साथै घरेलु जिम्मेवारीहरूलाई सम्हाल्नु । तर उधोगहरूमा काम गर्नाले नारीबाट ती विशेषताहरू समाप्त भैसकेका छन् अतः घर तथा कोठाहरूको मात्र नाम र रूप बाँकी छ तिनमा केही गुणगाण छैन, बच्चाहरू बिग्री रहेका छन्, पति-पत्नीमा मायाको प्रकाश निभिएको छ, र नारी बुद्धिमान मयालु स्वास्नीको सम्बन्धलाई उपेक्षित गर्दै अप्ठेरो काममा पुरुषको साथी भैसकिन्, र त्यो वेश विचार तथा उच्च स्वभाव जसमाथि प्रतिष्ठाको निर्भर छ उसलाई विर्साउँदै विभिन्न प्रकारका अनुचित आक्रमण र प्रभावहरूको निशाना भैईसकेका छिन् । **(किताब प्रदा र यात्रा पृष्ठ ९४-९५ लेखकः मुस्तफा अल् गलायनी)**

## *४- तलाक दिने अधिकार पुरुषको हातमा छ महिलाको हातमा छैनः-*

जाहेलीयत कालमा तलाकको लागि केही पनि नियम र सिद्धान्त थिएन, पुरुष जहिले पनि चाहन्थे आफ्नी स्वास्नीलाई तलाक़ दिएर घरबाट बाहिर गरि दिन्थे र जहिले चाहन्थे आफ्नो

मर्जिले उसलाई फर्काइ लिन्थे, अतः इस्लाम धर्मले नारीलाई अत्यचार, उपद्रव र संकटबाट बचाउनको लागि तलाक़का विशेष नियम र सिद्धान्तहरू बनाए । हजरत आइशा रजिअल्लाहु अन्हा भन्दछिन्: पुरुष जहिले छाहन्थे आफ्नी पत्नीलाई तलाक़ दिन्थे र ती उसकी पत्नी नै हुन्थिन् जब उसलाई फर्काइलिन्थे र ती इद्दत्मा हुन्थिन् चाहिँ सयौं पटक वा उसभन्दा बढी उसलाई तलाक़ दिएको हुन्थे । एक पुरुषले त आफ्नी पत्नीलाई यस्तो भन्योः अल्लहको कसम म तँलाई न त तलाक़ दिने छुँ कि तँ मबाट अलग भैजाउस् र न तँ निकट कहिल्यै आउने छु, उसकी महिलाले सोधिन् त्यो कसरी हुन सक्छ ? ऊसले भन्यो म तँलाई तलाक़ दिने छु र प्रत्येक बेला तिम्रो इद्दत पूरा हुनेभन्दा अघि नै तँलाई पल्टाइ लिने छु, अतः ति महिला हजरत आइशा रज़िअल्लाहु अन्हाँकहाँ आइन् र उहाँलाई पूरै कुरा बताइन् अतः हजरत आइशा रज़िअल्लाहु अन्हा चुप्प रहिन् र जब नबी सल्लल्लाहु अलैहे वसल्लम आफ्नो घरमा आए हजरत आइशाले उहाँलाई त्यो कुरा बारे सूचना दिइन् अतः नबी सल्लल्लाहु अलैहे वसल्लम पनि चुप रहे यहाँसम्म कि कुर्आनको यो श्लोक अवतरण भयोः

[الطَّلَاقُ مَرَّتَانِ فَإِمْسَاكٌ بِمَعْرُوفٍ أَوْ تَسْرِيحٌ بِإِحْسَانٍ] البقرة٢٢٩

((तलाक दुइ पटक् छ,अथवा राम्रैसँग पत्नीलाई रोकिजाइयोस् वा वेश तरीकाले विदा गरिदिइयोस्)) । **(अल्बक्रा,श्लोक:२२९)**

हजरत आइशाको भनाइ छः कि अतः मानिसहरू त्यो दिनदेखि पुरानो तरीकालाई छोडेर नयाँ सिद्धान्त अनुसार तलाक़ दिनथाले । **(त्रिमिज़ी)**

इस्लामको दृष्टिमा तलाक़लाई अप्रिय कुरा मानिएको छ र यसबाट मानिसहरूलाई सावधान गरिएको छ । नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

((ما أحل الله شيئا أبغض إليه من الطلاق)) المستدرك على الصحيحين

((अल्लाह तआलाले सबभन्दा अप्रिय कुरा तलाक़लाई उचित गर्नुभयो)) । **(मुस्तद्रक)**

मात्र आवश्यक्ता र जरूतको समय तलाक़लाई उचित मानिएको छ । नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

(( لا تطلقوا النساء إلا من ريبة فإن الله لا يحب الذواقين ولا الذوقات)) المعظم الأوسط

((तिमीहरू महिलालाई अति सोच विचारको आधारमा नै तलाक दिनु होला किनभने अल्लाह तआला अति छिटो विवाह गर्ने र अति जल्दी तलाक दिने मानिसहरूलाई प्रिय गर्दैन)) । **(अल् मोअ्जम अल् औसत)**

इस्लामी शस्त्रले पति पत्नी बीच विवादको समाधान हुने प्रयास गरेको छ ताकि पत्नीलाई तलाक़को संकटबाट बचाइ जायोस् । अल्लाह तआलाले कुर्आनमा भन्नुभयोः

[وَإِنِ امْرَأَةٌ خَافَتْ مِن بَعْلِهَا نُشُوزاً أَوْ إِعْرَاضاً فَلاَ جُنَاْحَ عَلَيْهِمَا أَن يُصْلِحَا بَيْنَهُمَا صُلْحاً وَالصُّلْحُ خَيْرٌ] النساء١٢٩

((यदि कुनै नारीलाई आफ्नो पतीबाट दुर्व्यहार वा विमुर्खताको आशंका होस् भने केही पनि खाँचो छैन कि पती र पत्नी आफन्तमा समझौता गरि लेउन्(अर्थात तलाक़ र सम्बन्ध-विच्छेद बाट वेश छ कि यस प्रकार परस्पर समझौता गरेर स्त्री उसै पतिसँग रहोस् जससँग उसले आफ्नो जीवनको एउटा भाग व्यतित गरि सकेको छिन्) र समझौता प्रत्येक स्तिथिमा उत्तम नै छ)) । **(अन्निसा, श्लोकः१२८)**

## *तलाक़को अधिकार पुरुषकै हातमा किन दिइएको छ ?*

प्राकृतिक र समझ्दारीको कुरा यो नै हो कि तलाक़ दिने अधिकार महिलाको विपरित पुरुषकै हातमा हुनु पर्‍यो किनकि त्यो नै घर तथा पत्नीको खर्च दिने र सम्पूर्ण आवश्यक्ता पूरा गर्ने जिम्मेवार हो, अतः उसले नै पत्नीलाई महर् दियो र विवाहको खर्च बर्दाश्त गर्‍यो र बसने ठाउँको व्यवस्था तुल्याउनु भयो । यसो हुनाले स्वभाविक रूपले पत्नीबाट सन्बन्ध विच्छेद गर्ने अधिकार पतिको हातमा नै हुनु पर्‍यो जब उ तलाक़पश्चात आर्थिक र आत्मिक हानीलाई सहने तैयार छ । किनकि उसलाई राम्रैसँग थाहा छ कि तलाक़ दिएपछि उ आफ्नी पत्नीबाट महर्को रक़म र तिमाथि खर्चा गरिएको धनलाई प्राप्त गर्ने छैन । र उसलाई यो पनि थाहा छ कि पुनः विवाह गर्नुमा कति खर्चा र धन बर्बाद हुने छ ।

र पुरुषमा यो पनि विशेषता पाइन्छ कि उ आफ्नो र आफ्नी पत्नी बीच झगडा हुँदा बेला आफ्नो क्रोधलाई सहन र विचारलाई काबुमा राख्नु हुन्छ । अतः अधिकांश बेला पुरुष तलाक़लाई समस्याको  समाधानको लागि अन्तिम सहयाता लिँदैन बरू उ तलाक़ त्यो स्तिथिमा दिन्छ जब उ विवाहपछि पनि आफ्नी श्रीमतिबाट हार्दिक संतुष्टि र स्वभाग्य हुनेबाट निराश भैजान्छ ।

यसको बावजूद पनि इस्लामी साश्त्रले नारीलाई यसबाट निराश गरेको छैन बरू उसको हातमा पनि तलाक़को अधिकार दिएको छ र त्यो यस प्रकार कि जब उ विवाह गर्दा बेला पुरुषबाट यस्तो शर्त लगाइन्थे र पुरुष यो शर्तलाई मानेको थियो ।

र किनभने इस्लामी सिधान्त प्राकृतिक सिधान्त हो अतः यसलाई मानिसको हार्दीक वास्तविक्ता र उसको चाहनाको बारेमा थाहा छ । अतः जस प्रकार यसले समाधान नहुने समस्या बेला पुरुषलाई आफ्नी पत्नीबाट तलाक़ दिएर छुटकारा प्राप्त गर्ने अधिकार प्रदान गगरेको छ त्यसै प्रकार पत्नीलाई पनि अधिकार प्राप्त छ कि यदि पुरुष आफ्नी पत्नीलाई राम्रोसँग राख्दैन र पत्नीलाई गालीगोफ्ता गर्छ र उसलाई कुट छ, वा उसमा केही भयंकर एब वा रोग पाइन्छ जस्तो नामर्दी वा इन्द्रियमा काम-शक्ति कत्ति पनि नहुने रोग वा विवाहपछि उसलाई अति विशाल रोग लाग्यो जस्तो कुष्टरोग पाण्डुरोग सिल्रोग जोह्रीरोग आदि घृणायक रोगरू । महिला यस्तो स्तिथिमा पुरुषबाट विवाहको सम्बन्ध विच्छेद गर्न सक्छिन् अर्थात महिलालाई खुलअ लिन अधिकार प्राप्त छ र त्यो यस प्रकार कि ती आफ्नो पतिलाई त्यो धन फर्काउने छिन् जो विवाहमा मह्र वा अरू धनहरू पतिबाट पाएका छिन् र यसमा नै पूर्ण न्याय हो किनभने त्यसले नै आफ्नो पतिबाट संबन्ध विच्छेद गर्न माँग राखेको छिन्, यदि पति महिलाको खुलअ्बाट राजी छैन भने महिलालाई अदालतमा यो मुद्दा लिएर जानु अधिकार छ ।

## *महिला पुरुष जस्तो बिना जिम्मवारको विवाह गर्नु सक्दैनः-*

पुरुषलाई आफ्नो लागि वेश श्रीमति खोज्नुमा धेरै अप्ठेरो हुन्छ र यसभन्दा बढी महिलााई आफ्नो लागि उत्तम जिवन साथी अपनाउनुमा अप्ठेरो हुन्छ । यदि पुरुष कुनै महिलासँग विवाहिक संबन्ध पूर्ण भएपछि त्यसमा केही खराबी पाउँछ भने उ त्यसको सट्टामा सजीलोसँग अरू महिलासंग विवाह रचाउनु सक्छ... तर

महिला यस्तो गर्न सक्दैन जस्तो कि हामीलाई थाहा छ कि प्रत्येक समुदायमा महिला वर्गलाई दुर्वल मानिएको छ, यसो हुनाले इस्लामले महिलालाई  प्रत्येक उपद्रव र अस्वभाविक  व्यवहारहरू बाट सुरक्षा प्रदान गरेको छ | यसले गर्दा महिलालाई पती चुनिने र पसन्द गर्नेमा अति समझदारी र विचार गर्नको आदेश दिइएको छ ताकि विवाहपछि त्यसलाई पस्चाताव हानी नसहनु परोस् यसैले इस्लामले महिलालाई जिम्मेवार वा उसको प्रतिनिधिको अनुमति बिना विवाहको अनुमति दिएको छैन | जस्तो कि नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

(( لا نكاح إلا بولي وشاد عدل وما كان من نكاح على غير ذلك فهو باطل فإن تشاجروا فالسلطان ولي من لا ولي له)) صحيح ابن حبان

((उत्तरदायी र न्यायक गवाहको बिना विवाह सही छैन र जो विवाह यसको बिना भयो भने त्यो विवाह व्यर्थ छ र यदि महिलाको उत्तरदायी हुने बारेमा जिम्मेवारहरूमा विवाद हुनथाल्यो भने शासक ति महिलाको उत्तरदायी छ जसको कोही जिम्मेवार छैन)) | **(सही इब्ने हिब्बान)**

र जस प्रकर बिना जिम्मेवार महिलाको विवाह सही हुँदैन त्यसै प्रकार महिलाको मर्जी र उसको बिना अनुमति विवाह पक्का हुँदैन, यदि जबर्जस्ती उसको विवाह गरिदियो भने उसलाई यो मुद्दा अदालतमा पेश गर्ने र यस्तो विवाहको सम्बन्धलाई भंग पार्ने पूर्ण अधिकार प्राप्त छ | जस्तो कि खुन्सा बिन्ते जुज़ामबाट उल्लेख छ : ((उसको बुआले बिना उसको अनुमति जबर्जस्ती उसलाई विवाह गरिदिए र उसलाई यो विवाहको मन थिएन अतः ति नबी सल्लल्लाहु अलैहे वसल्लमको अदालतमा आफ्नो समस्या

राखिन्, अतः नबी सल्लल्लाहु अलैहे वसल्लमले उसको विवाहलाई भंग पारि दिए)) । **(सही बुखारी)**

विवाहको सम्बन्ध साँचो हुनेमा जिम्मेवारको हुनु शर्त मानिएको कारण उत्तरदायीको अधिकारको मस्लेहतको मद्देनजरले नै राखिएको छ । र जसको यो दाबी छ कि यस्तो कुराबाट नारीले आफ्नो लागि जिवन साथी चुनिनेमा उसको स्वतन्त्रता र अधिकारको विपरित कुरा हो, अतः उस मानिसको समक्ष यो कुरा प्रस्तुत छः कि इस्लामले बालगि नारी चाहिँ ती कुमारी हुन् वा विवाहित तिनीलाई पतिको सम्बन्धमा स्वीकार र अस्वीकारको पूर्ण अधिकार प्राप्त छ र नारीको जिम्मेवारलाई उस मानिससँग जससँग ती विवाह गर्न चाहदैन विवाह गराउनुमा तीमाथि कुनै प्रकारको जोरजबर्जस्ती गर्नुको कहिल्यै पनि अनुमति छैन । नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

((لا تنكح الأيم حتى تستأمر ولا تنكح البكر حتى تستأذن قالوا يا رسو ل الله وكيف إذنها قال: أن تسكت)) صحيح البخاري.

((द्वितीया महिलाको विवाह तासमम्म हुन सक्दैन जबसम्म कि त्योबाट सल्लाह नलिइयोस र कुमारी महिलाको विवाह तासम्म हुन सक्दैन जबसम्म कि त्यसको अनुमति नलिइयोस, सहाबाले सोध्नुभए कि त्यसको अनुमति बारेमा कसरी थाहा हुनु सक्छ? उहाँले भन्नुभयोः त्यसको चुप रहनु अनुमति त्यसको अनुमति नै हो)) । **(सहीह बुखारी)**

इस्लामको दृष्टिमा विवाहको उद्देश्य मात्र मस्ती गर्नु र सहवास गरि केही छिन्को लागि इच्छा पुर्ती गर्नु होइन, बरू पति र पत्नी बिच पवित्र सम्बन्ध आगामी मर्ने बेलासम्म रहने उदेश्य हो, र किनभने यो सम्बन्धमा नारी पनि दोस्रो तर्फ प्रमुख व्यक्ति हुन्

यसैले इस्लामले विवाहमा नारीको सहमति र रेजामन्दीलाई अनिवार्य घोषित गरेको छ ।

तर यो कारणले कि नारीको हृदय कोमल भएको हुनाले ति आफ्नो वरपरको वस्तुबाट छिटै प्रभावित भैजान्छिन् र जाहेरी आकारप्रकारबाट धोखामा फँसिजान्छिन् यसोहुनाले इस्लामले नारीको जिम्मेवारलाई त्यो मानिसँग विवाह गराउनुमा अस्वीकार गर्नको अधिकार दिएको छ जो नारीको तुलनामा समान छैन, किनभने पुरुषलाई पुरुषको बारेमा नारीभन्दा ज्यादै नै जानकारी हुन्छ किनकि ती दुवै एउटै वर्गका हुनु हुन्छन् । किन्तु जब गुणगाण र व्यवहारमा परिपूर्ण मानिस विवाह गर्नको उदेश्यले महिलाको जिम्मेवारसाँग कुरा गर्छ र महिलाले त्यो मानिसलाई मन भयो तर जिम्मेवारले अहमत्याइँको भावनाबाट उस मानिसलाई अस्वीकार गर्दछ अतः उसबाट जिम्मेवारीको अधिकार छिनाइएर अर्को निकट्तम मानिसलाई उत्तरदायीको अधिकार प्राप्त हुनेछ यदि महिलाका नातागोत्रहरूमध्ये कोही जिम्मेवार मानिस पाउँदैन भने जज नै उसको जिम्मेवार र उत्तरदायी हुने छ ।

इस्लामले महिलालाई मात्र त्यो मानिससँग विवाह गर्नुबाट मनाही गरेको छ जो महिला र उसको वंशको तुलनामा समान छैन किनभने असमानीय पुरुषसँग विवाह भएमा महिला र उसको परिवारतिर अन्य मानिसहरू औंला उठाउने छन् र घट्या र दोषी बताउने छन् । अतः त्यो असमानीय मानिस जसलाई न महिलाले र न उसको जिम्मेवार मानिसले र न उसको परिवारका अन्य सदस्यहरूले रोजेका छन् उसँग विवाह भएमा निश्चयनै दुइ वंश विच विवाद उत्पन्न हुने छ र आफन्तमा नातागोताको सम्बन्ध टुटने छ जबकि यस्तो गर्नु इस्लामी निर्देशको विपरित र अवैध छ ।

समानीय र वेश पुरुषको चिन्ह के छ भने निम्नलिखित हदीसको प्रकाशमा अति नै प्रकट भैजान्छ । नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

(( إذا أتاكم من ترضون خلقه ودينه فأنكحوا ألا تفعلوا تكن فتنة في الأرض وفساد عريض))

المستدرك على الصحيحين.

((त्यो मानिस जसको स्वभाव र धर्मबाट तिमीहरू संतुष्ट र खुसी छन् भने यदि तिमिकहाँ त्यो मानिस विवाहको पैगाम लिए आउँछ भने तिमी उसँग विवाह गरिदेउ यदि तिमीहरूले यस्तो गरेनौ भने पृथ्वीमा ठूलो उपद्रव र दंगा उत्पन्न हुने छ)) । **(मुस्तद्रक)**

किनभने जो मानिस उच्च व्यवहार र साँचो धर्मको रंगमा रंगिएको हुन्छ यदि उ आफ्नी पत्नीलाई माया गर्छ भने तीलाई आदर गर्ने छ र यदि माया गर्दैन भने तीलाई दुःख पुर्याने छ न अपमान गर्ने छ किनकि उसको हृदयमा अल्लाहको भय बसेको हुन्छ ।

## *बिना महरम महिलाको यात्राः-*

इस्लामको दृष्टिमा महिलाको महत्व हीरा र मोतीबाट पनि महान छ यसो हुनाले जो मानिसलाई नारीलाई हात लगाउने अधिकार छैन इस्लामले कहिल्यै पनि चाहेको छैन कि उ मानिस महिलालाई कुनै पनि अवस्थामा हात लगाअओस् र उसलाई स्पर्ष गोस् । अतः महिलाको सुरक्षा र बचाउको तरीका इस्लामले बताएको छ किनभने बचाउलाई नै उत्तम र वेश उपचार मानिएको छ । तसार्थ इस्लामले महिलालाई बिना महृरम जस्तो पति,वा बुआ, वा भाई वा त्यो नातेदार व्यक्ति जसबाट विवाह

गर्नु अवैध छ एक्लै यात्रा गर्नुबाट मनाही गरेको छ । जस्तो कि नबी सल्लल्लाहु अलैहे वसल्लमको भनाइ छः

((لاتسافر المرأة إلا مع ذي محرم ولا يدخل عليها رجل إلا و معها محرم, فقال رجل:يا رسو ل الله !إني أريد أن أخرج في جيش كذاكذا وامرأتي تريد الحج؟ فقال:اخرج معها)) صحيح البخاري.

((बिना मह्रमको महिला यात्रा नगर र मह्रमको अनुपस्थितिमा कोही मानिस महिलाकहाँ नजाओस् । एक मानिसले सोधे कि हे अल्लाहका पैगम्बर! म जेहादको उद्देश्यले फलनाें फलानों छेत्रमा जान चाहन्छु र मेरी पत्नी हज्जमा जान चाहन्छिन्? अतः नबी सल्लल्लाहु अलैहे वसल्लमले उस मानिसलाई उत्तर दिनुभए कि तिमी अफ्नी पत्नीसँग हज्जमा जा)) । (सही बुखारी)

इस्लामको आदेशमाथि शंका गर्ने मानिस यो शंका व्यक्त गर्न सक्छ कि यस अदेशमा त महिलाको स्वतंत्रता र उसको अधिकारको विरुध कुरा पाइन्छ! किनभने उपरोक्त हदीस सुन्दै यो शंका दिमागमा उत्पन्न हुन्छ । तर जब हामी मनाहीको कारण बारेमा जानकारी गरौं भने हाम्रो दिमागबाट शंका समाप्त भैजाने छ र थाहा हुने छ कि इस्लामले आफ्नो यस आदेशबाट महिलाको प्रतिष्ठालालाई सुरक्षा गरेको छ ... कदापि उसको अपमान गरेको छैन र न उसको स्वतंत्रताको विरुध आदेश दिएको छ । यो त थाहै छ कि अधिकांश बेला यात्रामा कष्ट र अप्ठेरो झेल्नु पर्छ, र महिला शारिरिक बनावटमा कोमल र दुर्वल सिद्ध भएकी छिन्, र यसै प्रकार तीमाथि प्राकृतिक समस्याहरू जस्तो मासिकधर्म, गर्भ र धूद पियाउनु आदि क्लेशहरू अवतरित हुन्छन् । र यसै प्रकार हार्दिक अनुसार पनि ती कोमलता र ममता तथा कुनै कुराबाट छिटो प्रभावित भैजान्छिन् र यस्तो हुनु तिनमा ऐब मानिएको छैन

बरू रसूलुल्लाह सल्लल्लाहु अलैहे वसल्लमले तिनको उपनाम सीसा बताउनु भएका छन् अर्थात महिला सीसा जस्तो नै नर्म र पत्लो तथा कम्जोर हुन् । हदीसमा छ कि नबी सल्लल्लाहु अलैहे वसल्लम एक यात्रामा थिए र उहाँसग महिलाहरू पनि थिइन्, अन्जशा नामी कमारा मानिस ऊँट चलाउन उदेश्य गीत गाउन थले र ऊँट पनि तेज तेज चल्न थाले अतः नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

(( رويدا يا أنجشة سوقك بالقوارير)) صحيح البخاري.

((हे अन्जशा तिमी ख्याल गर हामीसँग सीसाहरू(महिलाहरू) पनि छन्)) । (बुखारी) यानी गीतको प्रभावबाट ऊँट अति तेज चल्न थाल्ने छ र हुन सक्छ कि महिला आफ्नो कोमलताको कारण शारिरिक दर्द र कष्टको शिकार भैजाने छिन्)) ।

अतः महिलालाई यात्रामा आवश्यकता पर्छ एउटा त्यो मानिसतिर जो कुकर्मी र बदमास व्यक्तिबाट तिनलाई सुरक्षित राखोस् किनकि ती आफ्नो शारिरिक र हार्दिक कमजोरीको कारणले आफुलाई आक्रमणकारीबाट बचाउन सक्दैन । यसै प्रकार यात्रामा महिलाका धेरै जसो आवश्यकताहरूलाई पुर्ती गर्नको लागि एउटा यस्तो व्यक्ति प्रत्येक बेला उपस्तिथ हुने चाहियो जो पुरै आरमासँग महिलाको सेवा र त्यसका माँग र आवश्यक्तहरूलाई पूरा गर्ने क्षमता राख्नु हुन्छ । इस्लामको दृष्ट्रिकोण अनुसार महिलासँग हुने मह्रम पुरुष तिनका सम्पूर्ण आवश्यकताहरूलाई पुर्ती गर्ने जिम्मेवार छ, ताकि महिलालाई कुनै गैर मह्रम व्यक्तिमाथि आशा नहुओस् । अः मह्रम मानिस वास्तवमा एउटा सेवक र दास जस्तो हो जो महिलालाई सेवा गर्छ र कुकर्मी मानिसको कुनै आक्रमणबाट म तिनलाई सुरक्षामा राख्छ । त यहाँ

प्रश्न छ कि महिलासँग महरमको हुनेमा के आपत्ति वा तिनलाई के अपमान छ ? बरू यो त महिलाको उच्च आदर र प्रतिष्ठाको प्रमाण हो, महरमको हुनाले महिलालाई त यात्रमा शान्ति, संतुष्टि र आरामै आराम प्राप्त हुन्छ ।

## *महिलालाई कुटनुः-*

कुर्आनमा अल्लाह तआलाले भन्नुभयोः

[وَاللاَّتِي تَخَافُونَ نُشُوزَهُنَّ فَعِظُوهُنَّ وَاهْجُرُوهُنَّ فِي الْمَضَاجِعِ وَاضْرِبُوهُنَّ فَإِنْ أَطَعْنَكُمْ فَلاَ تَبْغُواْ عَلَيْهِنَّ سَبِيلاً إِنَّ اللهَ كَانَ عَلِيّاً كَبِيراً] النساء٤٥

((र जुन स्वास्नीहरूबाट तिमीलाई अवज्ञाको भय हुन्छ भने तिनीलाई सम्झाउनु होस्,र ओछ्यानमा तिनीबाट अलग रहनु होस् र तिनीलाई कुटनु होस्, अतः जब तिम्रो आदेशलाई तिनीहरू मान्नथालुन् भने अकारण तिनीमाथि हात उठाउने बहाना तलाश नगर, निसंदेह अल्लाह महान र सर्वोच्च छ)) । (अन्निसा, श्लोकः ३४) (यस श्लोकको यो तात्पर्य छैन कि तीनौं कुरा एकै साथ गरि हालियोस्, बरू उदेश्य यो हो कि अवज्ञाको स्तिथिमा यि तीनौं उपायहरूलाई अपनाउनु सक्छ) । **(अन्निसा, श्लोकः३४)**

इस्लाम धर्मले महिलालाई कुटनुबाट सख्तीसाथ मनाही गरेको छ र त्यो यसले कि ति दुर्वल तथा आफ्नो रक्षाको पनि शक्ति राख्दैन । नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

(( لا يجلد أحدكم امرأته جلد العبد ثم يجامعها آخر اليوم)) صحيح البخاري.

((तिमीहरूमध्ये कोही मानिस आफ्नी स्वास्नीलाई कमारो जस्तो सोंटाबाट नहानोस् र यो कति नराम्रो कुरा छ कि स्वासनीलाई कुटेर फेरि त्योसँग सहवास पनि गर्न चाहन्छ)) । **(सही बुखारी)**

यस मनाहीको बावजूद अति आवश्यकताको बेला विषेश स्तिथिमा अर्थात जब पत्नी बिना उचित कारणले आफ्नो पतीको कुरालाई मान्दैन वा उसको अवज्ञा गर्दछिन् भने सुधारको लागि बचाएर त्यसलाई कुटनु पर्छ। हजरत उम्मे कुल्सूम बिन्ते अबू बक्र रज़िअल्लाहु अन्हुमाबाट रिवायत छ कि पुरुषहरू स्वास्नीहरूलाई कुटनुबाट मनाहीको आदशे पाए अतः केही दिनपछि पुरुषहरूले नबी सल्लल्लाहु अलैहे वसल्लमको सामुख्ख स्वास्नीहरूको उडन्डता बारेमा उजुर गरे अतः उहाँले पुरुषहरूलाई यस बारेमा छूट दिनु भयो। जब बिहान भयो भने नबी सल्लल्लाहु अलैहे वसल्लमले भ न्नुभयोः कि आज रात मेरी श्रीमतिहरूलाई सत्तरी वटा महिलाहरूले सिकायत गर्नु भइन् कि तिनीहरूका पतीहरूले तिनीहरूलाई कुटनु भएका छन्। यसपछि उहाँले पुरुषहरूलाई यो निर्देश दिनुभए :

(( ولن يضرب خياركم)) المستدرك على الصحيحين.

((कि तिमीहरूमध्यै उच्च व्यवहा वाला मानिस आफ्नी सवस्नीलाई कुटने छैन))। **(मुस्तद्रक)**

उपरोक्त श्लोकमा अल्लाह तआले पत्नीको सुधारको तरीका बताएको छ, र चाहिँ केही बेला त्यो उचार तीतो लाग्छ तर मानिस उसलाई एउटा विवशेष उद्देश्यको कारण अपनाउनु हुन्छ **र यो तीन श्रेणीमा पूर्ण हुन्छ जो निम्नखित छन्:**

***पहिलो श्रेणीः-*** सम्झाउन बुझाउन र अल्लाहको यातना र उनको पकड़बाट स्वास्नीलाई भय दिलाउनु, र पतिको पत्नीमाथि कति अधिकार छ तथा पतिको कुरालाई मान्नुमा कति पुण्य छ मिठो शब्द र सजिलो कुराबाट पत्नीलाई नसीहत गर्नु।

यदि यो उपचारबाट केही लाभ भएन भने दोस्रो उपचार अपनाउनु पर्छ  जो तल श्रेणीमा उल्लेख छ :

***दोस्रो श्रेणीः-*** सुत्ने बेला ओछ्यानमा स्वास्नीबाट अलग रहनु, अर्थात त्योसँग संभोग नगर्नु, र त्यो यस प्रकार कि ओछ्यानमाथि आफ्नो पिठ्युँलाई स्वासनीबाट घुमाइ लिनु र त्योसँग कुरा पनि नगर्नु,  र यस श्रेणीमा सख्ती र नर्मीलाई अपनाउनु पर्छ ।

यदि यो बिना उपाचारबाट बिना सुधाँर भएन भने तेस्रो तरीकालाई अपनाउनु पर्छ जो तलको श्रेणीमा उल्लेख छ ।

***तेस्रो श्रेणीः*** यस श्रेणीमा स्वास्नीलाई कुटनु पर्छ अर्थात अति बचाएर यस्तो कुटनु कि उसको हाड नटुटोस् र त्यसको शरीरमा केही चिन्ह परोस् र त्यसको अनुहारमाथि थप्पड़ नहानोस् कि त्यसको कुटने उद्देश्य उसको सुधार होस न कि बिगार र उसलाई दुःख पुऱ्याउनु, र त्यसलाई यो जानकारी दिलाउनु कि कि तिम्रो बानी बिग्रेको छ र तिम्रो कार्य प्रिय छैन । जस्तो कि हदीसमा छ कि एक व्यक्तिले नबी सल्लल्लाहु अलैहे वसल्लमबाट सोध्नु भयो कि पत्नीको हक पतिमाथि के छ?

قال(( يطعمها إذا طعم ويكسوها إذا اكتسى ثم لا يضرب الوجه ولا يقبح ولا يهجر إلا في البيت)) صحيح ابن حبان.

अतः उहाँले उत्तर दिनुभयो : ((जब पति खाना खाओस् भने आफ्नी पत्नीलाई पनि खुआओस्, र जब उ लुगाँ पहिरोस् भने पत्नीलाई पनि पहिराओस्, र उसको अनुहारमाथि नहानोस् र न उसलाई गालीगोप्ता गरोस् र न उसलाई आफ्नो घरबाट बारि छोड़ोस्))। **(सही इब्ने हिब्बान)**

र यो कुटाईको सीमा पनि निश्चित गरिएको छ कि यसबाट पत्नीमाथि अत्यचार, कष्ट र अपमान  गर्नु उद्देश्य कहिल्यै पनि

नहुओस् । हजरत इब्ने अब्बसा रज़िअल्लाहु अन्हुमा भन्छन्: पत्नीलाई दतिउन आदि जस्तो वस्तुबाट कुटनु प्रयाप्त छ । **(महिलाको अधिकार इस्लाम धर्ममा, लेखक मुहम्मद रशीद रिज़ा)**

किन्तु कष्टदायक कुटाइ गर्नुबाट इस्लाम धर्मले मनाही मनाही गरेको छ, जस्तो कि नबी सल्लल्लाहु अलैहे वसल्लमले भन्नुभयोः

((اتقوا الله في النساء فإنكم أخذتموهن بأمان الله واستحللتم فوجهن بكلمة الله ولكم عليهن أن لا بوطئن فرشكم أحدا تكرهونه فإن فعلن ذلك فاضربوهن ضربا غير مبرح ولهن عليكم رزقهن و كسوتهن بالمعروف...)) صحيح ابن خزيمة.

((तिमीहरू महिलाको बारेमा अल्लाहबाट भय गरौ, किनकि तिमीहरूले अल्लाहको शरणको नामले तिनीहरूलाई लिएका छन् र अल्लाहको कुराबाट तिनीहरूका गुप्तांगहरूलाई वैध गरेका छन् । अतः तिनीहरूमाथि तिम्रो हक बन्छ कि तिम्रो ओछ्यानमाथि त्यो मानिसलाई नबसाउँ जसलाई तिमी चाहदैनौ र यदि त्यो यस्तो गर्दछिन् भने तिनीलाई बिना कष्ट र क्लेश पुर्‍याएर कुटौ, र तिनीहरूका खानपान तथा लत्ताकपडा व्यवहारिक तरीकाले दिनुहोस्)) । **(सही इब्ने खुज़ैमा)**

***र यो श्रेणी(कुटनु) दुइ प्रकारकी महिलासँग लाभदायक छ जस्तो कि Sycologyc विद्वानहरूले भनेका छन्:***

***१- नाइके व्यवहार महिलाहरू:-***

यस प्रकारकी महिलाहरू आफना पतीहरूलाई आफनो मुट्ठी र तहतमा राखि उनमाथि आफनो मर्जीको कुरा चलाउन चाहन्छन् ।

***२- पतिलाई प्रमेश्वर मानिने महिलाहरू:-***

यस प्रकार की महिलाहरू आफुमाथि कुटपीट तथा सख्ती हुने चाहन्छन् । युरोपीय विद्वान G-A- Hodfild भन्दछन्: मानिसमा

नम्रताको पदार्थ कहिलेकहाँ मजबूत भैजान्छ, अतः यस प्रकारको मानिस कसैको मातहतमा नै बस्न चाहन्छ, र यस कारण कष्टलाई पनि खुशी खुशी सहन गर्दैहुन्छ । यो पदार्थ महिलाहरूमा धेरै पाइन्छ चाहिँ तिनीहरूलाई यसको अनुभव हुँदैन । यसो हुनाले महिलाहरू पुरुषहरू भन्दा ज्यादै कष्ट र पिडा सह्ने शक्ति राख्नेमा प्रसिद्ध भएका छिन् । र यस प्रकारकी स्वास्नीलाई त्यो लोग्ने नै अति प्रिय हुन्छ जोतिलाई कुटपिट गर्दछ र तिमाथि सात्कि गर्नुहुन्छ । र केही स्वास्नीहरू त त्यो बेला दुःखित भैजान्छिन् जब तिनको पती  सदैव कोमल हृदयका होस् र कुनै पनि बेला उसलाई क्रोध नआयोस् ।

निसंदेह स्वास्नीलाई शिष्टाचा र आदर सिकाउनुको लागि कुटनु अन्तिमा दर्जामा आएको छ इस्लामले यसको अनुमति त्यो बेलामा नै दिएको छ जब सम्झाउन ु बुझाउनु र कुराकानीबाट केही लाभ हुँदैन र पति ति सबै तरीकालाई अपनाएर पत्नीको सुधारबाट निराश भैजान्छ भने  त्यो बेला उ आफ्नी पत्नीलाई कुटनु हुन्छ । यसै प्रकार ति महिलालाई कुटनु उचित मानिएको छैन जो आफ्नो पतिबाट तलाक़ नै चाहन्छिन् । यसै प्रकार उक्त तरीकाहरू अपनाउन बेला अनिवार्य छ कि  यो समस्या पति र पत्नी बिच नै सिमित होस् बच्चाहरू र परिवारका सदस्यहरूलाई जानकारी नहोस् । र शिष्टाचार तथा आदर सिकाउनका साधनहरूमध्ये कुटनुलाई एउटा साधन मानिएको छ । यसोहुनाले त बुबा आफ्नो केटालाई र गुरु आफ्नो शिशुलाई कुट छ । पुनः अल्लाह तआलाले उक्त श्लोकमा स्पष्ट पारेको छ कि पत्नीमाथि पती ति कुरहारूलाई त्योबेला छोडी देऊ जब पत्नी आफ्नो पतिको आज्ञापालन गर्नथालुन् । अल्लाह तआलाले भन्नु भयोः

[ فَإِنْ أَطَعْنَكُمْ فَلاَ تَبْغُواْ عَلَيْهِنَّ سَبِيلاً إِنَّ اللّهَ كَانَ عَلِيّاً كَبِيراً] النساء٤٥

((अतः जब तिनीहरू तिम्रो आदेशलाई मान्नथाले भने तिनीमाथि हात उठाँउने बहाना खोजि नगर, निसंदे अल्लाह महान र सर्वोच्च छ)) | (अन्निसा, शेलक:३४) यसबाट थाहा हुन्छ कि महिलाको सुधारको लागि जो उपचार र तरीकालाई प्रयो गरिन्छ यसको उदेश्य मात्र शिष्टाचारको त्यो शिक्षा नै हुन्छ जसबाट इस्लामले चाहेको छ कि दुइ वंशको बीच विवाद उत्पत्ति हुने र बच्चाहरूलाई बर्बाद हुनेबाट बचाइजायोस् जो अन्तिममा तलाक र सम्बन्ध बिच्छेद हुनबाट हुन्छ |

र यहाँ अति वेश नै हुने छ कि ब्रिटिशमा ति घटनाहरूलाई उल्लेख गरिदेउँ कि लोग्ने मानिसहरूले आफ्नी स्वास्नीहरूलाई भयंकर रूपमा कुटाइ गरेका थिए जस्तो कि ईस्वी संबत १९९० देखि १९९२ सम्म ६४00 देखि ३0000सम्म स्वास्नीहरू कुटपटिको घटनाले ग्रस्त भएका थिइन् र यो संख्या बढेर ईस्वी संबत १९९५मा६५४00 सम्म पुग्यो र अहिले अनुमान भैरहेको छ् कि यो संख्या बढेर वीसवी शताबदी ईस्वी सम्पन्न हुनेसम्म १२४४00 स्वास्नीहरू कुटपिटको घटनाबाट प्रभावित हुने छिन्!!

उक्त घटनाको त्यो संख्या मात्र ब्रिटिशमा पुलीस रिपोर्ट अनुसार आएको छ। यसको आधारमा अनुमान लगाउन सकिन्छ कि पत्नीलाई कुटने घटनाको संख्या प्रत्येक दिन कति हुने छ जासको बारेमा न पुलीस लाई जानकारी छ? र यसै प्रकार विश्व लेवलमा कति महिला आफ्नो पत्नीहरूबाट निदर्द रूपमा पिटाई खाईरहेकी छिन ? *(अल् उसरा मासिक पत्रिका कुवैत, जादिल् अव्वल १४१६हिजरी )*।

## *अन्तिम शब्द*

निसंदेह इस्लाम धर्म अल्लाहको त्यो सदैव रहने वाला संदेश हो जसलाई महुम्मद सल्लल्लाहु अलैहे वसल्लम द्वारा संपूर्ण मानवजातिको लागि पठाएको छ । र यो ईश्वरीय संदेशले आरंभैदेखि घोषणा गरेको छ कि मानवजाति अल्लाहका अन्य प्रणीहरूमध्ये सबैभन्दा प्रतिष्ठित र सम्मानीय छ । कुर्आनमा अल्लाह तआलाले भन्नुभयो :

[وَلَقَدْ كَرَّمْنَا بَنِي آدَمَ وَحَمَلْنَاهُمْ فِي الْبَرِّ وَالْبَحْرِ وَرَزَقْنَاهُم مِّنَ الطَّيِّبَاتِ وَفَضَّلْنَاهُمْ عَلَى كَثِيرٍ مِّمَّنْ خَلَقْنَا تَفْضِيلاً] الإسراء٨١

((हामीले मानवजातिलाई श्रेष्ठता दिएका छौं र तिनीहरूलाई भूमी र समुद्रमा सवारीहरू प्रदान गर्‍यौं र तिनीहरूलाई पवित्र वस्तुहरूबाट आजिविका दिने भयौं र आफ्ना धेरैजसो प्रणाीहरूमाथि स्पष्ट श्रेष्ठता दिएका छौं)) । (अल् इस्रा, श्लोकः७०)

मानवजातिको स्थान बताएपछि यो पनि घोषणा गरेको छ कि मानवजाति वास्तवमा एउटै कुटुंब छन्, जस्तो कि अल्लाह तआलाको भनाइ छः

[يَا أَيُّهَا النَّاسُ اتَّقُواْ رَبَّكُمُ الَّذِي خَلَقَكُم مِّن نَّفْسٍ وَاحِدَةٍ]النساء٢

((हे मानिसहरू तिमीहरू आफ्नो त्यो पालनकर्ताबाट भय गरौ जसले तिमीहरूलाई ऐउटै पुरुष (आदम) बाट पैदा गर्नु भएका छन्)) । (अन्निसा, श्लोकः १)

अतः यस प्रकाशमा सम्पूर्ण मानिस आफ्नो अन्य मानिस भलाईको लागि मानव हुनेमा समान छन् । सबैको लागि कुरा गर्ने र आफ्नो विचार प्रकट गर्ने अधिकार दिनु पर्छ र सबैलाई बिना केही विभाज यस संसारमा अल्लाहले जेजति नेमत उपहारहरू अवतरित गरेको छतिबाट लाभ उठाउनु पूर्ण स्वतन्त्रता प्राप्त छ । चाहिँ मानिसहरूमा केही संसारिक श्रेणी र दर्जा पाइन्छ किन्तु त्यो वंश, रंग जातिको आधारमा कदापि हुने पर्दैन । यसै प्रकार यदि तिनीहरूमा आर्थिक ऊँच निच पाइन्छ तर त्यो वंश र जातिको आधारमा हुँदैन, किनभने अल्लाहकहाँ वर्ग, रंग र जातिको आधारमा कसैलालाई श्रेष्ठता प्राप्त छैन । अतः सबै मानिस पुरुष महिला धनी निर्धन ठूलो सानो उच्च तथा निच्च तह तिनी सबै

अल्लाहको निकट समान छन् । किन्तु तिनीहरूमा विभाज अल्लाहको नियम र उसको मार्गमा हिँडनेको आधारमा छ । अल्लाह तआला सम्पूर्ण मानवजातिलाई सम्बोधित गर्दै भन्दछन्:

[يَا أَيُّهَا النَّاسُ إِنَّا خَلَقْنَاكُم مِّن ذَكَرٍ وَأُنثَى وَجَعَلْنَاكُمْ شُعُوباً وَقَبَائِلَ لِتَعَارَفُوا إِنَّ أَكْرَمَكُمْ عِندَ اللَّهِ أَتْقَاكُمْ] الحجرات١٣

((हे मानिसहरू! हामीले तिमीहरूलाई एक पुरुष र एक महिलाबाट जन्म दिएका छौं र फेरि तिमीहरूलाई वंश र जातिहरूमा बाँडिदिऔं ताकि तिमीहरू एक अर्कोलाई पहिचान गरौ । वास्तवमा अल्लाहको दृष्टिमा तिमीहरूमध्ये त्यो मानिस प्रतिष्ठित छ जो तिमीहरूमध्ये अधिकाधिक अललाहबाट भय गर्दछ)) । **(अल् हुजुरात, श्लोकः१३)**

इस्लामी शिक्षाहरू मानिसलाई उसको अरू मानिस भाईसँगै मानव अधिकारमा बराबर सम्झेका छन्,र महिला वर्गलाई आवश्यकताको मध्येनजर केही विशेष ठाँउको विपरित पुरुष जस्तै प्रत्येक चिजमा समान रूपमा अधिकार दिएका छन् । कुर्आनमा अल्लाह तआलाको भनाइ छः

[وَالْمُؤْمِنُونَ وَالْمُؤْمِنَاتُ بَعْضُهُمْ أَوْلِيَاء بَعْضٍ] التوبة٧١

((अल्लाहमाथि ईमान राख्नेवाला पुरुषहरू र महिलाहरू आफन्तमा एक अर्काको मित्र र सहयोगी छन्)) **(अत्तौबा, श्लोकः७१)** र र अललाहको यो पनि भनाइ छः

[فَاسْتَجَابَ لَهُمْ رَبُّهُمْ أَنِّي لاَ أُضِيعُ عَمَلَ عَامِلٍ مِّنكُم مِّن ذَكَرٍ أَوْ أُنثَى] آل عمران١٩٥

((प्रतिउत्तरमा उनको प्रभुले भन्यो, म तिमीहरूमध्ये चाहे पुरुष होस् वा महिला कसैको कर्मलाई अकारथ गर्ने छैनौं)) । **(आले लमरान, श्लोकः१९५)**

***उक्त कुराहरूको आधारमा म आफ्ना केही हार्दिक कुराहरू राख्न चाहन्छुः-***

✷ म पुरै साँचो विश्वास र चुनौतीसँग यो कुरा भन्नसक्छु विश्वमा महिला इस्लाम धर्मको छेउ बाहिर आफ्नो अंश, अधिाकार र पूर्ण प्राकृतिक स्वतन्त्रता कहिँ पनि पउन सक्दैन किनभने इस्लाम आकाशीय धर्म हो मानवजाति पुरुष र महिलाको रचनाकर्ताले तिनीहरूको संसारिक र प्रलोकिक लाभहरू यसै धर्मको सिद्धान्तमा नै राखेको छ ।

✷ यो उचित छैन कि हामी केही मुसलमानहरूका कुराकानी र कामहरूलाई हेरे र इस्लाम धर्मलाई दोषी ठहिराऔं किनकि आज धेरै जसो मानिसहरू आफुलाई इस्लाम धर्मको लिस्टमा मात्र नाम लेखाँएका छन् जबकि तिनीहरूका केही पनि कार्य इस्लाम धर्मको आधारमा हुँदैन । मात्र अश्हदु अंल्लाइलाह इल्लल्लाहु व अश्हदु अन्न मुहम्मदर् रसूलुल्लाह भनिएको नाम इस्लाम छैन, बरू त्यो एक साँचो र ठोस् आस्था र कुरआन तथा हदीसको आधारमा कर्म गर्नेको नाम हो । आज धेरै जसो मानिसहरू आफुलाई मुसल्मान भ नेर झूठो कुरा गर्दछन, धोखाबाजी र कुकर्महरू गर्दछन्, यसको अर्थ छैन कि इस्लाम धर्मले यस्तो गर्ने आदेश दिएको छ वा यस्तो कार्यलाई स्वीकार गरेको छ!!! इस्लामको सीमा धेरै ठूलो लामो छ जस भित्र धेरै मुसल्मानहरू इस्लामका नियम र उसका शिक्षाहरूको बमोजिम कार्य कार्य गर्दै मानवको ठूलो श्रेणीमा पुगेका छन् र केही मुसल्मानहरू अप्राध तथा कुकर्म पनि गर्दछन् जसको दण्ड संसार वा प्रलोकमा पाउने छन् तर उ इस्लामको सीमाबाट बाहिर हुँदैन र उसै प्राकरको मानिसलाई इस्लामको दृष्किोणमा पापी, अप्राधी र कुकर्मी भनिन्छ ।

✷ म प्रत्येक गैर मुस्लिम मानिसलाई यो निमण्त्रण दिन चाहन्छु कि त्यो आफ्नो साँचो हृदय र चिसो अनि स्वतन्त्र मस्तिष्कबाट इस्लामको बारेमा पुस्तकहरूलाई अध्यनगरोस् ताकि उसलाई इस्लामी नियम र उसको सिधान्त सम्बन्ध विशेष जाकारी प्राप्त हुनसकोस् किनभने इस्लाम ईश्वरीय धर्म हो अतः जसले स्वतन्त्रपूर्वक हृदय र दिमागबाट इस्लामको अध्यन गऱ्यो भने मलाई ठोस् विश्वास छ कि अल्लाह तआला उसको दृष्टिलाई हिदायतको प्रकाशबाट उज्यालो गरि दिनेछ र उबाट भलाई चाहेमा अल्लाह तआला उसलाई इस्लामको मार्गमा हिँडाइने छ ।

इस्लामको तर्फबाट रक्षा गर्दै इटालीयन गैर मुस्लिम गवेषणी ***L· veccia Vaglieri*** भन्दछिन्: दुःशीलतको प्रभावबाट बच्नको उदेश्यले मुस्लिम नारीमाथि अनिवर्य हुन्छ कि ति आफ्नो पूरै शरीरलाई जसलाई छोपाउनु अनिवार्य मानिएको छ उसलाई बुर्काबाट छोपाउन् । र यसमा नारीको केही अपमान वा उसको पतिष्ठामा कुनै कमी गर्ने कारणले छैन बरू तिनीलाई कुकर्मी मानिसहरूको दृष्टिबाट बचाउनको उद्देश्यले गरिएको छ । र योही तरीकाले नारीलाई पुरुषबाट बचाउन सम्भव भयो र समाजमा स्वभावको वेश शिक्षा पनि मिल्यो । योही कारण छ कि ति ठाउँहरूको छोडि जहाँ विदेशीहरूको बल व शासन थियो कि पुर्वी देशहरूमा रन्डीहरूको तस्करी असफल भयो । र जब यदि कोही मानिस यस्ता कमाईहरूको मुल्यलाई असवीकार गर्नसक्दैन भने हामीलाई स्वीकार गर्नु पर्छ कि मुस्लिम समुदायमा पर्दाको जो नियम छ उसको लाभ र महत्वलाई हामीहरू कहिल्यै पनि नकार्न सक्दैनौं ।

وآخر دعوانا أن الحمد لله رب العالمين

***Abdulkarim Al-Sheha. -King Dom of Sdadu Arabia- Riyadh /11535. Po.Box No.59565***
***Email: alsheha@yahoo.com***

अनुवादक
अब्दुर रहीम अल सेराजी